# वार्षिक प्रतिवेदन

## २०७४/२०७५





नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन तथा भू-संरक्षण विभाग**

बबरमहल, काठमाडौं

फोन नं. ९७७-१-४२२०३०३, ९७७-१-४२२१२३१, ९७७-१-४२१६३७९

९७७-१-४२२०८५७, ९७७-१-४२२०८२८

फ्याक्स: ९७७-१-४२२७३७४

प्रकाशक : वन तथा भू संरक्षण विभाग
बबरमहल, काठमाडौं

प्रतिलिपी अधिकार : वन तथा भू संरक्षण विभाग
बबरमहल, काठमाडौं

प्रकाशन आ. व. : २०७५/०७६



# दुई शब्द

नेपालका महत्वपूर्ण प्राकृतिक स्रोत, वन देशको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेका कृषि, पर्यटन, उद्योग आदिका आधारस्तम्भ हुन । नेपालको दिगो विकासमा वन क्षेत्रको योगदान महत्वपूर्ण रहिआएको छ ।

वन तथा भू संरक्षण विभाग देशका पुराना विभागहरु मध्येको एक महत्वपूर्ण विभाग हो । विभाग र मातहतका कार्यालयहरुले सम्पादन गरेका गतिविधिको बारेमा पुस्तिका मार्फत सार्वजनिक गर्ने कार्यको श्रृङ्खला आ.व. २०४९/५० बाट शुरु भएको हो । आ.व. २०४९/५० मा "वन विभाग-एक परिचय", २०५०/५१ देखि २०५४/५५ सम्म "वन विभाग-वार्षिक प्रतिवेदन" र २०५५/५६ देखि हालसम्म "हाम्रो वन" नामक पुस्तिका मार्फत वार्षिक प्रतिवेदन प्रकाशित हुँदै आएको छ । साविक वन विभाग र भू तथा जलाधार संरक्षण विभाग एकिकृत भई बनेको वन तथा भू संरक्षण विभागको वार्षिक प्रगतिका साथै प्राप्त उपलब्धिहरु एवं समस्याहरुको विष्लेषण गरिनुका साथै वन तथा भू संरक्षण सम्बन्धी समसामयिक सवालहरु समेत समावेश गरी यो वार्षिक प्रतिवेदन गरिएको छ ।

प्रस्तुत पुस्तिकामा २०७४ चैत्र १३ देखि १५ सम्म जनकपुरमा सम्पन्न भएको "साझेदारी वनका दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठी"को बारेमा संक्षिप्त जानकारी दिइएको छ । साथै वन नीति, २०७५ र यसमा व्यवस्था भएका नीतिहरु समेत समावेश गरिएको छ ।

आ.व. २०७४।७५ को वार्षिक प्रतिवेदनमा पाठक वर्गहरुलाई यस विभागको उद्देश्य, कार्यनीति, सङ्गठनात्मक संरचनाका साथै यस विभागद्वारा सम्पादन गरिएका कार्यक्रम तथा प्रयासहरु बारे जानकारी दिने जमर्को गरिएको छ । यस प्रतिवेदन सम्बन्धीत सबै सरोकारवालाहरुका लागि उपयोगी नै हुनेछ भन्ने अपेक्षा राख्नुका साथै यसको अध्ययाबाट वन तथा भू संरक्षणका कार्यको महत्वबारे इच्छुक पाठक वर्गहरुमा चेतनाको अभिवृद्धि भई संरक्षण तथा व्यवस्थापन कार्यमा टेवा पुग्ने समेत अपेक्षा राखेका छौं । साथै प्रकाशित विषयवस्तु बारेमा बिज्ञ पाठकबर्गबाट प्राप्त अमूल्य सुझावलाई मार्गदर्शनका रुपमा लिई आगामी प्रकाशनमा प्रकाशन गरिनेछ ।

अन्त्यमा यस पुस्तिका प्रकाशनमा सुझाव एवं सल्लाह प्रदान गर्नु हुने उप-महानिर्देशक डा. राजेन्द्र के.सी. तथा भू उपयोग विकास तथा विपद् न्यूनीकरण शाखाका प्रमुख श्री श्यामसुन्दर श्रेष्ठ प्रति आभारी छु । आवश्यक सामग्री संकलन, व्यवस्थापन र प्रकाशन गर्न अहम् भूमिका निर्वाह गर्नुहुने सहायक भू संरक्षण अधिकृत श्री सृष्टि पुडासैनीका साथै आवश्यक तथ्याङ्क उपलब्ध गराउन सहयोग गर्नुहुने साविक अनुगमन तथा मूल्यांकन शाखाका सहायक अनुगमन अधिकृत श्री महेश ढुङ्गाना, अधिकृतहरु श्री उत्तम श्रेष्ठ, श्री स्मृती रेग्मी लगायत प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नु हुने सम्बन्धीत सबै जनालाई धन्यवाद दिन चाहन्छु ।

डा. रामप्रसाद लम्साल
महानिर्देशक
वन तथा भू संरक्षण विभाग

# सारांश

सबै प्रकारका वन स्रोत तथा जलाधारको दिगो व्यवस्थापनबाट पारिस्थितिकीय सेवालाई सन्तुलित र व्यवस्थित गर्दै वन स्रोतको उत्पादकत्वमा वृद्धि ल्याई लाभको न्योयोचित वितरण मार्फत वनपैदावारको आवश्यकताको परिपूर्ति र वनजन्य उद्यमको प्रवर्द्धन गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने र यी स्रोतहरुको दीगो एवम् एकीकृत व्यवस्थापन गर्दै वन, जमिन, माटो र पानीको संरक्षण गरी जनताको जिविकोपार्जनमा प्रत्यक्ष टेवा पुऱ्याउने वन तथा भू संरक्षण विभागको संस्थागत उद्देश्य (Organizational Objective) रहेको छ । विभागको सोही उद्देश्य परिपूर्तिका लागि विभागले नीति, रणनीति, योजना र बार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ ।

दीगो विकास लक्ष्यलाई आत्मात गर्दै विभागले दिगो वन तथा जलाधार व्यवस्थापनका लागि सङ्गठनात्मक, नीतिगत, रणनीतिक, कार्यक्रमगत र व्यवस्थापकीय सुधारको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिरहेको अवस्था छ । प्रस्तुत प्रतिवेदनले उल्लेखित आ.व.को कार्यक्रमको भौतिक र वित्तिय प्रगतिका साथै रणनीतिक सुधारको कार्ययोजनाको प्रगति समेत समीक्षा गरी सार्वजनिक गर्ने जमर्को गरेको छ ।

विभागको समष्टिगत रुपमा आ.व. २०७४/७५ मा सञ्चालन भएका कार्यक्रमको प्रगति अवस्था हेर्दा साविक वन विभागको ८३.०७ भौतिक प्रगति तथा ७८.५९ वित्तिय प्रगति र साविक भू तथा जलाधार संरक्षण विभागको ८५.८४ भौतिक प्रगति तथा ७६.६१ वित्तिय प्रगति रहेकोले वन तथा भू संरक्षण विभागको कार्य प्रगति सन्तोषजनक रहेको देखिन्छ ।

वि.सं. २०७२ को नेपालको संविधानले नेपाललाई संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरे पश्चात् राष्ट्रको सांगठनिक संरचना पनि सोहि अनुरुप परिवर्तन गरी वन तथा भू संरक्षण विभागको सेवालाई अझ प्रभावकारी, सुदृढ एवं जनमुखी तथा जनउत्तरदायी बनाउन विभागको सङ्गठनात्मक सुधार गरी विस्तार गरिएको छ । हाल ७७ जिल्लामा ८४ वटा डिभिजन वन कार्यालय रहेका छन् भने जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा अन्तरगत १ वटा संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र (कुलेखानी) र वृहत जलाधार व्यवस्थापन कार्यालय ४ वटा (कोशी, गण्डकी, कर्णाली, महाकाली) र भू तथा जलाधार व्यवस्थापन कार्यालय १४ वटा र १ वटा वन वीउ प्रयोगशाला तथा भण्डारण केन्द्र रहेका छन् । वन तथा भू संरक्षण विभाग रा. प. प्रथम श्रेणीको महानिर्देशकको नेतृत्वमा तीन जना उप-महानिर्देशकहरू रहने गरी विभिन्न तीन वटा महाशाखा र सो अन्तर्गत १५ वटा शाखा सहितको सांगठनिक स्वरुपको रहेको छ । यसै गरी महानिर्देशक अन्तर्गत ४ वटा शाखा तथा सशस्त्र वन सुरक्षा तालिम केन्द्र चितवन टिकौली प्रत्यक्ष रुपमा रहेका छन् ।

नीतिगत सुधारका सन्दर्भमा स्वीकृत वन नीति, २०७५ मा समेत वन तथा जलाधार संरक्षणको विषयलाई उच्च प्राथमिकता दिई वन, जलाधार संरक्षण एवम् व्यवस्थापन सम्वन्धी नीतिगत तथा कार्यगत रणनीतिहरु समावेश गरिएकोले राष्ट्रियस्तरमा विभागले वन तथा भू संरक्षणको महत्वलाई अझ उजागर गर्न सफल भएको छ । उल्लेखित नीतिलाई कार्यान्वयन गर्ने सम्बन्धमा विभागले क्षेत्रगत नीति र रणनैतिक कार्य योजना तयार पारेको छ । यी नीति र रणनीतिहरुको कार्यान्वयनबाट वन तथा जलाधार व्यवस्थापनमा स्पष्ट मार्गदर्शन हुनगई विभागको सेवा प्रवाह प्रभावकारीतामा अझ बृद्धि हुन जानेछ ।

# विषय-सूचि

| | विवरण | पेज नं. |
|---|---|---|

## परिच्छेद १. वन तथा भू संरक्षण विभागको परिचय

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | वन तथा भू संरक्षण विभागको संगठन संरचना | २ |
| १.३ | वन तथा भू संरक्षण विभागको दूरदृष्टि, उद्देश्य तथा दीर्घकालिन रणनीतिक योजनाहरु | ३ |
| १.४ | वन तथा भू संरक्षण विभागको काम, कर्तव्य र अधिकार | |
| १.५ | वन तथा भू संरक्षण विभागका महाशाखा तथा शाखाहरुको कार्य विभाजन | ६ |
| १.६ | वन तथा भू संरक्षण विभागका विभागका कार्यक्रमहरु | १२ |
| १.७ | वन तथा भू संरक्षण विभागको कार्यक्रम कार्यान्वयन नीति | १६ |
| १.८ | राष्ट्रिय नीतिहरुमा वन तथा भू संरक्षणको सन्दर्भ | १८ |
| १.९ | वन तथा भू संरक्षण विभागको दरवन्दी विवरण | २१ |

## परिच्छेद २. वन तथा भू संरक्षण विभागका कार्यक्रमहरु

| | | |
|---|---|---|
| २.१ | साविक वन विभाग र विभाग अन्तरर्गतका कार्यालयहरुबाट आ.व. २०७४।७५ मा सञ्चालित कार्यक्रमहरुको परिचय | २३ |
| २.२ | साविक भू तथा जलाधार संरक्षण विभाग अन्तरर्गतका कार्यालयहरुबाट आ.व. २०७४।७५ मा सञ्चालित कार्यक्रमहरु | २४ |

## परिच्छेद ३. वन तथा भू संरक्षण विभागको वार्षिक प्रगति

| | |
|---|---|
| बार्षिक भौतिक तथा वित्तिय प्रगति | २९ |

## परिच्छेद ४. वार्षिक प्रगतिको समीक्षा

| | | |
|---|---|---|
| ४.१ | आ.व. २०७४।०७५ को भौतिक प्रगति | ३३ |
| ४.२ | आ.व. २०७४।७५ को भौतिक तथा वित्तिय प्रगति | ३८ |
| ४.३ | विभाग तथा अन्तर्गतका कार्यालयहरुवाट हालसम्म सम्पन्न गरिएका मुख्य मुख्य कार्यहरु | ३९ |
| ४.४ | विभागले सुधारका लागि गरेका कार्यहरु | ४५ |
| ४.५ | वेरुजुको अवस्था | ४७ |
| ४.६ | भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमले ल्याएको केही प्रभावहरु | ४७ |
| ४.७ | केही समस्या तथा सवालहरु | ४८ |
| ४.८ | सम्पन्न कार्यक्रमका केही झलकहरु | ४९ |

## अनुसूचीहरु

| | | |
|---|---|---|
| अनुसूचि-१ | वन तथा भू संरक्षण विभागको संगठन स्वरुप | ६३ |

| | | |
|---|---|---|
| अनुसूचि-२ | वन तथा भू संरक्षण विभागको दरबन्दी तेरिज | ६५ |
| अनुसूची-३ | साविक भू तथा जलाधार संरक्षण विभाग र अन्तर्गतका कार्यालयहरुको आ.व. २०७४।०७५ को वार्षिक भौतिक प्रगति विवरण | ६७ |
| अनुसूची-४ | वन तथा भू संरक्षण विभाग र मातहतका कार्यालयहरुको आ.व. २०७४।०७५ सम्मको कार्यालयगत बेरुजु स्थिति | ७७ |
| अनुसूची-५ | राष्ट्रिय वन नीति, २०७५ | ७९ |
| अनुसूची-६ | साझेदारी वनको दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठि | ९१ |
| अनुसूची-७ | भू तथा जलाधार व्यवस्थापनलाई व्यवसायी, जवाफदेही र परिणाममुखी वनाउने कार्ययोजना, २०७१ | ९३ |
| अनुसूची-८ | ग्यावियनतार (Gabion Wire) वितरण तथा व्यवस्थापन मार्गदर्शन, २०७० | १०१ |
| अनुसूची-९ | विनासकारी भूकम्पले जमीन/जलाधारमा पारेको प्रभाव र यसबाट हुने पहिरो र बाढीको संभावना | १०७ |
| अनुसूची-१० | नदी उकास जग्गा उपयोग तथा दर्ता सहमति निर्देशिका, २०६५ | १०९ |
| अनुसूची-११ | आकस्मिक भू संरक्षण कार्य संचालन निर्देशिका, २०६६ | ११९ |
| अनुसूची-१२ | वन तथा भू संरक्षण विभागको नागरिक वडापत्र | १२३ |
| अनुसूची-१३ | प्राकृतिक प्रकोप व्यस्थापन कार्य सञ्चालन निर्देशिका, २०७१ | १२५ |

# १. वन तथा भू संरक्षण विभागको परिचय

## १.१ पृष्ठभूमि

### साबिक वन विभागको पृष्ठभूमि

साबिक वन विभागको स्थापना वि.सं. २००८ सालमा भएको हो । स्थापनाकालको वनको संगठन संरचनामा २ सर्कल, ११ वन डिभिजन र ४४ रेञ्ज पोष्टहरु रहेका थिए । तत्पश्चातको साढे छ दशक भन्दा वढीको समयावधिमा वन प्रशासन संचालन गर्ने कार्यालयहरुको संगठन संरचना र नाममा पटक पटक फेरवदल हुंदै आएको पाइन्छ ।

वि.सं. २०३३ सालमा राष्ट्रिय वन योजना लागू भएपछि वन विभागको संगठन संरचनामा व्यापक रुपमा परिवर्तन भयो । जस अनुसार ९ वटा सर्कल, ४० वटा वन डिभिजन र १७४ वटा रेञ्ज पोष्टहरुको स्थापना गरियो । वि.सं. २०४० सालसम्म सोही संरचना मार्फत वन प्रशासन संचालन हुंदै आएकोमा वि.सं. २०४० सालमा विकेन्द्रीकरणको मर्म र भावना अनुरुप पाँच वटा क्षेत्रीय वन निर्देशनालयहरु स्थापना गरिए । आ.व. २०४३/४४ मा देशका ७५ वटै जिल्लामा जिल्ला वन कार्यालयहरु स्थापना गरिए ।

वि.सं. २०४६ को जनआन्दोलन पश्चात् निर्दलीय पंचायती व्यवस्थाको अन्त्यसँगै प्रजातन्त्रको पुनर्वहाली भएपछि वि.सं. २०५० सालमा वन विभाग र अन्तर्गतको संगठन संरचनामा सामान्य हेरफेर गरी मुस्ताङ बाहेक ७४ जिल्लाहरूमा जिल्ला वन कार्यालय, ती कार्यालयहरु अन्तर्गत ९२ इलाका वन कार्यालय र ६९८ रेञ्ज पोष्टहरू रहने व्यवस्था गरियो ।

वि.सं. २०५० मा कायम भएको संगठन संरचना क्रियाशील रहँदै आएकोमा तत्कालीन वन तथा भू संरक्षण मन्त्रालयद्वारा गठित "वन क्षेत्रको लोकतान्त्रीकरण, सुशासन एवं दिगो विकास कार्यदल" को प्रतिवेदन, व्यवस्थापिका-संसद्को प्राकृतिक स्रोत र साधन समितिबाट वन तथा भू संरक्षण मन्त्रालयलाई विभिन्न विषयहरुमा दिइएको निर्देशन अनुसार गठित उच्चस्तरीय आयोग, २०६७ ले समेत वन संगठनमा विद्यमान समस्या तथा कमजोरीहरूको सुधारका लागि वन प्रशासनको साङ्गठनिक तथा व्यवस्थापकीय पुनर्संरचनाको आवश्यकता महसुश गरी निजामती सेवा ऐन, २०४९ (दोश्रो संशोधन) अध्यादेश, २०६९ को दफा २४ घ १ बमोजिम वढुवा भएका कर्मचारीहरुको समायोजन तथा पदस्थापन गर्ने क्रममा आ.व. २०७०/७१ बाट लागू हुने गरी वन विभाग तथा मातहतका जिल्ला वन कार्यालयहरूको संगठन संरचनामा फेरवदल गरी यो संरचना २०७०/०४/२८ मा स्वीकृत भई लागू भएको हो ।

### साविक भू संरक्षण विभागको पृष्ठभूमि

नेपालमा योजनाबद्ध जलाधार व्यवस्थापनका कार्यक्रमहरुको आवश्यकतालाई वि.सं. २०२० सालतिरबाटै महसुस गर्न थालिएको थियो । वि.स. २०२४ सालमा त्रिशुली जलाधार क्षेत्रमा पहिलो पटक जलाधार व्यवस्थापनका कार्यक्रमहरु परीक्षणको रुपमा सञ्चालन गरिएको थियो संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा वन विभाग अन्तर्गत सञ्चालित सो आयोजनाले नेपालमा भू संरक्षण र जलाधार व्यवस्थापनको लागि एउटा छुट्टै निकाय स्थापना गर्नु पर्ने आवश्यकतालाई औंल्याएको थियो जसको फलस्वरुप साबिकको भू तथा जलाधार संरक्षण विभागको स्थापना भयो ।

साविक भू तथा जलाधार संरक्षण विभागको स्थापना वि.सं. २०३१ साल श्रावण २४ गते तत्कालीन वन मन्त्रालय अन्तर्गत भएको हो । स्थापना हुँदा यस विभागको नाम भू तथा जल संरक्षण विभाग रहेको थियो । वि.सं. २०३७ सालमा एकीकृत जलाधार व्यवस्थापनको महत्वलाई झल्काउने गरी विभागको नामाकरण भू तथा जलाधार संरक्षण विभाग गरियो । भू संरक्षण कार्यलाई राष्ट्रिय महत्व दिई वि.सं. २०३८ सालमा वन मन्त्रालयको नाममा समेत परिवर्तन गरी वन तथा भू संरक्षण मन्त्रालय नामाकरण गरियो । २०४६ पछिको राजनैतिक परिवर्तन पश्चात् प्रशासन क्षेत्रमा आमूल परिवर्तन गर्ने सन्दर्भमा वि.सं. २०५० मा गरिएको संगठन सुधारमा यस विभागलाई भू संरक्षण विभाग नामाकरण गरियो । वि.सं. २०५४ सालमा पूनः विभागको नाम परिवर्तन गरी भू तथा जलाधार संरक्षण विभाग नामाकरण गरिएको थियो ।

## वर्तमान अवस्थामा वन तथा भू संरक्षण विभाग

वि.सं. २०७२ को नेपालको संविधानले नेपाललाई संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरे पश्चात् राष्ट्रको सांगठनिक संरचना पनि सोहि अनुरुप परिवर्तन हुने सिलसिलामा साविक वन तथा भू संरक्षण मन्त्रालय र जनसंख्या तथा वातावरण मन्त्रालय एककृित भई वन तथा वातावरण मन्त्रालयको सिर्जना भयो । त्यसैगरी साविक वन विभाग र भू तथा जलाधार संरक्षण विभाग मर्ज भएर हाल वन तथा वातावरण मन्त्रालय अन्तर्गत केन्द्रीय निकायको रुपमा वन तथा भू संरक्षण विभागको स्थापना भएको छ । नेपालको वन प्रशासनको ६ दशकको अवधिमा नेपाल सरकारले लिइएका नीति, कार्यक्रम र जनताको आवश्यकता र वातावरणीय अवस्थालाई सम्बोधन गर्न समयानुकूल वनको सांगठनिक संरचना र वन ब्यवस्थापन शैलिमा परिवर्तन हुँदै आएको छ ।

हाल ७७ जिल्लामा ८४ वटा डिभिजन वन कार्यालय रहेका छन् भने जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा अन्तर्गत १ वटा संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र (कुलेखानी), वृहत जलाधार व्यवस्थापन कार्यालय (४ वटा (कोशी, गण्डकी, कर्णाली, महाकाली) र भू तथा जलाधार व्यवस्थापन कार्यालय १४ वटा रहेका छन् । वन तथा भू संरक्षण विभाग रा. प. प्रथम श्रेणीको महानिर्देशकको नेतृत्वमा तीन जना उप-महानिर्देशकहरू रहने गरी विभिन्न तीन वटा महाशाखा र सो अन्तर्गत १५ वटा शाखा सहितको सांगठनिक स्वरुपको रहेको छ । यसै गरी महानिर्देशक अन्तर्गत ४ वटा शाखा तथा सशस्त्र वन सुरक्षा तालिम केन्द्र चितवन टिकौली प्रत्यक्ष रुपमा रहेका छन्।

## १.२ वन तथा भू संरक्षण विभागको संगठन संरचना

सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७५।०३।३२ मा स्वीकृत भएको संगठन संरचना अनुसार यस विभागमा ३ वटा महाशाखाहरु रहेका छन् । प्रत्येक महाशाखामा वन सेवाका रा.प. प्रथम (प्रा.) श्रेणीका उप-महानिर्देशक महाशाखा प्रमुखको रुपमा रहेका छन् । यी महाशाखाहरु अन्तर्गत विभिन्न १५ वटा शाखाहरु र महानिर्देशकको प्रत्यक्ष मातहतमा रहेका अन्य ४ वटा शाखा सहितको साङ्गठनिक स्वरुपको रहेको छ । यसरी हेर्दा विभागमा जम्मा १९ वटा शाखा रहेका छन् । यस विभागमा रहेका महाशाखा र महाशाखा अन्तर्गत रहेका शाखाहरुको विवरण देहाय वमोजिम उल्लेख गरिएको छ ।

### १.२.१ महाशाखाहरू

यस विभागमा निम्न अनुसारका महाशाखाहरू रहेका छन् ।

क) वन तथा वन्यजन्तु संरक्षण महाशाखा

ख) वन व्यवस्थापन महाशाखा

ग) जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा

### १.२.१ शाखाहरू

(क) वन तथा वन्यजन्तु संरक्षण महाशाखा अन्तर्गत रहेका शाखाहरू

- i) वन संरक्षण शाखा
- ii) वन्यजन्त संरक्षण शाखा
- iii) साइटिस शाखा
- iv) प्रमाणिकरण शाखा

(ख) वन व्यवस्थापन महाशाखा अन्तर्गत रहेका शाखाहरू

- i) वन व्यवस्थापन शाखा
- ii) वन सम्बर्दन शाखा
- iii) सामाजिक वन शाखा
- iv) निजि तथा सार्वजनिक वन शाखा
- v) भौगोलिक सूचना प्रणाली तथा नक्शाङ्कन शाखा

(ग) जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा अन्तर्गत रहेका शाखाहरू

- i) योजना तथा जलाधार सूचना प्रणाली शाखा
- ii) संवेदनशील जलाधार व्यवस्थापन शाखा
- iii) सीमसार संरक्षण शाखा
- iv) पहिरो व्यवस्थापन शाखा
- v) संरक्षण प्रविधि विकास शाखा
- vi) भू उपयोग विकास तथा विपद् न्यूनीकरण शाखा

विभागमा ३ वटा महाशाखा अन्तर्गत नरहेका निम्न अनुसारका ४ वटा शाखाहरु समेत रहेका छन् । यी शाखाहरुलाई सोझै महानिर्देशक मातहत राखिएको छ ।

- i) शसस्त्र वन सुरक्षा शाखा
- ii) कर्मचारी प्रशासन शाखा
- iii) आर्थिक प्रशासन शाखा
- iv) ऐन, नियम परामर्श शाखा

सामान्य प्रशासन मन्त्रालयबाट वि.सं. २०७५/०३/३२ मा स्वीकृत गरेको यस विभागको संगठन संरचनालाई अनुसूचि- १ मा प्रस्तुत गरिएको छ ।

## १.३ वन तथा भू संरक्षण विभागको दूरदृष्टि, उद्देश्य तथा दीर्घकालिन रणनीतिक योजनाहरू

वन तथा भू संरक्षण विभागको दूरदृष्टि, उद्देश्य, मुख्य कार्य, तथा दीर्घकालीन रणनीतिक योजनाहरू यस प्रकार रहेका छन् ।

### १.३.१ दूरदृष्टि

वन तथा भू संरक्षण विभागको मुख्य परिलक्ष्य तथा दूरदृष्टि सबै प्रकारका वन स्रोतको दिगो व्यवस्थापनबाट पारिस्थितिकीय सेवालाई सन्तुलित र व्यवस्थित गर्दै वन स्रोतको उत्पादकत्वमा वृद्धिल्याई लाभको न्यायोचित वितरण मार्फत वनपैदावारको आवश्यकताको परिपूर्ति र वनजन्य उद्यमको प्रवर्द्धन गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने हो ।

### १.३.२ उद्देश्यहरू

उपरोक्त परिलक्ष्य पूरा गर्नको लागि निम्न उद्देश्यहरू लिइएको छ :

(क) वन स्रोतको संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्ने ।

(ख) जैविक विविधताको संरक्षण, पारिस्थितिकीय प्रणाली र वातावरणीय सेवा बीच सन्तुलन कायम राख्ने ।

(ग) वन क्षेत्रको आवधिक सर्वेक्षण तथा प्राप्त नतिजाहरूको वन व्यवस्थापनको लागि उपयोग गर्ने ।

(घ) वन पैदावारको दिगो र भरपर्दो आपूर्ति व्यवस्थापन गर्ने ।

(ङ) राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने ।

(च) वन क्षेत्रको सुशासन कायम गर्ने ।

### १.३.३ वन तथा भू संरक्षण विभागको दीर्घकालीन रणनीतिक योजनाहरु :

- सबै प्रकारमा वनमा दिगो वन व्यवस्थापन
- क्षमतामा अभिवृद्धि र सुशासनमा सुधार
- परिणाममुखी वन प्रशासन
- प्रभावकारी अनुगमन
- प्रविधि र लगानीको स्तरवृद्धि

## १.४ वन तथा भू संरक्षण विभागको काम, कर्तव्य र अधिकार

वन तथा भू संरक्षण विभागको कार्य संचालन कार्यविधि २०६१ बमोजिम वन तथा भू संरक्षण विभागका मुख्य कार्यहरू यसप्रकार छन्:

- राष्ट्रिय वन नीति निर्माण, परिमार्जन, अध्यावधिक तथा कार्यान्वयन ।
- वन तथा वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन ।
- अन्तर्राष्ट्रिय संघ, संस्था समन्वय, सहयोग र सहजीकरण ।
- वनको वर्गिकरण, वनको दिगो व्यवस्थापनका कार्यबिधी, मापदण्ड सम्बन्धी ।
- वन पैदावारको ओसार पसार, आयात तथा विदेश निकासी सम्बन्धी ।
- वन क्षेत्रको भू उपयोग परिवर्तन र वन क्षेत्रको भू स्वामित्व सम्बन्धी ।
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण र न्यायिक निरुपण सम्बन्धी ।
- दुर्लभ, लोपोन्मुख तथा प्रतिबन्धित प्रजाति र आनुवांशिक श्रोत सम्बन्धी ।
- वन्यजन्तु पालन, प्रजनन तथा नियमन सम्बन्धी ।
- वन अतिक्रमण नियन्त्रण, सिमसार संरक्षण तथा व्यवस्थापन सम्बन्धी ।
- अन्तरप्रदेशीय वन व्यवस्थापन र भूपरिधिस्तरको व्यवस्थापन सहजीकरण सम्बन्धी ।
- वातारणीय सेवा र भुक्तानी सम्बन्धी ।
- सशस्त्र वन रक्षक सम्बन्धी ।
- अन्तरप्रदेशीय वनको विकास, संवर्धन र व्यवस्थापनको नीति, कानून तथा मापदण्ड निर्माणमा सहयोग र समन्वय, वन क्षेत्रको तथांक तथा सूचना ।
- आयातित वनस्पतिका प्रजातिहरुको प्रवेश, व्यवस्थापन र नियन्त्रण ।
- राष्ट्रियस्तरका पुरस्कार (जस्तै गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार), राष्ट्रिय/अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार (जस्तै सामुदायिक वन, साझेदारी वन, वन अधिकृतहरुको राष्ट्रिय गोष्ठी) आदि ।

- वन्यजन्तु पालन, प्रजनन, तथा जलचर संरक्षण सम्वन्धी नीति, कानून, मापदण्ड तथा समन्वय र प्रजाति संरक्षण विशेष कार्यक्रम ।
- भू तथा जलाधार संरक्षण, व्यवस्थापन र सदुपयोग ।
- राष्ट्रियस्तरमा ठूला नदीप्रणालीहरुमा आधारित रहि भूस्खलन तथा एकीकृत जलाधार व्यवस्थापन ।
- राष्ट्रियस्तरमा संवेदनशील, जोखिमपूर्ण, तथा महत्वपूर्ण जलाधार क्षेत्रहरुको पहिचान, विश्लेषण, व्यवस्थापन ।
- राष्ट्रियस्तरमा भूस्खलन तथा जलाधार व्यवस्थापन सम्बन्धी अनुसन्धान तथा प्रविधि विकास नीति निर्माण ।
- भू तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थपन सम्बन्धी राष्ट्रिय कानून, मापदण्ड र नियमन ।
- वातावरण संरक्षण, जलाधार व्यवस्थापन कार्यहरुको नियमित अनुगमन तथा मूल्यांकन ।
- नदीप्रणाली तथा यसका जलाधार क्षेत्रहरुको एकीकृत संरक्षण व्यवस्थापन ।
- राष्ट्रिय स्तरमा पहिरो (भूस्खलन), क्षतिग्रस्त भूमि पुनरुत्थान, नदी उकास जग्गा व्यवस्थापन, सिमसार, तालतलैया, तथा अन्य वातावरणीय सम्वेदनशील क्षेत्रको व्यवस्थापन तथा नियमन ।
- जलाधार क्षेत्रहरुको सूचना, भू सूचना प्रणालीहरु, नाप नक्शाहरु तयारी तथा अद्यावधिक ।
- राष्ट्रिय महत्वका राजमार्ग, जलविद्युतको जलाशय, पानीका श्रोतहरु, बाढीको प्रकोप/असर, सुख्खाक्षेत्र, मरुभूमिकरण जस्ता क्षेत्रहरुको दृष्टिकोणले जलाधारहरुको पहिचान, व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन ।
- आर्थिक, सांस्कृतिक, पर्यापर्यटकीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका नदी प्रणाली, तालतलैयाका जलाधारहरुको योजना, आयोजना तर्जुमा तथा व्यवस्थापन गर्ने ।
- वृहत पहिरोहरुको अभिलेखिकरण, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन सम्वन्धी योजना तर्जुमा तथा नियमन ।
- अन्तरप्रदेश फैलिएका नदी प्रणालीहरुको भू जोखिम/भू विपद् व्यवस्थापनका लागि एकीकृत जलाधार व्यवस्थापन ।
- चुरेतराई मधेश क्षेत्रहरुको एकीकृत जलाधार व्यवस्थापन ।
- जलावायु परिवर्तन अनुकूलन, समानुकूलन कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन ।
- जलका लागि जलाधार व्यवस्थापन अन्तर्गत शहरी जलाधार, जलविद्युत जलाशय क्षेत्र, विकासका पूर्वाधारहरुको संरक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने र पानीश्रोतको मात्रा र गुणस्तर कायम राख्ने सम्वन्धी आवश्यक कार्यहरु गर्ने ।
- जलाधार संरक्षण तथा वातावरणीय स्वच्छता सम्वन्धी कार्यमा मन्त्रालय र प्रदेश तथा स्थानीय तहबीच समन्वयकारी भूमिका निर्वाह ।
- प्राकृतिक नदीनाला, ताल, तलैया, पोखरी, सिमसार एवम् जलाधारक्षेत्रको वातावरणीय संरक्षण एवम् स्वचछता कायम सम्वन्धी नीति, योजना, कानून, मापदण्ड र नियमन ।
- मन्त्रालयबाट सम्पादन हुने नीति तथा कानूनको तर्जुमा गर्दा आवश्यक प्राविधिक सहयोग ।
- नीति, कानून तथा मापदण्डको कार्यान्वयनको लागि योजना एवं कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्यांकन ।

## १.५ वन तथा भू संरक्षण विभागका महाशाखा तथा शाखाहरुको कार्य विभाजन

### १. वन तथा वन्यजन्तु संरक्षण महाशाखा

- सशस्त्र वन रक्षक सम्बन्धी ।
- वन क्षेत्रको भू-उपयोग परिवर्तन, वन क्षेत्रको भू-स्वामित्व सम्बन्धी ।
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण र न्यायिक निरुपण सम्बन्धी ।
- मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, राहत तथा उद्धार केन्द्र स्थापना र संचालन सम्बन्धी ।
- वन्यजन्तु पालन, प्रजनन, तथा जलचर संरक्षण सम्बन्धी नीति, कानून, मापदण्ड तथा समन्वय र प्रजाति संरक्षण विशेष कार्यक्रम ।
- राष्ट्रिय वनको संरक्षणको लागि आवश्यक नीति, नियम तथा कार्यक्रम तर्जुमा ।
- वन अतिक्रमण तथा वन पैदावारको हानी नोक्सानी रोकथाम ।
- वन डढेलो, मिचाहा प्रजाति लगायत विभिन्न जैविक तथा अजैविक तत्वहरुबाट वन संरक्षण ।
- वनमा लाग्ने रोग तथा किराहरुको नियन्त्रण ।
- साइटिस सम्वन्धी । सिमसार सम्बन्धी ।
- वन सम्वन्धि प्रविधि विकास तथा प्रमाणीकरण सम्बन्धी ।
- जैविक विविधताको संरक्षणको आवश्यक नीति, निर्माण तथा कार्यक्रम तर्जुमा, समन्वय ।
- दुर्लभ, लोपोन्मुख तथा प्रतिबन्धित प्रजाति ।
- वन संरक्षण सम्वन्धमा परेका विभिन्न उजुरी निवेदन उपर आवश्यक कारवाही गर्ने ।

#### १.१ वन संरक्षण शाखा

- वन नोक्सानी गर्ने जैविक तथा अजैविक तत्वहरु निवारणका लागि नीति, ऐन कानून निर्माण ।
- वन अतिक्रमण, चोरी कटानी नियन्त्रण तथा कानूनी कारवाही ।
- अवैध वन पैदावार निकासी, ओसार-पोसार नियमन ।
- वन संरक्षणमा क्रियाशील विभिन्न सुरक्षा निकाय तथा सरोकारवालाहरु सित समन्वय ।
- वन डढेलो नियन्त्रण तथा रोकथाम ।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउन
- व्यापारिक प्रयोजनको लागि कबुलियती वन उपलब्ध गराउने ।
- वन ऐन, नियम तथा प्रचलित कानूनको कार्यान्वयनमा सहयोग, सहजीकरण ।
- शसस्त्र वन रक्षक परिचालन ।

#### १.२ वन्यजन्तु संरक्षण शाखा

- संरक्षण क्षेत्र बाहिर वन्यजन्तु अपराध निवारणका लागि नीति, ऐन कानून निर्माण ।
- चोरी शिकारी तथा वन्यजन्तुको अवैध कारोवार नियन्त्रण तथा कानूनी कारवाही ।
- मानव वन्यजन्तु द्वन्द न्यूनीकरण र राहत वितरण सहजिकरण ।
- वन्यजन्तु संरक्षणमा क्रियाशील विभिन्न सुरक्षा निकाय तथा सरोकारवालाहरु सित समन्वय ।
- वन्यजन्तु संरक्षणका लागि शसस्त्र वन रक्षक परिचालन ।
- वन ऐन, नियम तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनमा सहयोग, सहजीकरण ।
- योजनाहरुको प्राथमिकता निर्धारण र योजना निर्माण ।

- विभिन्न आयोजनाहरुसँग समन्वय र विभाग तथा आयोजनाहरुबाट संञ्चालित कार्यक्रमको तर्जुमा, अनुगमन, मूल्याङ्कन एवम् नियमन ।

### १.३ साइटिस शाखा

- साइटिस सम्वन्धी काम गर्ने वैज्ञानिक निकाय सित समन्वय गर्ने ।
- साइटिसमा वनस्पति तर्फको व्यवस्थापन निकायको रुपमा कार्यान्वयन ।
- साइटिसको अनुसूचिमा परेका वनस्पति र वनस्पतिजन्य उत्पादनको ओसारपोसार तथा व्यापार नियमन
- साइटिस सम्बन्धी राष्ट्रिय रिपोर्ट बनाउन मन्त्रालयलाई सहयोग गर्ने ।
- साइटिसको सूचिमा परेका वनस्पतिहरुको अध्ययन, अनुसन्धान तथा तथ्याङ्क अध्यावधिक गर्ने ।
- वातावरण संरक्षण सम्वन्धी प्रचार प्रसार तथा वातावरणीय सन्तुलन राख्न विभिन्न कार्यक्रमहरु निर्माणमा सहयोग ।
- वातावरण संरक्षण ऐन, २०५४ तथा वातावरण संरक्षण नियमावली, २०५४ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि आवश्यक कारवाही गर्ने ।

### १.४ वन प्रविधि विकास तथा प्रमाणीकरण शाखा

- वन विज्ञानका विषयमा विभिन्न प्रविधिहरुको विकास तथा कार्यान्वयन ।
- वन विज्ञानका प्राविधिक विषयमा आइपरेका अन्यौलका विषयमा अध्ययन, अनुसन्धान गरी प्रमाणीकरण गर्ने ।
- वन विज्ञान विषयमा अध्ययन, अनुसन्धान गर्ने विभिन्न विश्वविद्यालय, अनुसन्धान केन्द्रहरु सित समन्वय गर्ने ।

## २. वन व्यवस्थापन महाशाखा

- अन्तरप्रदेशीय वनको विकास, संवर्धन र व्यवस्थापनको नीति, कानून तथा मापदण्ड निर्माण सम्बन्धी ।
- देशको वन नीति, रणनीति, योजना, गुरुयोजना निर्माण तथा कार्यान्वयन सम्बन्धी ।
- वनको वर्गिकरण, वनको दिगो व्यवस्थापन सम्बन्धी सहजीकरण ।
- वन तथा वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन ।
- अन्तर्राष्ट्रिय संघ-संस्था समन्वय, सहयोग र सहजीकरण।
- वन सम्वन्धमा अन्तर प्रादेशिक नीति निर्माण तथा आवश्यक समन्वय ।
- वन सम्वर्धन, विकास तथा सदुपयोग सम्बन्धी ।
- सहभागितामूलक वन व्यवस्थापन (सामुदायिक, साझेदारी, कवुलियति, धार्मिक आदि) सम्बन्धी नीति, नियम, निर्देशिका, मापदण्ड, कार्यविधि निर्माण सम्बन्धी ।
- आनुवांशिक स्रोत सम्बन्धी । वीउ बगैचा स्थापना तथा संचालन सम्बन्धी ।
- निजी, सार्वजनिक तथा शहरी वन विकास सम्बन्धी ।
- वन पैदावारको ओसार पसार, आयात तथा विदेश निकासी सम्बन्धी ।
- वातारणीय सेवा र भुक्तानी ।
- अन्तरप्रदेशीय वन व्यवस्थापन र भूपरिधि स्तरको व्यवस्थापन सम्बन्धी ।
- आयातित वनस्पतिका प्रजातिहरुको प्रवेश, व्यवस्थापन र नियन्त्रण ।
- वनको नक्सांकन, तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन सम्बन्धी ।

### २.१ वन व्यवस्थापन शाखा

- वन क्षेत्रको दिगो व्यवस्थापनको लागि रणनीतिक, आवधिक योजनाहरु तयारीमा सहयोग ।
- अन्तर प्रादेशिक योजनाहरुको कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।
- संचालित कार्यक्रम तथा योजनाहरुको अनुगमन तथा मूल्याङ्कन ।
- वन पैदावार सदुपयोग सम्वन्धी नीति नियम तर्जुमा ।
- वन पैदावार विक्री वितरण तथा वजार व्यवस्थापन मा सहयोग ।
- वन विकास तथा उत्पादन अभिवृद्धिमा निजी क्षेत्रको सहभागिता सम्बन्धी ।

### २.२ वन सम्वर्धन शाखा

- आर्थिक रुपले महत्वपूर्ण प्रजातिको वंशाणुगत गुणमा सुधार गरी उत्पादकत्व वृद्धि गर्ने ।
- भविष्यमा दिगोरुपले उन्नत तथा गुणस्तरीय वीउ उत्पादन गरी वृक्षारोपणको लागि उपलब्ध गराउन वन वीउ बगैंचा स्थापना र व्यवस्थापन ।
- जिल्ला वन कार्यालयहरु, विभिन्न संघसंस्थाहरु, एवं निजीस्तरमा समेत गुणस्तरीय वीउ उपलब्ध गराउने र वीउ स्रोतहरु पहिचान, दर्ता, तथा व्यवस्थापन, वीउ संकलन, प्रशोधन, भण्डारण, तथा वितरणजस्ता कार्यहरुमा सहयोग, समन्वय ।
- 'वन सम्बर्द्धन प्रदर्शन स्थल' हरुको स्थापना गरी बिभिन्न उपचार बिधिहरु मध्ये उपयुक्त उपचार विधि प्रमाणीकरण ।
- प्रोभनेन्स (Provinence) परीक्षण लगायतका कार्यहरु ।
- महत्वपूर्ण तर संकटपूर्ण अवस्थामा रहेको प्रजातिहरुको संरक्षण, अनुसन्धान, तथा ब्यवस्थापन
- वैज्ञानिक वन व्यवस्थापनका लागि वन सम्बर्द्धन सम्वन्धी उपयुक्त सामाग्रीहरुको तयारी र वितरण ।
- वन सम्बर्द्धन प्रबिधि र वृक्ष सुधार सम्वन्धी ।

### २.३. सामाजिक वन शाखा

- सामुदायिक वन लगायत जनसहभागितामा आधारित अन्य वन व्यवस्थापन पद्धति सम्बन्धमा नीति, नियम, ऐन कानून, निर्देशिका, मापदण्ड बनाउनमा सहयोग ।
- सामाजिक वन व्यवस्थापन पद्धतिको राष्ट्रिय तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन ।
- सामाजिक वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय पुरस्कार संचालन ।
- सामाजिक वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय गोष्ठी, सभा, सम्मेलन संचालन, व्यवस्थापन ।
- समुदायमा आधारित वन व्यवस्थापनका लागि सहयोगी विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरु, संजालहरु सित समन्वय र सहकार्य ।
- वन संरक्षण तथा विकासमा जनसहभागिता परिचालन ।
- विभिन्न प्रचार प्रसारका सामाग्रीहरु तयारी तथा वितरण ।
- वन विभागका नीति नियम कार्यक्रम जनसमुदाय तथा नीति निर्माताहरुसम्म नियमित प्रवाह ।

### २.४ निजी, सार्वजनिक तथा शहरी वन शाखा

- निजी, सार्वजनिक तथा शहरी वन विकास सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, मापदण्ड निर्माणमा सहयोग ।
- निजी, सार्वजनिक तथा शहरी वन विकास सम्बन्धमा प्रदेश तथा स्थानीय तहहरु सित समन्वय र सहयोग ।

- निजी, सार्वजनिक तथा शहरी वन विकास तथा विस्तारका लागि प्रचार प्रसार तथा आवश्यक कार्यक्रमहरु संचालनका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, सस्थाहरु सित समन्वय गर्न ।
- निजी, सार्वजनिक तथा शहरी वनको उपयोग तथा दीगो वन विकास सम्बन्धमा आवश्यक नीति, निर्माणमा सहयोग ।
- वन विकास तथा उत्पादन अभिवृद्धिमा निजी क्षेत्रको सहभागिता सम्बन्धी ।

## २.५ भौगोलिक सूचना प्रणाली तथा नक्साङ्कन शाखा

- नेपालको वन क्षेत्रमा आएको परिवर्तन सम्बन्धी सूचना संकलन ।
- रिमोट सेन्सिङ तथा अन्य आधुनिक पद्धतिबाट प्राप्त तथ्याङ्क विश्लेषण तथा नक्साङ्कन ।
- विभिन्न विषयगत नक्सा तयारी तथा प्रकाशन ।
- विभागका विभिन्न क्रियाकलापको तथ्याङ्क संकलन तथा नक्सांकन ।
- सूचना तथा तथ्याङ्क प्रवाह प्रणली सुदृढिकरण ।

## ३.१ योजना तथा जलाधार सूचना प्रणाली शाखा

- भू-क्षय तथा जलाधारीय अवस्था सम्वन्धी जोखिम तथा प्रकोप मापन, जलाधार एट्लस लगायत विभिन्न नक्शाकन ।
- उपजलाधारहरुको प्राथमिकता निर्धारण र कार्य योजना निर्माणमा सहयोग ।
- योजना तर्जुमा गर्न आवश्यक जलाधार स्रोतहरुको सूचना प्रणाली विकास, निर्देशिका, मापदण्ड तयार ।
- जलाधार स्रोत सम्बन्धी भू-जैविक तथा सामाजिक/आर्थिक तथ्याङ्कहरु अध्यावधिक राखी व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन ।
- संघ, प्रदेश र स्थानीय तहहरुका सम्वन्धित निकायहरुसंग जलाधारीय स्रोत सम्वन्धी सूचना आदान प्रदान ।
- संघ, प्रदेश र स्थानीयतहका अवस्था पहिचान तथा विश्लेषणका आधारमा वार्षिक एवम् आवधिक योजना कार्यक्रमहरु निर्माणमा सहयोग ।

## ३.२ संवेदनशील जलाधार व्यवस्थापन शाखा

- जलविद्युत जलाशय, शहरी जलाधार क्षेत्रका पानीश्रोतहरुको व्यवस्थापन, तालतलैया क्षेत्रहरुको जलाधार सिंचाई नहर, रणनैतिक सडक जस्ता अन्य महत्वपूर्ण पूर्वाधारहरुको जलाधारस्तरमा समस्या पहिचान गर्दै सो को व्यवस्थापन सम्वन्धि नीति, योजना, कार्यक्रम पहिचान गर्ने ।
- भू बिपद्बाट जोखिमयुक्त बस्ती क्षेत्र पहिचान, सर्वेक्षण, अभिलेखीकरण, संरक्षण
- जलवायु परिवर्तनका असरहरुका कारणले सुखाग्रस्त क्षेत्र, जल तनाव, बाढीवाट हुने खोला किनार क्षेत्रहरुको पहिचान, सर्वेक्षण, अभिलेखीकरण तथा व्यवस्थापन ।
- पुरातात्विक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेका क्षेत्रहरुको जलाधार बिवरण तयार गर्ने र सोको संरक्षण व्यवस्थापन ।
- क्षतिग्रस्त भूमि, नदीउकास जग्गा जस्ता क्षेत्रहरुको नक्शांकन गरी सोबाट हुने बहुआयामिक क्षति आंकलन गरी सो सम्बन्धी आवश्यक नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्दै संघ, प्रदेश र स्थानीय तहका निकायहरुसंग आवश्यक सहजीकरण तथा समन्वय ।

## ३.३ सीमसार संरक्षण शाखा

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान भएका तालतलैयाहरुको सर्वेक्षण तथा अभिलेखीकरण ।
- जलाधार स्तरमा हुने थिग्रीकरण सर्वेक्षण तथा यसको व्यवस्थापनको लागि आवश्यक योजना, नीति, कार्यक्रम तथा नियमन सम्बन्धी आवश्यक सुझाव सरोकारवालाहरुलाई उपलब्ध गराउने ।
- ताल तलैयाहरुको संरक्षण तथा प्रवर्द्धनार्थ आवश्यक नीति, योजना तर्जुमा गर्ने र नियमन गर्ने ।
- सीमसार क्षेत्रको दिगो व्यवस्थापनको लागि एकीकृत जलाधार व्यवस्थापन कार्य गर्ने ।
- तालतलैयाहरुको पुनर्जलभरण सम्बन्धी आवश्यक प्रविधिमूलक कार्यहरु गर्ने ।
- वातावरणीय सेवा भुक्तानी सम्बन्धी आवश्यक नीति, निर्देशिका तयार गर्ने ।

## ३.४ पहिरो व्यवस्थापन शाखा

- राष्ट्रियस्तरमा रहेको वृहत् पहिराहररुको सर्वेक्षण, जोखिम आंकलन, सम्वेदनशीलता अध्ययन गर्ने र सोको अभिलेखिकरण गर्ने ।
- वृहत् पहिराहरुको व्यवस्थापनका लागि आवश्यक नीति, नियम, कानून तर्जुमा एवम् नियमन सम्वन्धि आवश्यक कार्यहरु गर्ने ।
- पहिरोहरुको रोकथाम तथा व्यवस्थापनका लागि प्रविधिमूलक कार्यक्रमहरुको विकास, विस्तार सम्वन्धि कार्यहरु गर्न अन्य शाखाहरुसंग समन्वय र सहजीकरणको वातावरण श्रृजना गर्ने ।
- विभिन्न भूपरिधिस्तरमा पहिरोवाट हुन जाने असरहरु समेत समावेश गरी Landslide Atlas तयार गर्न र सो सम्बन्धी जानकारी प्रदेश र स्थानीय सरकारलाई गराउनको लागि आवश्यक सहजीकरण गर्ने ।
- आकस्मिक रुपमा पहिरोवाट हुने राष्ट्रिय स्तरको क्षतिको तत्काल बिवरण (Rapid Damage Assessment) सम्वन्धि आवश्यक कार्यहरु गर्ने ।
- प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गरी पहिरो रोकथामको रणनैतिक योजना तयार तथा कार्यान्वयन ।
- ¿ तथा जलाधार संरक्षण सम्वन्धी मौजुदा ऐन नियमहरुमा आवश्यक संशोधन गर्न कारवाही चलाउने ।
- प्राकृतिक स्रोत व्यवस्थापन गर्ने निकायहरुवीच केन्द्रियस्तर एवं जिल्लास्तरमा समन्वय गर्ने आधारशिलाहरु विकास गर्ने ।
- आवश्यकतानुसारका विषयहरु (जस्तैः नदी उकास जग्गा) सम्बन्धी नीति तथा निर्देशिका तयारी तथा कार्यन्वयन ।
- प्राकृतिक नदीनाला, तालतलैया, पोखरी, सिमसार जस्ता क्षेत्रहरुमा हुन सक्ने प्राकृतिक प्रकोप न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धि आवश्यक कार्यहरु गर्ने ।

## ३.५ संरक्षण प्रविधि विकास शाखा

- राष्ट्रिय स्तरका महत्वपूर्ण भूपरिधि क्षेत्रहरुको भूस्खलन तथा जलाधार संरक्षण सम्वन्धी कार्यमूलक अनुसन्धान सम्वन्धि आवश्यक नीति, योजना तथा कार्यक्रम सम्बन्धी आवश्यक कार्यहरु गर्ने ।
- भू तथा जलाधार संरक्षण सम्वन्धी प्रविधिहरुको स्थलगत प्रदर्शन गर्ने/गराउने ।
- संघ, प्रदेश र स्थानीयतहका लागि भू तथा जलाधार संरक्षण सम्बन्धी ज्ञान, सूचना तथा प्रविधि उपलब्ध गराउने ।
- प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी भूक्षमतामा आधारित ज्ञान, प्रविधि तथा अन्य वैज्ञानिक अध्ययन अनुसन्धान गरी प्रदेश तथा अन्तरप्रदेश स्तरमा प्रवर्द्धन एवम् प्रचार प्रसार गर्ने ।

- प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी प्रविधि, सूचना तथा अन्य जानकारीहरु प्रदेश सरकार, जलाधार संरक्षण केन्द्र र स्थानीय सरकारका निकायहरुलाई उपलब्ध गराई आवश्यक सहजीकरण, समन्वय गर्ने
- राष्ट्रिय एवं अन्तराष्ट्रिय संस्थाहरुसंग समन्वय तथा सहकार्यको व्यवस्था मिलाउन आवश्यक सहयोग गर्दै समन्वयात्मक अध्ययन अनुसन्धान गर्ने ।
- प्राकृतिक प्रणाली अनुगमन/अध्ययन गर्ने ।

## ३.६ भू उपयोग विकास तथा विपद् न्यूनीकरण शाखा

- भू उपयोग विकास नीतिसंग नबाझिने गरी भू उपयोग विकासको लागि आवश्यकतानुसार नीति, रणनीतिहरु तयार गर्ने ।
- भू उपयोग विकाससंग सम्बन्धीत सरकारी, गैह्रसरकारी संस्थाहरु र दातृ निकायहरुसंग समन्वय र सहकार्य गर्ने ।
- भू उपयोग विकाससंग सम्बन्धित संरक्षण र विकासका नमुना कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने।
- विपद् सम्बन्धी तथ्याङ्क तथा सूचना संकलन, विश्लेषण, अध्ययन अनुसन्धान गर्ने, गराउने ।
- जलवायु परिवर्तन अनुकुलन तथा समानुकुलन सित सम्बन्धीत तथंक तथा सूचना संकलन, विश्लेषण, अध्ययन अनुसन्धान गर्ने, गराउने तथा बदलिदो परिवेशमा उपयुक्त हुने प्रविधि तथा रणनीति विकास गर्ने, गराउने ।
- जलवायु परिवर्तनसंग सम्बन्धीत राष्ट्रिय तथा अन्तराष्ट्रिय संरक्षण साझेदारहरुसंग समन्वय सहकार्य गर्ने ।
- विपद् न्यूनीकरणका लागि सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

## विभागमा ३ वटा महाशाखा अन्तर्गत नरहेका सोझै महानिर्देशक मातहत रहेका निम्न अनुसारका ४ वटा शाखाहरुको कार्य विभाजन

### *१. शसस्त्र वन सुरक्षा शाखा*

- वन अतिक्रमण, वन्यजन्तु संरक्षण तथा वन अपराध नियन्त्रण तथा रोकथाम ।
- हातहतियारको नियमित मर्मत संभार तथा संरक्षण ।
- कार्यालय, कार्यालय सामाग्री तथा बरामद भएका बस्तुभाव, जिन्सीको संरक्षण

**सशस्त्र वन रक्षक तालिम केन्द्र**

- सशस्त्र वन रक्षकहरुलाई सेवा प्रवेश तथा रिफ्रेशर तालिमहरु संचालन गर्ने ।
- सशस्त्र वन रक्षकहरुको तन्दुरुस्ती र कर्तव्यपरायणता अभिवृद्धि सम्बन्धी तालिम संचालन ।
- आखेटोपहारहरुको संरक्षण ।
- वन अतिक्रमण, वन्यजन्तु संरक्षण तथा वन अपराध नियन्त्रण तथा रोकथाम ।
- हातहतियारको नियमित मर्मत संभार तथा संरक्षण ।

### *२. कर्मचारी प्रशासन शाखाको कार्यविवरण*

विभाग र मातहतका कार्यालयहरुको समग्र व्यवस्थापनको मुख्य दायित्व कर्मचारी प्रशासन शाखा रहनेछ । यस शाखाको उद्देश्य विभाग तथा अन्तर्गतका कार्यालयहरुको कर्मचारीको पदपूर्ति, सरुवा, दरवन्दी श्रृजना, अभिलेख तयारी लगायत कर्मचारीको सेवा सुविधा सम्बन्धी दैनिक प्रशासन तथा कार्यालयका भौतिक सम्पत्ती समेतको उचित संरक्षणको व्यवस्था मिलाउने रहनेछ । यस शाखाले विभागको आवश्यकता अनुसारको वेभसाइट, बनाउने, तथ्याङ्क

डाटावेस तयारी गर्ने, विभिन्न कम्प्युटर हार्डवेयर र सफ्टवेयरको विकास, मर्मत, सम्भार तथा रहेका कम्प्युटर टाइपिङ लगायतका सम्पूर्ण कार्य गर्ने छ ।

### ३. आर्थिक प्रशासन शाखाको कार्यविवरण

विभागको सम्पूर्ण आर्थिक प्रशासन र कारोवार हेर्ने गरी आर्थिक प्रशासन शाखाको व्यवस्था गरिएको छ । यस शाखाले सालवसाली रुपमा तर्जुमा हुने बजेट तथा कार्यक्रमको लागि वजेट अनुमान तयार गर्ने, यसको लागि आवश्यक तथ्याङ्क, विवरण संकलन गर्ने, स्वीकृत बजेट वाँडफाँड, अख्तियारी तयार पर्ने, विनियोजन धरौटी, राजश्व आम्दानीको लेखा राख्ने, यस्को मासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक विवरण तयारपारी सोको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, लेखा परिक्षणवाट दर्शाइएका वेरुजुहरुको लगत राख्ने, आवश्यक प्रमाण जवाफ तयार पारी वेरुजु फछर्यौट गराउने, वैदेशिक सहयोग समावेश भएका बजेटहरुका हकमा दातृसंस्थाहरुलाई आवश्यक आयोजना विवरण तयार गर्ने लगायतका विभागको आर्थिक सल्लाहकारको रुपमा कार्य गर्नेछ ।

### ४. ऐन नियम परामर्श शाखाको कार्यविवरण

विभागमा आईपर्ने कानूनी समस्यासंग सम्बन्धीत आदेश, कानूनी परामर्श दिन र वन सम्वन्धी ऐन नियम समयानुकूल संशोधन गर्ने आदि कार्यहरु गर्ने गरि कानून सेवा अन्तर्गत रा. प. तृ. श्रेणीका अधिकृत रहने व्यवस्था गरिएको छ ।

## १.६ वन तथा भू संरक्षण विभागका विभागका कार्यक्रमहरू:

### १.६.१ साविक वन विभागका कार्यक्रमहरु

साविक वन विभागले आफ्ना कार्यक्रमहरुलाई निम्नानुसार वर्गिकरण गरी सञ्चालन गर्दै आएको छः

### १. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

सरकारद्वारा व्यवस्थित वन क्षेत्रहरूमा वन विकास, वन सुदपयोग, वन संरक्षण लगायतका कार्यक्रमहरू संचालन गर्न यो कार्यक्रम देशको ७४ जिल्लामा संचालन हुँदै आएको छ । वनको हैसियतमा सुधार ल्याइ दिगो व्यवस्थापनको माध्यमबाट रोजगारी, राजश्व अभिवृद्धि गर्दै जनताको वन पैदावार सम्बन्धी आवश्यकता परिपूर्ति गरी वातावरण संरक्षण, पर्या-पर्यटन, जैविक विविधता संरक्षण लगायत वन डढेलो, वन अतिक्रमण, वन्य जन्तु चोरी तस्करी जस्ता वन अपराधको रोकथाम र नियन्त्रणको साथै वृक्षारोपण, पुनरुत्पादन संरक्षण गरी वनको हैसियतमा सुधार ल्याउने कार्यक्रमहरू संचालित छन् ।

### २. सामुदायिक वन विकास कार्यक्रम

स्थानीय समुदायको सहभागिता मानवको दिगो व्यवस्थापन मार्फत आधारभूत वन पैदावारको आवश्यकता पूरा गर्दै उद्यम विकास तथा गरिवी न्यूनीकरण, जलाधार र जैविक विविधता संरक्षण कार्यमा सामुदायिक वन विकास कार्यक्रमको योगदान रहेको छ । सामुदायिक वन हस्तान्तरण, सीपमूलक तालिम, वृक्षारोपण, आर्थिक तथा सामाजिक सशक्तिकरणका कार्यक्रम संचालन भइरहेका छन् । देशभरी ७४ जिल्लामा संचालित यसकार्यक्रमले वन सरोकारवालाहरुको सहभागिता पाएको छ भने अन्तर्राष्ट्रियस्तरमा समेत अनुभवको आदान प्रदान हुँदै आएको छ ।

३. गरीबी न्यूनिकरणका लागि कबुलियती वन तथा पशु विकास कार्यक्रम

अति विपन्न समुदायहरुको हित र वातावरण सुधार र गरिबका लागि कबुलियती वन कार्यक्रम संचालन हुँदै आएको छ । आ.व. ०४९/०५० देखि प्रारम्भ भएको यस कार्यक्रम हाल आ.व. ०६२/६३ देखि आईफाडको ऋण र अनुदान एवं नेपाल सरकारको संयुक्त सहयोगमा मध्ये पहाडका २२ जिल्लामा कबुलियती वन तथा पशु विकास कार्यक्रम संचालन भई रहेको छ । जीविकोपार्जनका लागि वन कार्यक्रमको सहयोगमा पश्चिमाञ्चल क्षेत्रका तराइका ३

जिल्लाहरु र तराइ तथा शिवालिककालागि जैविक विविधता क्षेत्र कार्यक्रमको सहयोगमा मध्यमाञ्चलका तराई जिल्लाहरुमा पनि विपन्न वर्गका लागि कबुलियति वन हस्तान्तरण भएको छ ।

### ४. साझेदारी वन व्यवस्थापन कार्यक्रम

नेपाल सरकारको वन नीति २०५७ अनुसार वन उपभोक्ता, स्थानीय निकाय र सरकारको सहकार्यमा तराइ र भित्री मधेसका जिल्लाहरुमा साझेदारी वन व्यवस्थापन कार्यक्रम संचालित छ । वनबाट टाढा रहेका उपभोक्ताहरुको वन व्यवस्थापनमा संलग्नता तथा काठ दाउराको आपूर्तिका साथै जैविक विविधता संरक्षणमा समेत मद्दत पुगेको छ । तराई तथा शिवालिकका लागि जैविक विविधता क्षेत्र कार्यक्रम, जीवीकोपार्जनका लागि वन कार्यक्रम, पश्चिमी तराई भूपरिधी विकास कार्यक्रमले साझेदारी वन व्यवस्थापनको अभ्यासमा योगदान पुऱ्याएका थिए ।

### ५. संरक्षित वन

प्राकृतिक, वातावरणीय,सांस्कृतिक, वैज्ञानिकमहत्वका साथै जैविकमार्ग, जैविक विविधताको संरक्षण विकास एवंव्यवस्थापन गर्न देशको विभिन्न भागमा संरक्षित वनको घोषणा, मधाने, विकास तथा व्यवस्थापन कार्यगरिँदै आएको छ । हाल सम्म वसन्ता, लालझाडी-मोहना, कांक्रे विहार, खाता, मदाने, रेसुङ्गा, थाप्ले सत्यवती सालिमेदह, पंचासे, बरण्डाभार र धनुषाधाम संरक्षित वन स्वीकृत भै कार्यान्वयन भैरहेको छ ।

### ६. भूपरिधी स्तरीय वन विकास कार्यक्रम

भू परिधी स्तरमा पारिस्थितिकीय अक्षुणता कायम राखी स्थानीय बासिन्दाको जीविकोपार्जन सुधारका लागि जैविक विविधता संरक्षण तथा वातावरणीय ह्रास हुनबाट जोगाउन भू-परिधीस्तरीय कार्यक्रम संचालित छ । विश्व वन्यजन्तु कोष (डब्लु डब्लु एफ) को सहयोगमा तराई भूपरिधी कार्यक्रम सन् २००४ देखि र पश्चिमी तराई भूपरिधी विकास कार्यक्रमबाट पनि जैविक मार्ग पुनर्स्थापना र वन व्यवस्थापन एवं जीविकोपार्जनका लागि आयोजना संचालन भईरहेका छन् ।

### ७. सीमसार संरक्षण र सदुपयोग कार्यक्रमः

जनजीविकाको अभिन्न अंगको रुपमा रहेको सीमसारको पर्यावरणीय र सामाजिक-आर्थिक महत्ववारे जनचेतना र सीमसार क्षेत्रको दिगो व्यवस्थापनको लागि यो कार्यक्रम परीक्षणका रुपमा प्रारम्भ भएको छ । राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत संरक्षित क्षेत्रको कोशीटप्पु वन्यजन्तु आरक्ष र वन विभाग अन्तर्गत जिल्ला वन कार्यालय कैलालीको राष्ट्रिय वन क्षेत्रमा रहेको घोडाघोडी ताल क्षेत्रमा नेपाल सरकार तथा अन्य दातृ निकायको सहयोगमा संचालित आयोजना सन् २००८ जनवरी देखि ५ बर्षको लागि शुरु भएको छ ।

### ८. वृक्ष सुधार तथा वन संबर्द्धन कार्यक्रम

रुख प्रजातिहरुको वंशाणुगत स्रोतको संरक्षण एवं प्राकृतिक वनको व्यवस्थापन सुधार गरि ग्रामीण जनताहरुको जीवनस्तर उकास्ने तथा यसबाट राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेख्य वृद्धि गर्ने लक्ष्य रहेको यस कार्यक्रमले बीऊ उत्पादन क्षेत्र पहिचान एवं दर्ता, बीऊ संकलन तथा वितरण, बीऊ बगैचा स्थापना र व्यवस्थापन, सिव क्थोर्न प्रजाति संरक्षण, संकटापन्न एवं महत्वपूर्ण वनस्पतिको संरक्षण (श्रीखण्ड, लौठसल्ला, छतिवन, रुद्राक्ष, काउलो, तेजपात, सजिवन, विजयसाल, सतिसाल), वन सम्बर्द्धन नमुनास्थल स्थापना र व्यवस्थापन, कृषि-वन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यो कार्यक्रम देशभरमा ७४ जिल्लामा संचालन भैरहेको छ ।

### ९. सार्वजनिक जग्गा व्यवस्थापनकालागि कृषि-वन कार्यक्रम

वन क्षेत्र बाहिरका ऐलानी पर्ती, नदी किनार, नहर किनार, नदी उकास, सार्वजनिक पोखरी डिल, संस्थागत

जग्गाहरुमा स्थानीय गरिब परिवारको सहभागितामा कृषि-वन कार्यक्रम संचालन गरी छिटो बढने कृषि वन पैदावार उत्पादनको माध्यमबाट गरिबी न्यूनीकरण गर्न र राष्ट्रिय वनमा चाप घटाउन सहयोग पुऱ्याउने यो कार्यक्रम तराईका जिल्लाहरुमा संचालन भएको छ ।

### *१०. प्रचार प्रसार कार्यक्रम*

वन विकास कार्यक्रममा जनचेतना एवं जन सहभागिता वृद्धि गर्ने उद्देश्य राखी केन्द्र तथा जिल्लास्तरबाट प्रचार प्रसार कार्यक्रम संचालन भइरहेकोछ । साप्ताहिक वन वाटिका रेडियो कार्यक्रम, मासिक "हाम्रो कल्पवृक्ष" र "हाम्रो वन" वार्षिक प्रकाशन मुख्य कार्यक्रम रहेका छन् । यस कार्यक्रमबाट सूचना प्रवाह गर्न अन्य प्रचार प्रसार सामग्रीहरु उत्पादन गरी जनस्तरसम्म पुऱ्याउने काम गरिदै आएको छ ।

### *११. निजी वन विकास कार्यक्रम*

राष्ट्रिय वनमा परेको चापलाई न्यून गर्ने उद्देश्य राखी निजी जग्गाधनीहरुलाई आफ्नो जग्गामा निजी वन हुर्काउन उत्प्रेरित गरि जनतालाई वन पैदावार उपभोगमा आत्मनिर्भर बनाउने कार्यका लागि निजी वन विकास कार्यक्रम सञ्चालन गरिएको छ । यसै गरी जग्गाधनी पूर्जा भएका व्यक्ति वा संस्थाहरुको आफ्नो जग्गामा भएका रुखको उचित व्यवस्थापन गर्न प्राविधिक सहयोग उपलब्ध गराउने कार्य भैरहेको छ ।

### *१२. जडिबुटी विकास कार्यक्रम*

जडिबुटी तथा गैह्र काष्ठ वन पैदावारको महत्व र जीविकोपार्जन एवं व्यापारिक खेती प्रति आकर्षण बढाइ रोजगारीको अवसर सृजना गरी गरिवी न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्यलाई टेवा पुऱ्याउन यो कार्यक्रम देशभरको ५२ जिल्लामा संचालन हुदै आएको छ ।

### *१३. अनुगमन तथा मूल्यांकन कार्यक्रम*

वन विभाग र अन्तरगतका कार्यालयहरुवाट संचालित कार्यक्रमहरुको नियमितरुपमा अनुगमन गरी प्राप्त पृष्ठपोषण एवं सुझावहरुका आधारमा राष्ट्रिय र जिल्लास्तरका वन व्यवस्थापन कार्य योजना तर्जुमा गर्दा समावेश गराउने मुख्य कार्यकम रहेको छ ।

### *१४. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम*

नेपाल भू परिधीस्तरमा चुरिया क्षेत्रको भौगोलिक संवेदनशीलता र जैविक विविधतालाई संरक्षण तथा दिगो व्यवस्थापन गर्ने उद्देश्यले नेपाल राष्ट्रपति चुरे संरक्षण कार्यक्रम ३१ वटा जिल्लामा संचालन भएको छ ।

### *१५. वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय प्रबर्द्धन आयोजना*

नेपाल पनि बाघ पाइने मुलुक भएको नाताले सन् २०२२ सम्ममा अन्तर्राष्ट्रिय समुदाय समक्ष बाघको संख्या दोब्बर पुऱ्याउने प्रतिबद्धता जनाएको छ । तसर्थ बाघको बासस्थान संरक्षण, चोरी शिकार नियन्त्रण, अवैध व्यापार नियन्त्रण, संस्थागत विकास, नीति नियमको पुनःनिर्माण अनुसन्धान तथा सीमापार सम्बन्ध सुदृढीकरण जस्ता बाघ संरक्षणको लागि वन विभागबाट पनि महत्वपूर्ण कार्यहरु प्रारम्भ भएको छ । हाल ४७ जिल्लामा कार्यक्रम संचालनमा रहेको छ ।

## १.६.२ साविक भू तथा जलाधार संरक्षण विभागका कार्यक्रमहरु

भू तथा जलाधार संरक्षण विभागले आफ्ना कार्यक्रमहरुलाई निम्नानुसार ९ वर्गहरुमा वर्गिकरण गरी सञ्चालन गर्दै आएको छः

*(क) भू-उपयोग विकास योजना तर्जुमा*

- बृहत जलाधार व्यवस्थापन योजना तर्जुमा
- उप जलाधार व्यवस्थापन योजना तर्जुमा
- साना जलाधार व्यवस्थापन योजना तर्जुमा
- सामुदायिक श्रोत व्यवस्थापन योजना तर्जुमा

*(ख) विपत् जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन*

- पहिरो लेखाजोखा तथा अभिलेखीकरण
- पहिरो नक्सांङ्कन, सम्बेदनशीलता पहिचान तथा जोखिम न्यूनिकरण
- पहिरो उपचार
- गल्छी उपचार
- खहरे नियन्त्रण
- खोला किनारा संरक्षण

*(ग) दिगो भूमि व्यवस्थापन*

- क्षतिग्रस्त भूमि पुनरुत्थान
- भल तर्काउने नाला निर्माण
- खेतवारी संरक्षण
- फलफूल रोपण
- डालेघास/भूईघाँस रोपण
- नर्सरी/विरुवा उत्पादन
- भिरालो कृषि जमिनमा खेती गर्ने प्रविधिस्थल स्थापना तथा व्यवस्थापन
- संरक्षण वृक्षरोपण
- चरन सुधार
- संरक्षण समोच्च खाडल

*(घ) जल तथा थिग्रो व्यवस्थापन*

- वर्षे पानी संकलन पद्धति
- पांगो थिग्रो व्यवस्थापन
- भूमिगत जल पुनर्भरण संरचना निर्माण

*(ङ) विकासका पूर्वाधार संरक्षण*

- सिंचाई कुलो सुधार
- गोरेटो सुधार
- सडक पाखो सुदृढिकरण
- आश्रय पेटी विकास
- (भू क्षय) प्रतिरोधक पेटी विकास

*(च) जलवायु परिवर्तन अनुकुलन/समानुकूलन विकास*

- पानी मुहान संरक्षण र विकास
- जलाधार पुनर्स्थापना
- संरक्षण पोखरी

- नदी तटीय खेतीपाती
- सिमसार संरक्षण
- वर्षे खेतीपाती
- भल संचय बांध निर्माण

*(छ) समुदाय परिचालन, क्षमता विकास तथा जीविकोपार्जन सुधार*

- संरक्षण आयमूलक कार्यक्रम
- समुदाय परिचालन तथा सशक्तिकरण
- संरक्षण कृषक सञ्जाल निर्माण
- कृषिवन प्रणाली
- साझेदारी भू संरक्षण
- लघु उद्यम विकास
- संरक्षण शिक्षा अभियान
- तालिम, गोष्ठी, अध्ययन तथा स्थलगत भ्रमण
- संरक्षण महिला तालिम, गोष्ठी, स्थलगत भ्रमण

*(ज) प्रविधि अनुसन्धान, विकास र प्रचार प्रसार*

- प्राकृतिक प्रणाली अनुगमन
- जैविक इन्जिनियरिङस्थल स्थापना र व्यवस्थापन
- संरक्षण प्रदर्शन
- संरक्षण खेतीपाती
- संरक्षण प्रदर्शनी/प्रचार प्रसार
- संरक्षण दिवस समारोह
- संरक्षण प्रचार प्रसार सामग्री उत्पादन

*(झ) अनुगमन तथा मूल्याङ्कन*

- भू तथा जलाधार व्यवस्थापन कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन
- समन्वय गोष्ठी/बैठक
- संयुक्त अनुगमन तथा ज्ञान
- विषयमूलक अनुसन्धानको अभिलेखिकरण
- सार्वजनिक लेखापरीक्षण तथा स्व-मूल्याङ्कन
- अभिलेख पुनरावलोकन

## १.७ वन तथा भू संरक्षण विभागको कार्यक्रम कार्यान्वयन नीति

वन तथा भू संरक्षण विभागले आफ्ना कार्यक्रमहरुलाई वन तथा जलाधार व्यवस्थापनका मूलभूत सिद्धान्तहरु अनुरुप तर्जुमा गरिएका निम्नानुसारका कार्यनीतिहरुलाई अंगाली सञ्चालन गर्दै आएको छ ।

- वनको जग्गा र वन संरक्षण तथा सम्बर्द्धन गर्दै वनजंगलको उत्पादकत्व वृद्धि गर्ने ।
- पारिस्थितिकीय सेवा अभिवृद्धि गर्न जलाधार र जैविक विविधता संरक्षण गर्ने ।
- वैकल्पिक उर्जाको सरल र सहज व्यवस्था मिलाउन सरकारी तथा गैर सरकारी संस्थासँग सहकार्य गर्ने ।
- राष्ट्रिय वनमा परेको चाप घटाउन निजी तथा सार्वजनिक जग्गामा वृहद वृक्षरोपण गर्न नीतिगत, कानूनी,

आर्थिक तथा प्राविधिक व्यवस्था मिलाउने ।

- चुरे क्षेत्रको जैविक विविधता र जलाधार संरक्षण गर्न एक विशेष कार्यक्रम कार्यान्वयन गर्ने ।
- वैज्ञानिक वन व्यवस्थापनका आधार र सूचकहरुको राष्ट्रिय मापदण्ड तयार गरी जिल्ला र समूह स्तरको वन कार्ययोजनामा समावेश गरि लागू गर्ने ।
- वन क्षेत्रमा हुने बढ्दो पूर्वाधार विकासका क्रियाकलापलाई निरुत्साहित पार्दै वातावरणीय प्रभाव अध्ययन गर्ने कार्यलाई अनिवार्य गर्ने ।
- वन्यजन्तु र जडीबुटी चोरी तस्करी, वन डढेलो, अतिक्रमण, काठ दाउरा चोरी कटानी रोकथाम र नियन्त्रण एवं पुनरुत्थान गर्न जिल्ला वन क्षेत्र समन्वय समिति तथा जिल्ला वन अनुगमन समितिलाई सक्रिय बनाउने ।
- सीमसार र जैविक विविधताका महत्वपूर्ण स्थान (Hot spot) संरक्षण गर्न नमूना कार्यक्रम संचालन गरि नीतिगत र कानूनी व्यवस्था गर्ने ।
- आर्थिक सशक्तिकरणका लागि हरित रोजगारी सृजनागरी जिम्मेवारीपूर्ण वन उपयोग गर्दै वनजन्य उद्योग स्थापना, विस्तार तथा राष्ट्रिय एवं निजी वनबाट हुने काठ दाउराको विक्रीवितरणलाई सहज बनाइ स्थानीय आय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने तर्फ अग्रसर हुने ।
- तुलनात्मक फाइदा हुने काठ तथा गैहकाष्ठ वन पैदावरको व्यवसायिक तथा लघु उद्यम स्थापना, दिगो संचालन र बजार व्यवस्थापनमा जोडदिने ।
- वन समुदायको कोषमा रहेको आम्दानीको तोकिए बमोजिमको प्रतिशत रकम वन विकास र गरिवी न्यूनीकरण कार्यमा विनियोजन गर्न सहजिकरण गर्ने ।
- निजी-समुदाय-सरकार बीच सहकार्यको वातावरण तयार पार्ने ।
- वन व्यवस्थापनका विविध पक्षमा सर्वसाधारण र सरोकारवालाहरुलाई जनचेतना गोष्ठी एवं सीपमूलक तालिम संचालन गरी दक्षता अभिवृद्धि गर्न सहयोग गर्ने ।
- कार्ययोजना तर्जुमा गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका पक्षहरु संलग्न गरिने ।
- वन विकास कार्यक्रमलाई दिगो बनाउन सुशासन तथा सामाजिक परिचालनका कार्यक्रमहरु लागु गर्ने ।
- वन पैदावार विक्रि वितरण गर्ने संस्थान/निकाय बीच सहकार्य गरी जनतालाई सर्वसुलभ तरिकाले काठ दाउरा उपलब्ध गराउने ।
- वन क्षेत्रको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी र सफल बनाउन क्षेत्रीय वन निर्देशनालयसँग समन्वय गरि अनुगमन तथा मूल्याङ्कनलाई सुदृढ गर्ने ।
- केन्द्र, क्षेत्र र जिल्लास्तर तथा समदुाय स्तरमा आयोजना, परियोजना र कार्यक्रमहरुको सफल संचालनका लागि नियमित समन्वय वैठक, संचालन गर्ने ।
- वन नीति/ऐन कानून निर्माणमा वन तथा भू संरक्षण मन्त्रालयलाई सहयोग गर्ने ।
- विवेकपूर्ण ढंगले भू उपयोग योजना तर्जुमा गरी सही भू उपयोगको सुनिश्चित गर्ने ।
- एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अनुरुप र जलाधारीय अवस्थाहरुको आधारमा भू तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- जल, कृषि र वन व्यवस्थापनका कार्यक्रमहरुलाई समेटेर एकीकृत जलाधार व्यवस्थापनका पोँटली कार्यक्रमहरु (प्याकेज प्रोग्राम) को विकास गरी सञ्चालन गर्ने ।
- उपयुक्त प्रविधिहरुको विकास र संरक्षण शिक्षा, प्रचार प्रसार र प्रदर्शनीहरुको माध्यमबाट जलाधार व्यवस्थापनका कार्यक्रमहरुमा जनसहभागिता सुनिश्चित गर्ने ।

- उपजलाधार क्षेत्रहरुलाई कार्यक्रमहरुको तर्जुमा, व्यवस्थापन र कार्यान्वयनको एकाई मानी तिनलाई एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अनुरुप सञ्चालन गर्ने ।
- उपल्लो तटीयक्षेत्र र तल्लो तटीय क्षेत्रवीचको अन्योन्याश्रित अन्तरसम्बन्धलाई सम्बोधन गर्ने ।
- जलाधार व्यवस्थापनको संस्थागत विकासलाई प्रवर्द्धन गरी मुलुकका सवै पारिस्थितिक क्षेत्र र जिल्लाहरुमा विस्तार गर्ने ।
- जल, जमिन, जङ्गल र अन्य जलाधारीय श्रोतहरुको बहुउद्देशीय प्रयोगमा जोडदिने र तिनको संरक्षण र सदुपयोगलाईं सुनिश्चित गर्ने ।
- वातावरण र विकास वीचको सन्तुलनता सुनिश्चित गर्ने र पूर्वाधार निर्माणका क्रममा हुने वातावरणीय क्षतिलाई कम गर्ने उपायहरुलाई अवलम्वन गर्ने ।
- जलाधार व्यवस्थापनसंग प्रत्यक्ष सम्वन्ध रहने वन, कृषि, पशु, जल र भूमि व्यवस्थापन जस्ता क्षेत्रहरुसंगको अन्तरसम्वन्धलाई कायम राख्दै तिनीहरु वीच समन्वय जालोको स्थापना गर्ने ।
- जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्दा जलविद्युतका बाँध, खानेपानी मुहान, सिंचाई कुलो, नदी किनारा आदिको संरक्षणमा जोड दिने ।

## १.८ राष्ट्रिय नीतिहरुमा वन तथा भू संरक्षणको सन्दर्भ

### १. वन नीति, २०७५

नेपाल सरकारबाट मिति २०७५ माघ २१ मा स्वीकृत भएको वन नीति २०७५ मा वन तथा भू संरक्षणका लागि गरिएको नीति, रणनीति र कार्यनीतिहरु अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

### २. चौधौ योजना (२०७३/७४ - २०७५/०७६) को आधार-पत्रमा वन तथा भू संरक्षण व्यवस्थापन सम्बन्धी भएका व्यवस्थाहरु

#### *१. वन तथा भू संरक्षण*

*उद्देश्य*

- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु ।

*रणनीति*

- विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।
- जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनर्स्थापन तथा पुनर्निर्माण गर्ने ।
- दिगो वन व्यवस्थापन र संरक्षण मार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित अन्तर्राष्ट्रिय लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।
- वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

*कार्यनीति*

- वन क्षेत्रको साङ्गठनिक तथा नीति नियमहरूको समयसापेक्ष सुधार गरिनेछ । (१)

- विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन वन संवर्द्धन प्रणालीमा आधारित वनको दिगो र वैज्ञानिक व्यवस्थापन गरिनेछ । (१)
- वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी संचालन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिनेछ । (१)
- निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ । (१)
- संरक्षित वन, महत्वपूर्ण जैविक मार्ग तथा संरक्षण क्षेत्रहरूको कार्ययोजना तयारी, परिमार्जन तथा कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । (२)
- सबैखाले वनहरूमा आन्तरिक पर्यापर्यटन प्रवर्द्धन गर्न जैविक विविधता र सिमसार (पानीको मुहान, कुवा, इनार) क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ । (२)
- समग्र जलाधारहरूको एकीकृत व्यवस्थापनलाई नेपालको दिगो विकासको मुख्य कार्यनीतिको रूपमा अवलम्बन गर्दै जलाधार सेवाको समुदायस्तरमा वातावरणीय सेवा सम्बन्धी नमुना परीक्षण आयोजना पहिचान र नमुना परीक्षण गरी क्रमशः विस्तार गर्दै लगिनेछ । (२)
- नगर र नगर वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ । (२)
- वन, वनस्पति, वातावरण र जैविक विविधताको बारेमा प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको वातावरण संरक्षणमा सहयोग बढाउन ठूला सहरमा निजी क्षेत्र, सामाजिक संस्था आदिको सहकार्यमा वातावरण शिक्षा तथा प्रचारप्रसार केन्द्र स्थापना गरिनेछ । (२)
- चुरे क्षेत्रको उचित संरक्षणको कार्यलाई परिष्कृत र परिणाममुखी बनाउन माथिल्लो र तल्लो तटीय समुदाय एवम् सरोकारवाला बीच अन्तर्सम्बन्ध हुने गरी नदी प्रणालीमा आधारित एकीकृत संरक्षणको कार्यलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ । (२)
- सिमसार क्षेत्रहरूको अभिलेखीकरण, वर्गीकरण तथा प्राथमिकीकरण गरी योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । जलवायु परिवर्तनको सन्दर्भमा स्थानीय अनुकूलन प्रयासहरूमा सिमसार क्षेत्रको उपयोग सम्बन्धी स्थानीय कार्ययोजना तयार पारी कार्यान्वयन गरिनेछ । (२)
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षित क्षेत्र, तराई तथा पहाडी भूपरिधिस्तरीय कार्य, जैविक मार्ग, सिमसार क्षेत्रहरूको संरक्षण र विकास गर्दै निजी क्षेत्रको समेत सहभागितामा पर्यटन प्रवर्द्धन गरिनेछ । (३)
- महत्वपूर्ण पारिस्थितिक प्रणाली, जोखिमयुक्त वन्यजन्तुहरूको वासस्थान संरक्षण, प्रजनन एवम् जनसङ्ख्या व्यवस्थापनको कार्य विस्तार गरिनेछ । (३)
- भू उपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (३)
- जलवायु परिवर्तन अनुकूलन/समानुकूलन/पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनलाई मूलप्रवाहीकरण गर्नुका साथै रेड कार्यान्वयनको आवश्यक तयारी पूरा गरी कार्यान्वयन गरिनेछ । (३)
- जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण,

अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ । (३)

- स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ । (४)
- वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ । (४)
- तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवम् निर्यातका लागि ब्रान्डिङ सहितको बजार प्रवर्द्धन गरिनेछ । (४)
- सामुदायिक वनको पैदावारको उत्पादन, प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधीकरण र प्रविधि विकास एवम् हस्तान्तरण गरिनेछ । (४)
- विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ । (४)
- सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ । (४)
- उच्च आर्थिक महत्वको वन्यजन्तुको पालन, प्रजनन र व्यवसायीकरण गर्न नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ । (४)

## २. जल उत्पन्न प्रकोप व्यवस्थापन

*उद्देश्य*

- बाढी, पहिरोजस्ता जल उत्पन्न प्रकोपहरू हुनुअघि नै रोकथाम गर्नु र यस्ता जोखिम र जोखिमबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्नु ।
- बाढी तथा डुबानको व्यवस्थापन उकासबाट प्राप्त जोखिमरहित जग्गाको समुचित उपयोग गर्नु ।

*रणनीति*

- ।तिगत एवम् संस्थागत व्यवस्था सुधार गरी जल उत्पन्न प्रकोप व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
- प्रभावकारी प्रकोप नियन्त्रणको लागि आवश्यक प्रविधिको पहिचान, विकास र विस्तार गर्ने ।

*कार्यनीति*

- जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्न कार्यक्रम सञ्चालन गरिनेछ । (१)
- प्रभावित क्षेत्र व्यवस्थापनको लागि संस्थागत विकास एवम् सामुदायिक सचेतना शिक्षा सञ्चालन गरिनेछ । (१)
- नदी विशेष नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । (१)
- सीमावर्ती तथा होचो क्षेत्रमा हुने डुबान समस्यालाई समाधान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । (१)
- उकास जमिनको समुचित उपयोग समेत गरी नदी नियन्त्रण कार्यमा रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ । (१)
- जोखिम नक्सा र क्षेत्र निर्धारण गरिनेछ । (१)
- रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा बाढी विश्लेषण जस्ता विधिहरूको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ । (२)
- स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको प्रयोग गरी प्रकोप न्यूनीकरण तथा राहत वितरण कार्यक्रमहरू

सञ्चालन गरिनेछ । (२)

- नदीहरूमा हुने डुबान तथा कटानको समस्या न्यूनीकरण गरिनेछ । (२)
- जल उत्पन्न प्रकोप नियन्त्रणका लागि निर्मित संरचनाहरूको उचित मर्मतसम्भार गरी दिगो र भरपर्दो बनाइनेछ । (२)

### १.९ वन तथा भू संरक्षण विभागको दरवन्दी विवरण

यस विभागको सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७०/०४/२८ मा स्वीकृत भएको संगठन संरचना अनुसार विभागमा विभिन्न सेवा समूहका जम्मा ११२ जनाको दरवन्दी रहेको छ । उक्त संगठन संरचना अनुसार हाल कायम रहेको दरवन्दी, पदपूर्तिको अवस्था र रिक्त दरवन्दीको विवरण अनुसूची-२ मा दिइएको छ ।

# २. वन तथा भू संरक्षण विभागका कार्यक्रमहरू

## २.१ साविक वन विभाग र विभाग अन्तरर्गतका कार्यालयहरूबाट आ.व. २०७४।७५ मा सञ्चालित कार्यक्रमहरूको परिचय

### १. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

- पञ्चवर्षिय वन व्यवस्थापन योजना तयारी, IEE TOR स्वीकृत, IEE Report स्वीकृत
- साझेदारी वन व्यवस्थापन कार्ययोजनाको IEE Report स्वीकृत
- साझेदारी वन व्यवस्थापन कार्ययोजना तयारी तथा स्वीकृति
- संरक्षित वनको IEE Report स्वीकृत
- वैज्ञानिक वन व्यवस्थापनको समिक्षा, सहजीकरण र कार्यान्वयन
- संकटापन्न लोपोन्मुख प्रजातीको संरक्षण योजना तैयारी तथा स्वीकृत
- वन डढेलो सम्बन्धि अध्ययन, अनुसन्धान र सहजिकरण, नियन्त्रण
- सिमसारको जैविक विविधता संरक्षण, व्यवस्थापन तथा अध्ययन
- विभिन्न आयोजनाहरुलाई अन्य प्रयोजनको लागि वन क्षेत्र उपलब्ध गराउने तथा अनुगमन मूल्यांकन गर्ने
- वन अतिक्रमण नियन्त्रण, सहजीकरण र अनुगमन
- वन तथा वन्यजन्तु सम्बन्धी मुद्धाको अनुसन्धान तहकीकात र मुद्धा दायरी
- वनपैदावारमा आधारित उधोग प्रवर्द्धन तथा विकास

### २. सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम

सुरुमा वनको संरक्षण गरी स्थानिय जनताको वन पैदावारको दैनिक आधारभूत आवश्यकता पूरा गर्ने ध्ययेका साथ संचालित यो कार्यक्रम क्रमश गरिवी न्यूनीकरण, जीविकोपार्जनमा सुधार, सुशसान, जलवायु परिवर्तन, समावेशीताका सवालहरुलाई सम्बोधन गर्दै आईरहेको छ । सामुदायिक वन उपभोक्ता समुह गठन, दर्ता र हस्तान्तरण त तथा पुनवरालोकन, स्थलगत अभ्यास, क्षमता तथा सिप विकास तालिम, गोष्ठि तथा अन्तरक्रिया, तथ्याङ्क संकलन तथा अध्यावधिक, सामुदायिक वनमा वैज्ञानिक व्यवस्थापन, कबुलियति वन समूहमा अन फार्मबाट आय आर्जनको लागि अनुदान सहयोग, पशु स्वास्थ्य सेवा तथा वंश सुधार सहयोग, कबुलियती वन सहकारी गठन, सञ्चालन र अनुदान, कबुलियती बनमा वृक्षरोपण, समूहबाट उत्पादित विरुवा खरिद, वितरण तथा रोपण, बांस, निगालो राईजोम लगायत डालेघांस । घाँस, जडिबुटि तथा बहुउद्देशीय बिरुवा खरिद तथा वितरण आदि मुख्य कार्यक्रम हुन ।

### ३. जडिबुटी विकास कार्यक्रम

महत्वपूर्ण जडिबुटी स्रोतहरुको दीगो संरक्षण र विकासका लागि परम्परादेखि यसको संकलनबाट जीविकोपार्जन गर्दै आएका विपन्न तथा पिछडिएका वर्गलाई खेति विस्तार र उद्यम विकासमा सहभागी गराई आय आर्जनका अवसरबाट गरीबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुऱ्याउने सोचका साथ जडिबुटी विकास कार्यक्रम आ. व. २०६६।६७ देखि संचालनमा रहेको छ । हाल ५६ वटा जिल्लाहरुमा यो कार्यक्रम संचालनमा छ । यो कार्यक्रम विशेष रुपमा जडिबुटीको बाहुल्यता रहेको जडिबुटी पाइने अन्य जिल्लामा समेत सञ्चालित छ ।

## ४. वृक्ष सुधार वृक्षारोपण तथा निजी वन कार्यक्रम

वृक्ष सुधार वृक्षारोपण तथा निजी वन कार्यक्रम अन्तर्गत आधारभूत वृक्ष सुधार कार्यक्रम जस्तै वन बिउ संकलन तथा वितरण, वन बिउ उत्पादन प्रयोगशाला सञ्चालन, नर्सरी तथा बिरुवा उत्पादन, वृक्षरोपण जस्ता कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । साथै, नेपाल सरकारले २०७१।७२ देखि २०८० सम्मको अवधिलाई वन, दशकको रुपमा मनाउने निर्णय गरेको सन्दर्भमा उक्त कार्यक्रम यसै विभागबाट सञ्चालित अर्को महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम एक घर एक रुख , एक गाउँ एक वन, एक नगर अनेक उद्यानलाई प्रवर्द्धन गनुपर्ने लक्ष्यका साथ विविध कार्यक्रमहरु सहित संचालन गरिएको छ । यो कार्यक्रम देशका ८४ वटा डिभिजन वन कार्यालयहरु मर्फत संचालन गरिन्छ ।

## ५. वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रबर्द्धन आयोजना

बाघको बासस्थान व्यवस्थापन र संस्थागत रुपमा ज्ञान र क्षमताको अभिवृद्धि गरी वन्यजन्तुको चोरी शिकार र अवैध व्यापार नियन्त्रण गर्ने उद्देश्यका साथ आ.व. २०६७।६८ देखि वन तथा भू संरक्षण विभाग अन्तर्गतका जिल्ला वन कार्यालयहरु मर्फत संचालन हुंदै आएको यो कार्यक्रम हाल ४७ वटा जिल्लाहरुमा कार्यान्वयन भइरहेको छ । दक्षिण एसियामा दुर्लभ वन्यजन्तु संरक्षण र बासस्थानमा सुधार गर्नु नै वन्यजन्तु संरक्षणका लागि क्षेत्रिय सहयोग प्रवर्द्धन आयोजनाको लक्ष्य हो । स्वस्थ पारिस्थितिकीय प्रणालीको विकास भई सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर पार्ने उद्देश्यलाई टेवा पुर्‍याउनु यस आयोजनाको अपेक्षित प्रतिफल हो । वन्यजन्तुको बासस्थान प्रवर्द्धन हुने कार्यक्रम, घाइते वन्यजन्त पुन स्थापना तथा वन्यजन्तु अपराध नियन्त्रण, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, नियमित अनुगमन तथा गस्ती जस्ता प्रमुख क्रियाकलापहरु यसमा समावेश गरिएका छन् । यी कार्यक्रमहरु चेरी शिकार तथा वन्यजन्तुको अवैध व्यपार नियन्त्रण गर्न अझ बढी उपयोगी भएको छ । यसबाट दुर्लभ वन्यजन्तु बाघको संरक्षणको साथसाथै समग्ररुपमा जैविक विविधताको संरक्षणमा समेत टेवा पुग्ने आशा छ ।

## ७. नेपाल व्यापार एकीकृत रणनीति कार्यक्रम (उदयपुर र सर्लाही)

- जडिबुटी विरुवा उत्पादन
- नर्सरी मर्मत
- फोकल टिमको बैठक
- सञ्चालित कार्यक्रमको निरिक्षण तथा पृष्ठपोषण

## ८. राष्ट्रिय पुनः निर्माण कोष

- सेक्टर । इलाका वन कार्यालय भवन पुननिर्माण
- जिल्ला वन कार्यालय भवन पुननिर्माण
- Wood treatment facility स्थापना तथा संचालन
- Portable Sawmill स्थापना तथा सञ्चालन
- आय आर्जन कार्यक्रम

## २.२ साविक भू तथा जलाधार संरक्षण विभाग अन्तरर्गतका कार्यालयहरुबाट आ.व. २०७४।७५ मा सञ्चालित कार्यक्रमहरु

## १. जिल्ला भू संरक्षण कार्यकम

यो कार्यक्रम नेपाल सरकारको आफ्नो आन्तरिक श्रोतवाट देशका विभिन्न ५८ जिल्लाहरु : ताप्लेजुङ, पांचथर, इलाम, झापा, तेह्रथुम, धनकुटा, मोरङ्ग, संखुवासभा, भोजपुर, खोटाङ, ओखलढुंगा, सिराहा, सप्तरी, उदयपुर, धनुषा,

महोत्तरी, सर्लाही, रौतहट, बारा, मकवानपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौ, ललितपुर, सिन्धुली, रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा, मुस्ताङ, नवलपरासी, रुपन्देही, लमजुङ, तनहुँ, कास्की, पर्वत, स्याङजा, पाल्पा, गुल्मी, अर्धाखाची, म्याग्दी, बागलुङ, सल्यान, प्युठान, रुकुम, रोल्पा, दाङ, जुम्ला, दैलेख, सुर्खेत, डडेलधुरा, बैतडी, डोटी, दार्चुला, कैलाली र कन्चनपुर जिल्लाहरुमा सञ्चालन हुँदै आएको छ । नेपाल संघीय गणतन्त्रमा गइसकेको अवस्थामा आ.व. २०७४।७५ देखि जिल्ला भू संरक्षण कार्यक्रमहरु स्थानीय तहमा निशर्त पठाएको अवस्था छ ।

## २. राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम

यो राष्ट्रिय गौरवको आयोजना वातावरणीय रुपमा सम्वेदनशील चुरे क्षेत्रको वन विनास तथा भू क्षय रोकथाम, जैविक विविधता तथा भौगोलिक, सामाजिक र आर्थिक पक्षहरूलाई ध्यानमा राखी वातावरण सन्तुलन कायम गरी स्थानीय जनताहरुको जीवनस्तरमा सुधार ल्याउन नेपाल सरकारले आ.व. २०६७/०६८ देखि राष्ट्रिय प्राथमिकता प्राप्त (P1) कार्यक्रमको रुपमा वन तथा भू संरक्षण मन्त्रालय मार्फत् यो कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यो तराई र चुरे पहाड भएका २६ जिल्लाहरु इलाम, झापा, मोरङ, सुनसरी, सिराहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, सिन्धुली, नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, दाङ, सुर्खेत, डडेलधुरा, कैलाली र कञ्चनपुर जिल्लाहरुमा सञ्चालन हुदै आएको छ ।
यस कार्यक्रम अन्तरगत यस विभाग मातहतका जिल्ला भू संरक्षण कार्यालयहरुबाट सन्चालित मुख्यमुख्य कार्यक्रमहरूमा भू-उपयोग विकास योजना तर्जुमा, पानी र सेडिमेन्ट व्यवस्थापन, भूमि उत्पादकत्व संरक्षण, सामुदायिक भू संरक्षण, जलाधार संरक्षण तथा नदी उकास जग्गा व्यवस्थापना आदि हुन् ।

## ३. सामुदायिक विकास तथा वन/जलाधार संरक्षण कार्यक्रम

नेपालमा कार्यरत विभिन्न वन/जलाधार आयोजनाहरुबाट प्राप्त अनुभवको आधारमा प्राकृतिक श्रोतको दिगो विकासको निम्ति वन/जलाधार संरक्षण सामुदायिक विकास मार्फत भन्ने अवधारणा अनुरुप सन् १९९४ जुलाई मा सामुदायिक विकास र वन/जलाधार संरक्षण आयोजनाको शुरुवात भएको थियो । यो आयोजना कास्की, पर्वत, स्याङ्जा, म्याग्दी, बाग्लुङ तथा तनहुँ गरी ६ जिल्लाहरुमा सञ्चालन भैरहेकोमा आ.व. २०६६/६७ देखि सिन्धुपाल्चोक र काभ्रे गरी थप २ जिल्लामा विस्तार गरी कुल ८ जिल्लाहरुमा सन्चालन गरिएको छ । यसैगरी सामुदायिक विकास तथा हरियाली आयोजनाको Model duplication गरी भू तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने उद्देश्यले पूनः आ.व.२०६९/७० देखि गुल्मी, पाल्पा र अर्घाखाँची जिल्लामा थप गरी जम्मा ११ जिल्लाहरुमा सञ्चालनमा रहेकोमा यस कार्यक्रमलाई अझ विस्तार गर्ने उद्देश्य अनुरुप आ.व. २०७३।७४ मा ५ जिल्ला (ललितपुर, मकवानपुर, धादिङ, गोर्खा र लम्जुङ) थप गरी जम्मा १६ जिल्लामा यो कार्यक्रम सञ्चालन भई रहेको छ ।

## ४. पर्वतीय जलधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना (Building Climate Resilience of Watersheds in Mountain Eco-Regions Project-BCRWME)

नेपालका पर्वतीय क्षेत्रमा बसोबास गरिरहेका समुदायहरुको जलवायु परिवर्तन समानुकूलनमा सुधार हुने लक्ष्य राखेको यो आयोजना नेपाल जलवायु परिवर्तन समानुकूलन रणनीतिक कार्यक्रम (Strategic Program for Climate Reilience) का ५ वटा Components मध्ये Component 1 -"Building Climate Resilience of Watersheds in Mountain Eco-Regions) हो ।

जलवायु परिवर्तनको नकारात्मक प्रभावको परिणामस्वरुप जलचक्र तथा वर्षातमा प्रकृतिमा आएको परिवर्तनले नेपालको पर्वतीय क्षेत्रमा पानीका स्रोतहरु (मुहान/मूल, खोला) सुक्नुका साथै कतिपय पानीका स्रोतहरुबाट उपलब्ध हुने पानीको मात्रा नै घट्दै गएको हुँदा स्थानीय समुदायहरुका लागि पानीको अभाव एक प्रमुख समस्या भएको पाइएकोले सो समस्यालाई सम्बोधन गर्न स्थानीय जनसहभागिता जुटाई पानीका स्रोतहरुको संरक्षण एवं भूमिगत जलभण्डारमा वर्षाको पानी पुनरभरणका लागि एकीकृत जलाधार ब्यवस्थापन गर्न यो आयोजना नमुना आयोजनाको रुपमा तर्जुमा गरिएको छ । सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका दुईवटा जलाधारहरु तल्लो पश्चिम सेती र बुढीगंगामा सञ्चालन गरिने यी जलाधार क्षेत्रहरु अछाम, वैतडी, बझाङ, बाजुरा, डडेल्धुरा र ढोटी गरी ६ वटा जिल्लामा पर्दछन् । यी जलाधार क्षेत्र भित्र पर्ने १०८ वटा गा.वि.स.हरुमा कार्यक्रम सञ्चालन गर्ने र यसबाट करीव ४५००० घरधुरी लाभान्वित हुनेछन् । आयोजनाको कार्यान्वयन अवधी २० जनवरी २०१४ देखि ३१ जुलाई २०२० सम्म रहेको छ । पानीका श्रोतहरु र ती स्रोतहरुका जलाधार क्षेत्रहरुको समुचित संरक्षण तथा व्यवस्थापन एवं सुधारिएका पानी संकलन गर्ने संरचना निर्माण गरी समुदायहरुलाई सुख्खा मौसममा पानीको उपलब्धता वढाउने, स्थानीय समुदायको सहभागितामा नेपाल सरकारले एकीकृत भू तथा जलाधार व्यवस्थापन गरी स्थानीय समुदायको हैसियतमा सुधार ल्याउने र आयोजनाबाट प्राप्त हुने अनुभव र सिकाईका आधारमा उपयुक्त प्रक्रिया/कार्यविधि अपनाई देशभरी भू तथा जल संरक्षणका कार्यक्रम कार्यान्वयन गर्ने यस आयोजनाको अपेक्षित प्रतिफलहरु रहेका छन् ।

स्थानीय जनसमुदायको उपयोगका लागि (१) उपयुक्त पानी स्रोतहरुको संरक्षण तथा व्यवस्थापन गर्न जलाधर व्यवस्थापन योजना तयार गरी लागु गर्ने, (२) पानी स्रोतको लागि निर्माण गरिएका संरचनाहरु र स्थानीय जनताहरुलाई खतराजन्य/हुनसक्ने गल्छी पहिरोको उपचार गर्ने, (३) पानी श्रोत च्याम्बर, Spring Boxes वा Infiltration galleries को निमार्ण गर्ने, (४) सिंचाई र वस्तुभाउको लागि आवश्यक संरक्षण पोखरीको निर्माण गर्ने र (५) पिउने पानीको लागि आवश्यक ट्यांकी र धाराहरुको निर्माण गर्ने यस आयोजना अन्तर्गत कार्यान्वयन गरिने प्रमुख क्रियाकलापहरु हुन ।

जलाधार व्यवस्थापन कार्यक्रम अन्तरगत एउटा गा.वि.स भित्रका सबै पानीको स्रोतहरुको संरक्षण र पानी संकलन गर्न सुधारिएका संरचनाहरु निमार्ण गर्न उपआयोजना (Sub Project) को विस्तृत योजना तयार गरी कार्यान्वयन गर्ने । यी कार्यक्रमहरु पहिलो चरण, दोश्रो चरण, तेश्रो चरण र चौथो चरण गरी चार चरणमा कार्यान्वयन गर्ने । स्थानीय समुदायको सहभागिताको लागि सामुदायिक विकास मूल समूह र उपसमूह गठन गरी जिल्ला भू संरक्षण कार्यालय मार्फत कार्यक्रम सञ्चालन गर्ने यस आयोजनाको नीति रहेको छ ।

## ५ राष्ट्रिय पुनःनिर्माण कोष

यो कार्यक्रम मिति २०७२ बैशाख १२ गते गएको विनासकारी भूकम्पबाट सिर्जित भू क्षय, पहिरो नियन्त्रण आदि जनताको समेत सहभागितामा सञ्चालन गर्नको लागि नेपाल सरकारले व्यवस्था गरेको कार्यक्रम हो । यस कार्यक्रमको लागि आ.व. २०७१।७२ (भूकम्प गएको आ.व.) मा तत्काल तारजाली व्यवस्थाको लागि रु. २० करोड वजेट व्यवस्था गरेको थियो र आ.व २०७२।७३ देखि भने भूकम्प प्रभावित जिल्लाहरुमा संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमको मूख्य उद्देश्य भूकम्पबाट प्रभावित क्षेत्रमा गल्छी पहिरो नियन्त्रण, क्षतिग्रस्त पानी मुहान संरक्षण, क्षतिग्रस्त सिंचाई कुलो मर्मत आदि कार्यक्रमहरु सन्चालन गरी भूकम्पबाट पुगेको क्षतिको पुनरुत्थान गर्नु रहेको छ ।

## ६. राष्ट्रिय कृषि आधुनिकीकरण आयोजना

नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तर्गत सन्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (बजेट

उपशीर्षक नं. ३१२१६३), कृषि वन (Agro Forestry) अन्तर्गत वन तथा वातावरण मन्त्रालय मार्फत सञ्चालन गरिने यो कृषि वन कार्यक्रमको लक्ष्य कृषि वन कार्यक्रम मार्फत वातावरणीय सन्तुलन कायम गरी कृषि उत्पादनमा बृद्धि ल्याउन योगदान पुर्‍याउन रहेको छ भने यस कार्यक्रमको मूलभूत उद्देश्य भने निजी एवम् सार्वजनिक जग्गामा वृक्षरोपण गर्न अभिप्रेरित गरी किसानहरुलाई आवश्यक वन पैदावारमा आत्मनिर्भर वनाउनु, जल तथा जमीनको एकीकृत व्यवस्थापन गर्दै भूमि उत्पादकत्व अभिवृद्धि गर्नु, स्थानीय समुदायको आयआर्जनमा वृद्धि ल्याउन योगदान पुर्‍याउनु र फल दिने जातका वन (Fruit Forest) को विकास गर्नु रहेको छ । यो कार्यक्रम कृषि विकास मन्त्रालयले छनौट गरेका Super Zone र Zone क्षेत्र रहेका नगरपालिका र गाउँपालिकामा सन्चालन गरिनेछ । आ.व. २०७३।७४ बाट शुरु भएको कार्यक्रम हाल झापा, काभ्रे, बारा, कास्की, दाङ्, जुम्ला र कैलाली जिल्लाका केही गा.वि.स. हरुमा सन्चालन गरिएको छ । यो कार्यक्रम सञ्चालनको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि वन कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७३ तयार गरी लागु गरेको छ ।

## 7. Project Name: Landslide Prevention and Stabilization of Slopes in the most Earthquake Affected District in Nepal

### *Introduction*

Department of Soil Conservation and Watershed Management (DSCWM) and Food and Agriculture Organization (FAO) of the United Nation has implemented Technical cooperation Project entitled TCP/NEP 3601 Landslide Prevention and Stabilization of Slopes in the most Earthquake Affected District in Nepal in the year September, 2016 and will terminate by September, 2018.

The project aims to implement landslide treatment and mitigation measures as well as improved land management practices by applying the low-cost techniques suitable for adaption by local communities in Kalinchowk Rural Municipality-9, Sundrawati of Dolakha district.

The expected outcome of the project is to enhance livelihood and resiliency of vulnerable farm communities of Sundrawati (project area) through the implementation of landslide treatment and mitigation.

### *Project Activities*

The major interventions are Landslide hazard mapping, piloting of community-based landslide early warning system, Landslide treatment, Social mobilization, Training package development and Awareness-raising and capacity building.

# ३. वन तथा भू संरक्षण विभागको वार्षिक प्रगति

यस परिच्छेदमा आ.व. २०७४/०७५ को वित्तिय तथा भौतिक प्रगतिको अवस्था बारे समष्टिगत रुप तथा संगठनात्मक अन्य प्रगति निम्न अनुसार प्रस्तुत गरिएको छ । विस्तृत रुपमा वित्तिय तथा भौतिक प्रगति बारे अनुसूची - ३ मा दिइएको छ ।

## ३.१ वार्षिक भौतिक तथा वित्तिय प्रगति

### साविक वन विभागको वार्षिक भौतिक तथा वित्तिय प्रगति

| क्र.सं. | आयोजनाको नाम | वार्षिक बजेट (हजारमा) | | | वार्षिक खर्च (हजारमा) | | | वित्तिय प्रगति (%) | भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | | |
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | १,३२,७१८ | ५,२४,६३६ | ६,५७,३५४ | १,१५,०५४.१ | ३,९८,६७८.४ | ५,१३,७३२.६ | ७८.१५ | ८७.१३ |
| २ | सामुदायिक तथा कवुलियती वन विकास | २,६३,४७७ | ९५,१५१ | ३,५८,६२८ | २,३३,०६१.१ | ७६,९७३.०५ | ३,१०,०३४.२ | ८६.४५ | ९२.१५ |
| ३ | जडीबुटी विकास कार्यक्रम | ३७,३७६ | १,०३,१४५ | १,४०,५२१ | ३२,८४२.८ | ८०,०६३ | १,१२,९०६ | ८०.३५ | ८५.०० |
| ४ | बृक्ष सुधार, बृक्षारोपण तथा निजी वन कार्यक्रम | २,३९,२१२ | ३६,७३१ | २,७५,९४३ | १,८३,५२२ | ३४,३०५.४ | २,१७,८२७.४ | ७८.९४ | ८५.०० |
| ५ | वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन | ११,९२० | ३५,८०० | ४७,७२० | १२,०६४.४७ | २०,५८०.९८ | ३२,६४५.४५ | ६८.४१ | ८१.५ |
| ६ | राष्ट्रिय पुन निर्माण कोष | १८,२६० | ११,६२० | २९,८८० | ११०८४.५ | ० | ११,०८४.५ | ३७.१ | ६१.९४ |
| ७ | नेपाल ब्यापार एकिकृत रणनीति | १,८२५ | ६२२० | ८,०४५ | १,३५४ | ५,७९४ | ७,१४८ | ८८.८५ | ९३.०० |
| ८ | प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना | ४०,९५६ | | ४०,९५६ | २०,०२५ | | २०,०२५ | ४८.८९ | ७७.९८ |

### समष्टिगत रुपमा हेर्दा

| क्र.सं. | बार्षिक बजेट (हजारमा) | बार्षिक खर्च (हजारमा) | वित्तिय प्रगति (%) | भैतिक प्रगति (%) |
|---|---|---|---|---|
| १. | १५,५९,०५० | १२,२५,४०३.०२ | ७८.५९ | ८३.०७ |

### साविक भू तथा जलाधार संरक्षण विभागको वार्षिक भौतिक तथा वित्तिय प्रगति

यस आ.व. २०७४।७५ मा भू तथा जलाधार संरक्षण विभाग र मातहतका जिल्ला भू संरक्षण कार्यालयहरुद्वारा मूलतः ७ वटा कार्यक्रमहरु भू संरक्षण विभाग कार्यक्रम, जिल्ला भू संरक्षण कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, सामुदायिक विकास तथा वन/जलाधार संरक्षण कार्यक्रम, पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकुलन आयोजनो, राष्ट्रिय पुनःनिर्माण कोष र राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम मार्फत भू संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिएको थियो । यी आयोजना/कार्यक्रमहरु संचालन गर्दा विभागले कुल बार्षिक वजेट रु. ७६.६१ प्रतिशत खर्च गरेर समष्टिगत रुपमा ८५.८४ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । आयोजना/कार्यक्रमगत प्रगति विवरण तपसील बमोजिम रहेको छ ।

## आ. व. २०७४/०७५ को चौमासिक तथा बार्षिक प्रगति सारांश

| सि.नं | कार्यक्रमको नाम | प्रथम चौमासिक प्रगति % | दोश्रो चौमासिक प्रगति % | | तेश्रो चौमासिक प्रगति % | | बार्षिक प्रगति % | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भारित | वित्तीय | भारित | वित्तीय | भारित | वित्तीय | |
| १ | जिल्ला भूसंरक्षण कार्यक्रम | ४.५७ | ३७.१७ | | ४५.७२ | | ८७.४६ | ८३.४२ | |
| २ | राष्ट्रपति चुरेसंरक्षण कार्यक्रम | ३.२ | ४५.७२ | | ४९.७४ | | ९८.४५ | ९३.७० | |
| ३ | सामुदायिक तथा बन जलाधार संरक्षण कार्यक्रम | २.५१ | ३४.७६ | | ४१.९६ | | ७९.२३ | ८१.७६ | |
| ४ | राष्ट्रिय पुनः निर्माण कार्यक्रम | ## | ## | | ८८.६५ | | ८८.६५ | ८२.५० | ## कार्यक्रम तथा बजेट अख्तियारी दोश्रो चौमासिकमा मात्र गएको |
| ५ | पर्वतीय जलाधारहरुको जलबायु परिबर्तन समानुकूलन आयोजना | १४. २५ | ३१.८४ | | ४१.५९ | | ८७.६८ | ५०.७० | |
| ६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना | ३३ | ३२.१२ | | ९३.६८ | | ९३.६८ | ९३.२० | |
| ७ | भूसंरक्षण बिभाग कार्यक्रम | ०.८६ | २९.२२ | | ३५.६८ | | ६५.७६ | ५१.०० | |
| **विभागको औसत बार्षिक प्रगति प्रतिशत** | | | | | | | **८५.८४** | **७६.६१** | |





१००.
९०.
८०.
७०.
६०.
५०.
४०.
३०.
२०.
१०.
०.
८७.४६
९८.४५
७९.२३
८८.६५
८७.६८
९३.६८
६५.७६
८३.४२
९३.७
८१.७६
८२.५
५०.७
९३.२
५१.
जिल्ला भू संरक्षण कार्यक्रम
रास्ट्रपति चुरे संरक्षण कार्यक्रम
राष्ट्रिय पुन निर्माण कार्यक्रम
प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना
भू संरक्षण विभाग कार्यक्रम
खर्च प्रतिशत
भौतिक प्रतिशत

# ४. वार्षिक प्रगतिको समीक्षा

यस परिच्छेदमा आ.व. २०७४।०७५ मा विभाग तथा मातहतका जिल्ला भू संरक्षण कार्यालयहरुबाट सञ्चालन भै सम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरुको भौतिक तथा वित्तिय प्रगति प्रस्तुत गरिनुका साथै हालसम्म हासिल गरिएका मुख्य मुख्य उपलब्धिहरु समेत समावेश गरी तयार गरिएको छ ।

## ४.१ आ.व. २०७४।०७५ को भौतिक प्रगति

### साविक भू संरक्षण विभाग तथा अन्तर्गतका कार्यालयहरुको भौतिक प्रगति

*१. जिल्ला भू संरक्षण कार्यक्रम अन्तर्गत आ.व. ०७४/७५ कोभौतिक प्रगति*

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| १ | सिंचाई कुलो संरक्षण | कि.मि | १.६९६ |
| २ | पहिरो नियन्त्रण | गोटा | १५.४७ |
| ३ | प्राकृतिक प्रकोप ब्यबस्थापन | गोटा | ९.१८९ |
| ४ | खोला किनार संरक्षण | कि.मि | २.६५१ |
| ५ | जलाधार क्षेत्र संरक्षण | हेक्टर | ०.९४२ |
| ६ | नर्सरी स्थापना . बिरुवा खरिद | गोटा | १४.१४ |
| ७ | गल्छी रोकथाम | गोटा | १.८८५ |
| ८. | संरक्षण पोखरी | गोटा | ०.७८५ |
| ९ | पानी मुहान संरक्षण | गोटा | १.९६३ |
| १० | तटबन्धन | गोटा | ० |
| | **जम्मा** | | **४८.७२** |

*२. राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अर्न्तगत आ.व. ०७४/७५ को भौतिक प्रगति*

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| १ | गल्छि, पहिरो तथा खहरे रोकथाम | गोटा | ३५.५७ |
| २ | पानी मुहान संरक्षणाकूवा इनार उत्खनन परीक्षण तथा पानी व्यवस्थापन | गोटा | ६.४९ |
| ३ | नदि तथा खोला किनारा व्यवस्थापन (स्पर, डाइक, बायोइन्जिनियरिङ्) | कि.मि | २६.१३ |
| ४ | सर्भे क्षेत्र । तालतलैया संरक्षण, पोखरी निर्माण वा संरक्षण | गोटा | १०.७८ |
| ५ | रेन वाटरा रनअफ हार्भेस्टिङ्ग ड्याम | गोटा | १४.२८ |
| ६ | नदी उकास जग्गा संरक्षण, सदुपयोग र व्यवस्थापन (तारबार सहित) | हेक्टर | ४.३१ |
| ७ | सिंचाई कुलो संरक्षण, मर्मत तथा सुधार | कि.मि | ०.७० |
| ८ | क्षतिग्रस्त भूमी पूनरुत्थान | हेक्टर | ०.१९ |
| | **जम्मा** | | **९८.४५** |

### ३. राष्ट्रिय पुनः निर्माण कोषको आ.व. ०७४/७५ को भौतिक प्रगति

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| १ | भूकम्पबाट सिर्जित गल्छी पहिरो नियन्त्रण | स्थान | ४६.६३ |
| २ | भूकम्पबाट क्षतिग्रस्त पानी मुहान संरक्षण | वटा | ११.६३ |
| ३ | भूकम्पबाट क्षतिग्रस्त सिंचाई कुलो मर्मत | कि.मि. | ०.४७ |
| ४ | खोला, नदी किनारा संरक्षण | कि.मि. | १०.३१ |
| ५. | भू संरक्षण कार्य | वटा | १९.६१ |
| | जम्मा | | ८८.६५ |

### ४. सामुदायिक विकास तथा वन/जलाधार संरक्षण कार्यक्रम अर्न्तगत आ.व. ०७४/०७५ को भौतिक प्रगति

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| १ | पानी मुहान संरक्षण | वटा | १.१७ |
| २ | संरक्षण पोखरी र सर्विक्षेत्र र तालतलैया संरक्षण कार्यक्रम | स्थान | ०.३७ |
| ३ | वाँस निगालो राइजोम वितरण (हजारमा) | संख्या | ०.३३ |
| ४ | बिरुवा उत्पादन (हजारमा) | वटा | १.७२ |
| ५ | सा. स्रोत व्य. कार्ययोजना कार्यान्वयन | नभएको | ३१.६८ |
| ६ | सा. स्रोत व्य. योजना तयारी | नभएको | ०.५३ |
| ७ | गल्छी पहिरो उपचार | वटा | ७.१७ |
| ८ | बायोन्जिनियरिङ खोला र खहेरे किनारा संरक्षण | कि.मि | ०.०३ |
| ९ | कृषी वन मैत्री खेतीवारी संरक्षण | हेक्टर | ०.३९ |
| १० | क्षतिग्रस्थ भुमि पुनरुत्पादन | हेक्टर | ०.२८ |
| ११ | साझेदारी भू संरक्षण कार्यक्रम | क्षेत्रफल स्थान | १.२४ |
| १२ | विपन्न वर्गका लागी आयमुलक संरक्षण कार्यक्रम | परिवार | ०.१३ |
| १३ | संरक्षण कार्यको व्यवस्थापन. रेखदेख | क्षेत्रफल स्थान | १.३५ |
| १४ | सामुदायिक उत्प्रेरक | जना | ४.१४ |
| १५ | स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरु संग अन्तरक्रिया | पटक | ०.२७ |
| १६ | सहरी जलाधार ब्यवस्थापन योजना तयारी | वटा | ०.५९ |
| १७ | संरक्षण समूह पहिचान तथा सशक्तिकरण | पटक | ०.२९ |
| १८ | थिग्रिकरण रोकथाम संरचना निर्माण | स्थान | २.६४ |
| १९ | जलप्रबाह ब्यवस्थापनको लागि हरित प्रविधि विकाश | स्थान | ५.८७ |
| २० | पानीका श्रोतको अवस्था सर्भेक्षण अध्ययन | | ०.५९ |
| २१ | प्रतिवेदन तयारी तथा पार्श्व चित्र प्रकाशन | पटक | ०.३२ |
| २२ | हरित प्रविधि मार्फत भू स्खलन रोकथाम | स्थान | १०.५२ |
| २३ | फेवाताल जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा कार्यक्रम | वटा | ०.२३ |
| २४ | जलविद्युत आयोजना जलाधार क्षेत्र ब्यवस्थापन योजना तर्जुमा | वटा | ०.४६ |

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| २५ | दरौंदी जलाविद्युत आयोजना सर्भेक्षण तथा योजना निर्माण | वटा | ०.३३ |
| २६ | हरित प्रविधि प्रवर्धन योजना तर्जुमा | | ०.५९ |
| २७ | खोला किनारा कटान संरक्षण | स्थान | ०.८८ |
| २८ | पारिस्थितिकिय प्रणालीद्वारा प्राकृतिक प्रकोप न्यूनीकरण | | २.८३ |
| २९ | हरित पेटी नमुना स्थल निर्माणको अवलोकन भ्रमण | पटक | ०.१३ |
| ३० | विद्युत जलाशय क्षेत्रको एकीकृत जलाधार ब्यवस्थापन कार्यक्रम | क्षेत्र | २.१२ |
| ३१ | केन्द्र अन्तर्गतका कार्यक्रमहरु | | ०.०६ |
| | जम्मा | | **७९.२३** |

## ५. राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यक्रमको ०७४/७५ को भौतिक प्रगति

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| १. | जनसहभागिता परिचालन तथा प्रवर्द्धन | पटक | ४.५३ |
| २. | जल तथा भूमीको एकिकृत व्यवस्थापन | गोटा | ४०.३८ |
| ३. | भू उत्पादकत्व संरक्षण खेतबारी संरक्षण | स्थान | १९.९२ |
| ४. | संरक्षण कार्यको व्यवस्थापन र रेखदेख | स्थान | ५.६६ |
| ५. | नर्सरी स्थापना/विरुवा उत्पादन/विरुवा खरिद | स्थान | १६.३७ |
| ६. | वार्षिक प्रतिवेदन प्रकाशन | वटा | २.६८ |
| ७. | कार्यक्रम अनुगमन निरीक्षण (अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | १.२२ |
| ८. | कार्यक्रम कार्यान्वयन भ्रमण खर्च (आन्तरिक भ्रमण) | पटक | १.४१ |
| ९. | योजना तर्जुमाका आधार र भावी कार्यदिशा तथा समन्वय गोष्ठी, तालिम | वटा | ०.०० |
| १०. | जोन क्षेत्रमा कृषि वन प्रणाली विकासको योजना तर्जुमा | वटा | १.५१ |
| | **जम्मा** | | **९३.६८** |

## ६.पर्वतीय जलधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजनाको ०७४/७५ को भौतिक प्रगति

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| १ | भवन निर्माण | वटा | १.३० |
| २. | कुर्सी अफिस टेबल (फर्निचर तथा फिक्चर्स) | वटा | ०.२९ |
| ३. | मोटरसाईकल, स्कुटर खरिद (मोटरसाईकल, स्कुटर) | वटा | ०.३० |
| ४ | कम्प्यूटर, सर्भर कम्प्यूटर, ल्यापटप आदि खरिद वा मर्मत | संख्या | ०.०९ |
| ५. | Batch I उपआयोजनाहरु अन्तर्गत संरचना निर्माण निरन्तरता | वटा | ०.७८ |
| ६. | Batch I उपआयोजनाहरु अन्तर्गत जलाधार व्यवस्थापन निरन्तरता | वटा | १.१८ |
| ७. | CO/CS हरुको व्यवस्थापन | जना | ६.४३ |
| ८. | Batch II उपआयोजनाहरु अन्तर्गत संरचना निर्माण निरन्तरता | वटा | १.७० |

| सि.न. | विवरण | एकाई | प्रगति |
|---|---|---|---|
| ९. | Batch II उपआयोजनाहरु अन्तर्गत जलाधार व्यवस्थापन निरन्तरता | वटा | २.६० |
| १०. | Batch III उपआयोजनाहरु अन्तर्गत जलाधार व्यवस्थापन निरन्तरता | वटा | ६.०९ |
| ११. | Batch III उपआयोजनाहरु अन्तर्गत संरचना निर्माण निरन्तरता | वटा | १०.२० |
| १२. | Batch IV उपआयोजनाहरु अन्तर्गत संरचना निर्माण निरन्तरता | वटा | १८.४३ |
| १३. | Batch IV उपआयोजनाहरु अन्तर्गत जलाधार व्यवस्थापन निरन्तरता | वटा | ८.३४ |
| १४. | अन्तर्राष्ट्रिय परामर्शदाताबाट पर्वतीय जलाधारहरुको वातावरण अनुकूलन सम्बन्धी परामर्श | पटक | ११.१४ |
| | **जम्मा** | | **६८.८७** |

## Project Name: Landslide Prevention and Stabilization of Slopes in the most Earthquake Affected District in Nepal

## Progress Summary Sheet

| Key Activities, Outputs | Progress Status | Achievement |
|---|---|---|
| **Outcome** | Enhanced livelihood and resiliency of vulnerable farm communities of Sundrawoti (Project Area) through implementation of landslide treatment, mitigation, roadside slope conservation and community *soil* conservation activities. | 1. |
| **Output 1** | Enhanced preparedness for future landslides and mitigated impacts in exitig landslide area of Sundrawoti. | |
| Activity 1.1 : Landslide Hazard Mapping | • Landslide hazard Map prepared.<br>• Final Report submitted to DSCWM and FAO | Completed (100%) |
| Activity1.2: Piloting of Community based landslide early warning system | • Field scoping completed, community sensitized.<br>• Appropriated vendor is selected. | Ongoing 50% |
| Activity1.3: Landslide Treatment | • Landslide coordination committee formed<br>• 818m cracks sealed, 104 m diversion canal constructed, 70 m watteling completed, 132 nos. of Nigalo and 535 nos. of Amriso planted.<br>• A toe wall and a check-dam is constructed. | Ongoing90% |

| | | |
|---|---|---|
| **Output 2** | Improved roadside slope stability implemented in earthquake-affected areas to restore and/or enhance productivity and stability. | |
| Activity 2.1: Selection of appropriate sites of rural roadside conservation management for slope stability interventions | • Sundrawoti rural road selected, surveyed, estimated approved. ·<br>• Tender called, Service provider selected, agreement signed.·<br>• 905 m out 905 m work completed | Completed |
| Activity 2.2: Implementation of community Soil Conservation Activities selected | • Site survey, design, drawing, estimate approved.·<br>• Coordination committee formed & procedure, estimate briefed·<br>• Construction works ongoing in sites. | 70% completed |
| **Output 3:** | • Local Stakeholders Effectively engaged and capacity of Implementation partner and community strengthened in the planning and implementation of landslide treatment, mitigation and community soil conservation activities. | |
| Activity 3.1 Social Mobilization for Trust Building : | • Mobilization NGO selected, agreement signed, 10 staffs procured.NGO field office established.·<br>• Users Coordination Committees formed (10 Nos.)·<br>• Participatory Community Development Plan Prepared. | Continuous 75% |
| Activity 3.2 Training Package Developed and conducted | • Training package completed. ·<br>• Conservation Orientation training completed. ·<br>• Watershed Management planning training completed. ·<br>• Low-cost landslide treatment competed. | 100% completed |
| Activity 3.3 Awareness – raising and capacity building | • 22 events of groups' awareness –raising completed.<br>• DSCWM meeting room supported. | Completed 100% |

| Operational Tasks completed | • Participatory Community Development Plan Prepared (9) ·<br>• Publication (1 Factsheet, 500 copies print.)·<br>• Coordination with District line agencies and Rural Municipality (15 events)·<br>• PSC meeting conducted (1 event), ·<br>• Final Inception report prepared in changed context (1 report) | Completed |
|---|---|---|

## ४.२ आ.व. २०७४।७५ को भौतिक तथा वित्तिय प्रगति

## साबिक वन विभाग तथा अन्तर्गतका कार्यालयहरुको आ.व. २०७४।७५ को भौतिक तथा वित्तिय प्रगति

| क्र. सं. | कार्यक्रमको नाम | वित्तिय प्रगति(%) | भौतिक प्रगति (%) |
|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ७८.१५ | ८७.१३ |
| २ | सामुदायिक तथा कवुलियती वन विकास | ८६.४५ | ९२.१५ |
| ३ | जडीबुटी विकास कार्यक्रम | ८०.३५ | ८५.०० |
| ४ | बृक्ष सुधार, बृक्षारोपण तथा निजी वन कार्यक्रम | ७८.९४ | ८५.०० |
| ५ | वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन | ६८.४१ | ८१.५ |
| ६ | नेपाल ब्यापार एकिकृत रणनीति | ३७.१ | ६१.९४ |
| ७ | राष्ट्रिय पुन निर्माण कोष | ८८.८५ | ९३.०० |
| ८ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ४८.८९ | ७७.९८ |

## साबिक भू संरक्षण विभाग तथा अन्तर्गतका कार्यालयहरुको आ.व. २०७४।७५ को भौतिक तथा वित्तिय प्रगति

आ.व. ०७४।०७५ को कार्यक्रम/आयोजनाहरुको समष्टिगत भौतिक र वित्तिय प्रगति तपसिल बमोजिम रहेको छ । प्राप्त प्रगति विवरणहरु अनुसार भू संरक्षण विभाग कार्यक्रम, जिल्ला भू संरक्षण कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, सामुदायिक विकास तथा वन जलाधार संरक्षण आयोजना, राष्ट्रिय पुनः निर्माण कार्यक्रम, राष्ट्रिय कृषि आधुनिकीकरण आयोजना, पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजनाको भौतिक प्रगति सन्तोषजनक रहेको छ भने यी आयोजनाहरुको भौतिक प्रगतिको दाजोमा वित्तिय प्रगति भने कम रहेको देखिन्छ ।

| क्र. सं. | आयोजना | आ. व. ०७४/०७५ | |
|---|---|---|---|
| | | वित्तिय प्रगति(%) | भौतिक प्रगति (%) |
| १. | जिल्ला भू संरक्षण कार्यक्रम | ८७.४६ | ८३.४२ |
| २. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ९८.४५ | ९३.७० |
| ३ | सामुदायिक तथा वन जलाधार संरक्षण कार्यक्रम | ७९.२३ | ८१.७६ |
| ४. | राष्ट्रिय पुनः निर्माण कार्यक्रम | ८८.६५ | ८२.५० |
| ५. | पर्वतीय जलाधारहरुको जलबायु परिवर्तन समानुकूलन आयोजना | ८७.६८ | ५०.७० |
| ६. | प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना | ९३.६८ | ९३.२० |
| ७. | भू संरक्षण विभाग कार्यक्रम | ६५.७६ | ५१.०० |
| | विभागको औसत बार्षिक प्रगति प्रतिशत | ८५.८४ | ७६.६१ |

आ.व. ०७४।७५ मा सम्पादन गरिएका मुख्य मुख्य कामहरु मध्ये गल्छी पहिरो उपचार तथा खहरे रोकथाम ३६ गोटा, वायो इन्जिनियरिङ्ग प्रविधिबाट खोला किनारा संरक्षण २७ कि.मी., २ गोटा पानी मुहान संरक्षण, प्राकितिक प्रकोप व्यवस्थापन १० गोटा, १५ वटा नर्सरी निर्माण तथा विरुवा खरिद गरी वितरण, २ कि.मी. सिचाई कुलो निर्माण तथा संरक्षण, ४७ स्थानमा भूकम्पबाट सिर्जित गल्छी/पहिरो रोकथाम, २ गोटा भूकम्पबाट क्षतिग्रस्त पानी मुहान संरक्षण, ०.४७ कि. मि. भूकम्पबाट क्षतिग्रस्त सिचाई कुलो मर्मत, १ वटा संरक्षण पोखरी निर्माण आदि रहेका छन् ।

## ४.३ विभाग तथा अन्तर्गतका कार्यालयहरुबाट हालसम्म सम्पन्न गरिएका मुख्य मुख्य कार्यहरु

## साविक वन विभाग र विभाग अन्तर्गतका कार्यालयहरुबाट आ.व. २०७४।७५ मा सञ्चालित कार्यक्रमहरुको परिचय

### १. राष्ट्रिय वन विकास कार्यक्रम

- ***पञ्चवर्षिय वन व्यवस्थापन योजना तयारीः***
  - जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन योजना तयारी : १९ वटा स्वीकृत (मोरङ, डडेलधुरा, झापा, रामेछाप, सिन्धुपालञ्चोक, दाङ्ग, कालिकोट, रुकुम, लमजुङ, ताप्लेजुङ, आदि)
  - जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन योजना कार्यसूची स्वीकृत : ३९
  - जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन योजनाको IEE TOR स्वीकृतः ३९
  - जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन योजना IEE च्भउयचत स्वीकृत : १९ वटा
- ***साझेदारी वन व्यवस्थापन कार्ययोजनाको IEE Report स्वीकृत : ६ वटा***
  - साझेदारी वनमा ३० वटा मध्ये १२ वटा कार्ययोजना कार्यान्वयनमा रहेका
  - साझेदारी वनको ३ दिने दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठी
- संरक्षित वनको IEE Report स्वीकृतः २ वटा (२ वटा संरक्षित वन राजपत्रमा प्रकाशित)
- डढेलो नियन्त्रण सप्ताह सम्पन्न ।
- साझेदारी वन व्यवस्थापन कार्ययोजना तयारी तथा स्वीकृति : २ वटा
- विभिन्न ३७ वटा आयोजनाहरुलाई वन क्षेत्रको १७०९ हेक्टर वनको क्षेत्र अन्य प्रयोजनको लागि उपलब्ध गराइएको ।
- गत आ.व. मा १३ वटा आयोजनालाई १५१.८६ हेक्टर भोगाधिकार प्रदान गरी पूर्वाधार विकासमा सहजीकरण गरेको ।
- नयाँ वन अतिक्रमण नियन्त्रण
- वन अपराध अनुसन्धान तथा मुद्धा दायरी :
  - चिम्पाञ्जी, सालक सम्वन्धि अपराधलाई जघन्य अपराधको रुपमा वन कार्यालयको अनुरोध र समन्वयमा नेपाल प्रहरीद्वारा अनुसन्धान, तहकिकात गरी मुद्दा दायर
  - वाघ, चितुवा, अजिंगर आदि सम्बन्धी अपराध अनुसन्धान गरी मुद्धा दायर ।

## २. सामुदायिक वन विकास कार्यक्रम

- सामुदायिक वन उपभोक्ता समुह गठन, दर्ता र हस्तान्तरण : २१७ गोटा
- सामुदायिक वन उपभोक्ता समूह नविकरण : १०७०
- सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन : ४६ वटा (हालसम्म जम्मा ३२०)

| क्र.सं. | जिल्ला | आ.व. २०७४/७५ | जम्मा | क्र.सं. | जिल्ला | आ.व. २०७४/७५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| 1 | Arghakhanchi | 5 | 19 | 21 | Kaski | 0 | 8 |
| 2 | Baglung | 0 | 1 | 22 | Lalitpur | 0 | 1 |
| 3 | Bajura | 0 | 4 | 23 | Lamjung | 0 | 16 |
| 4 | Banke | 3 | 5 | 24 | Makawanpur | 0 | 15 |
| 5 | Bara | 0 | 5 | 25 | Morang | 1 | 24 |
| 6 | Bardiya | 1 | 5 | 26 | Nawalparasi | 10 | 30 |
| 7 | Chitawan | 6 | 12 | 27 | Palpa | 0 | 12 |
| 8 | Dailekh | 0 | 1 | 28 | Pyuthan | 0 | 4 |
| 9 | Dang | 1 | 5 | 29 | Ramechhap | 0 | 1 |
| 10 | Dhading | 0 | 1 | 30 | Rautahat | 1 | 3 |
| 11 | Dolakha | 1 | 1 | 31 | Rolpa | 0 | 1 |
| 12 | Doti | 0 | 1 | 32 | Rupandehi | 0 | 18 |
| 13 | Gulmi | 0 | 4 | 33 | Sarlahi | 0 | 3 |
| 14 | Ilam | 0 | 3 | 34 | Sindhuli | 0 | 12 |
| 15 | Jhapa | 1 | 3 | 35 | Sindhupalchowk | 0 | 7 |
| 16 | Jumla | 0 | 2 | 36 | Solukhumbu | 0 | 1 |
| 17 | Kabhre | 0 | 5 | 37 | Sunsari | 0 | 3 |
| 18 | Kailali | 0 | 5 | 38 | Surkhet | 4 | 17 |
| 19 | Kanchanpur | 0 | 2 | 39 | Tanahu | 2 | 3 |
| 20 | Kapilbastu | 10 | 19 | 40 | Udayapur | 0 | 3 |
| | | | **Total** | **40 District** | | **46** | **285** |

## ३. कबुलियती वन कार्यक्रम

- कबुलियती वन समूहको विधान तथा जिविकोपार्जन सुधार योजना तयारी : २४७ गोटा
- कबुलियती वन समूह विधान तथा कार्ययोजना पुनरावलोकन : ४५१

## ४. जडिबुटी विकास कार्यक्रम

- पकेट क्षेत्रमा जडिबुटीको स्थायी नर्सरी स्थापना, मर्मत र संचालन
- जडिबुटी विरुवा उत्पादन
- वन पैदावारमा आधारित उद्यम स्थापना :
- जडिबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी फिल्ड स्तरिय कोचिंग
- सूचना प्रवाह तथा पारदर्शिता सवलीकरण

## ५. वृक्ष सुधार वृक्षारोपण तथा निजी वन कार्यक्रम

- लाङ्गटाङ्ग सल्लो, टटेलो, सतिसाल, बिजयसाल, जंगली सिसौ लगायतका संकटापन्न तथा लोपोन्मुख रुख प्रजातिहरुको बीउ संकलन तथा प्रशोधन गरी NAST को Gene Bank मा राख्ने कार्य प्रारम्भ ।
- विजयसाल तथा गुराँसको प्रजाति संरक्षण कार्ययोजना स्वीकृत ।
- सिप्लीगान, रुद्राक्ष, पलांस प्रजातिहरुको वन बीउ बगैंचा (Breeding Seed Orchard) स्थापनाको कार्य जारी रहेको ।

## ६. वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना

- मानव वन्यजन्तु 4Gb व्यवस्थापन सहयोग तथा सहजीकरण
- मानव वन्यजन्तु 4Gb व्यवस्थापन तथा वन्यजन्तु उद्धार
- हिउ चितुवा संरक्षण कार्यक्रम
- वन्यजन्तु उद्धार केन्द्र स्थापना अनुदान सहयोग

## ७. नेपाल व्यापार एकीकृत रणनीति कार्यक्रम (उदयपुर र सर्लाही)

- जडिबुटी विरुवा उत्पादन
- नर्सरी मर्मत
- फोकल टिमको बैठक
- सञ्चालित कार्यक्रमको निरीक्षण तथा पृष्ठपोषण

## ८. राष्ट्रिय पुन निर्माण कोष

- सेक्टर । इलाका वन कार्यालय भवन पुननिर्माण
- जिल्ला वन कार्यालय भवन पुननिर्माण
- Wood treatment facility स्थापना तथा सञ्चालन
- Portable Sawmill स्थापना तथा सञ्चालन
- आय आर्जन कार्यक्रम

## चौधौ आवधिक योजनाको नतिजा खाकाको प्रगति (साविक वन विभागको)

| नतिजा सूचकहरु | इकाई | २०७४/७५ को वार्षिक लक्ष्य | २०७४/७५ को वार्षिक प्रगति |
|---|---|---|---|
| नतिजा सूचकहरु | | | |
| **प्रभाव** | | | |
| कुलगार्हस्थ उत्पादनमा वन क्षेत्रको योगदान | प्रतिशत | | |
| **असर** | | | |
| रोजगारी सृजना | जना (हजारमा) | ४०० | |
| वन क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | ४४.७ | ४४.७४ |
| सघन वनले ओगटेको क्षेत्र | प्रतिशत | ४०.३६ | ४४.३६ |
| संरक्षित क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | २३.३२ | २३.३२ |
| वन क्षेत्रबाट अनुमानित राजश्व रकम | अरव | २ | १.४४ |
| संरक्षणको योजनामा रहेका जीवका प्रजातिको संख्या | संख्या | ८ | |
| संरक्षणको योजनामा रहेका वनस्पतिका प्रजातिको संख्या | संख्या | ५ | ५ (पलाँस, बिजयसाल, जंगलीसीसौ, टटेलो र लाङ्टाङ्ग सल्ला) |
| **प्रतिफल** | | | |
| भूकम्पबाट ध्वस्त संरचना पुनर्निर्माण | गोटा | ८५ | संसोधनमा सुरक्षा निकाय बाहेक अरुको भवन निर्माण कार्यक्रम हटाइएको । |
| समुदायमा आधारित वन व्यवस्थापनका लागि समूह गठन तथा वन हस्तान्तरण | गोटा | ५०० | ४६६ वटा (साझेदारीः २, कबुलियतीः २१७, सामुदायिकः २४७) |
| विरुवा उत्पादन | गोटा | १५,०००००० | बिरुवा उत्पादन : १,२७,६३,०००, बिरुवा खरिद : ४५,९८,०००, जम्मा : १,७३,९८०० |
| वन क्षेत्रको अतिक्रमण हटाइएको क्षेत्रफल | हेक्टर | २००० | ५९२ हे. चुरे तर्फ, ३०३ हे. वन विभाग तर्फ |
| वन उद्यमको विकास तथा प्रबर्द्धन सहयोग | गोटा | ३५ | जडिबुटि केन्द्र स्थापनाः ६, टिमुरः ३, लप्सिः ३, गैरकाष्ठ तथा जडिबुटि भण्डारण तथा प्रशोधनः २९, वन पैदावार मा आधारीत उद्योग स्थापनाः २, अल्लो प्रशोधनः १ |
| संरक्षित वन क्षेत्र | गोटा | १ | २ (रेसुङ्गा र थाप्लेसत्यवती सालिमे दह, गुल्मी) |
| ७ | जिल्ला वन कार्यालय, सोलुखुम्बु | ९८०.०० | ४६ | जिल्ला वन कार्यालय, नवलपरासी | ३,९२०.०० |
| ८ | जिल्ला वन कार्यालय, खोटाङ | ७८७.०० | ४७ | जिल्ला वन कार्यालय, रुपन्देही | ६,५६८.०० |
| ९ | जिल्ला वन कार्यालय, तेह्रथुम | ५,३५१.०० | ४८ | जिल्ला वन कार्यालय, कपिलवस्तु | २,२६०.०० |
| १० | जिल्ला वन कार्यालय, संखुवासभा | २,६९०.०० | ४९ | जिल्ला वन कार्यालय, पाल्पा | १०४.०० |
| ११ | जिल्ला वन कार्यालय, भोजपुर | ३४२.०० | ५० | जिल्ला वन कार्यालय, गुल्मी | १,६५०.०० |
| १२ | जिल्ला वन कार्यालय, धनकुटा | २,०६७.०० | ५१ | जिल्ला वन कार्यालय, अर्घाखांची | २,४०७.०० |
| १३ | जिल्ला वन कार्यालय, ओखलढुंगा | ६९.०० | ५२ | जिल्ला वन कार्यालय, प्यूठान | ९९.०० |
| १४ | जिल्ला वन कार्यालय, सिराहा | ७,२९४.०० | ५३ | जिल्ला वन कार्यालय, रुकुम | १,००४.०० |
| १५ | जिल्ला वन कार्यालय, सप्तरी | १३,३६८.०० | ५४ | जिल्ला वन कार्यालय, रोल्पा | ४,२१०.०० |
| १६ | जिल्ला वन कार्यालय, उदयपुर | ११,४३४.०० | ५५ | जिल्ला वन कार्यालय, सल्यान | २,३६६.०० |
| १७ | जिल्ला वन कार्यालय, धनुषा | ८,०४२.०० | ५६ | जिल्ला वन कार्यालय, दाङ | ४५,४४०.०० |
| १८ | जिल्ला वन कार्यालय, महोत्तरी | १७,५६३.०० | ५७ | जिल्ला वन कार्यालय, दैलेख | १,३७६.०० |
| १९ | जिल्ला वन कार्यालय, रौतहट | ३१,६२९.०० | ५८ | जिल्ला वन कार्यालय, जाजरकोट | १,३१८.०० |
| २० | जिल्ला वन कार्यालय, सर्लाही | ११,६९०.०० | ५९ | जिल्ला वन कार्यालय, सुर्खेत | ४,८७२.०० |
| २१ | जिल्ला वन कार्यालय, बारा | ८१,८९०.०० | ६० | जिल्ला वन कार्यालय, मुगु | ४,३०४.०० |
| २२ | जिल्ला वन कार्यालय, पर्सा | १७,८०२.०० | ६१ | जिल्ला वन कार्यालय, डोल्पा | २,८८८.०० |
| २३ | जिल्ला वन कार्यालय, चितवन | ११,७९५.०० | ६२ | जिल्ला वन कार्यालय, बाके | १९,७९८.०० |
| २४ | जिल्ला वन कार्यालय, मकवानपुर | ५,९७६.०० | ६३ | जिल्ला वन कार्यालय, बर्दिया | २७,४३३.०० |
| २५ | जिल्ला वन कार्यालय, दोलखा | ६,४५४.०० | ६४ | जिल्ला वन कार्यालय, डोटी | १२२.०० |
| २६ | जिल्ला वन कार्यालय, रामेछाप | ७६१.०० | ६५ | जिल्ला वन कार्यालय, हुम्ला | ३,४६८.०० |
| २७ | जिल्ला वन कार्यालय, सिन्धुली | १५,१८७.०० | ६६ | जिल्ला वन कार्यालय, जुम्ला | ४०,२५६.०० |
| २८ | जिल्ला वन कार्यालय, सिन्धुपाल्चोक | ४,७०५.०० | ६७ | जिल्ला वन कार्यालय, कालिकोट | १९७.०० |
| २९ | जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोक | ४,५३९.०० | ६८ | जिल्ला वन कार्यालय, दार्चुला | १,८४६.०० |
| ३० | जिल्ला वन कार्यालय, काठमाण्डौं | १,९६८.०० | ६९ | जिल्ला वन कार्यालय, बैतडी | २,४२३.०० |
| ३१ | जिल्ला वन कार्यालय, भक्तपुर | ९९०.०० | ७० | जिल्ला वन कार्यालय, डडेलधुरा | ३,११२.०० |
| ३२ | जिल्ला वन कार्यालय, ललितपुर | २१,८४४.०० | ७१ | जिल्ला वन कार्यालय, कैलाली | २५,०४३.०० |
| ३३ | जिल्ला वन कार्यालय, धादिङ | ६३९.०० | ७२ | जिल्ला वन कार्यालय, बझाङ | ८६६.०० |
| ३४ | जिल्ला वन कार्यालय, नुवाकोट | १,६२२.०० | ७३ | जिल्ला वन कार्यालय, बाजुरा | २,२२०.०० |
| ३५ | जिल्ला वन कार्यालय, रसुवा | ५,३४१.०० | ७४ | जिल्ला वन कार्यालय, कन्चनपुर | ९,०६६.०० |
| ३६ | जिल्ला वन कार्यालय, कास्की | १,०१४.०० | ७५ | जिल्ला वन कार्यालय, अछाम | ७२९.०० |
| ३७ | जिल्ला वन कार्यालय, स्याङ्जा | ८३.०० | ७६ | वन विभाग | ३६,३९८.०० |
| ३८ | जिल्ला वन कार्यालय, तनहुं | १२४.०० | ७७ | शसस्त्र वन तालिम | २,२६४.०० |
| ३९ | जिल्ला वन कार्यालय, गोरखा | १,८५१.०० | | **जम्मा** | **६,०७,३६७.००** |

# राष्ट्रिय वन नीति
# २०७५

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमी

वन नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो । मुलुकको झण्डै आधा भाग ढाकेको वन क्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुऱ्याएको छ । वन क्षेत्रको दिगो व्यवस्थापनबाट हरित अर्थतन्त्र निर्माण, रोजगारीको अवसरहरुको श्रृजना, पर्यापर्यटनमा टेवा, कार्बन संचिति, जैविक विविधता र जलाधार जस्ता पारिस्थितिकीय सेवाहरु अभिबृद्धि गरी समृद्धि प्राप्तिको राष्ट्रिय लक्ष्यमा वन क्षेत्रको समग्र योगदान बढाउनु पर्ने आवश्यकता रहेको छ । नेपालले सामुदायिक वन लगायतका समुदायमा आधारित वन व्यवस्थापनबाट प्राप्त गरेका सफलता विश्वमा नै उदाहरणीय मानिएको छ । समग्र वन व्यवस्थापन र वनमा आधारित उद्यम विकासमा उपभोक्ता समूह, सहकारी संस्था, वन उद्यमी, काष्ठ, जडिबुटी तथा गैरकाष्ठ वनपैदावारका उद्योग व्यवसायी तथा पारिवारिक तथा निजी वन धनीहरुको भूमिका समेत अपरिहार्य रहेकोले परिमाणात्मक तथा गुणात्मक रुपमा सरोकारवालाहरुको सहभागिता बढाउँदै लैजान नयाँ वातावरण निर्माण गर्नु पर्ने बिषय प्राथमिकतामा रहेको छ । नेपाल संघीय संरचनामा रुपान्तरण भइरहँदा वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, कार्बन संचिति जस्ता श्रोत र सेवाहरुको व्यवस्थापन र तिनबाट प्राप्त हुने लाभको न्यायोचित वितरण गर्ने कार्यमा संघीय, प्रादेशिक र स्थानीय सरकारका बीचमा निरन्तर समन्वय, सहकार्य र सहयोग हुनु पर्ने पृष्ठभूमिमा नेपालको राष्ट्रिय वन नीति, २०७५ तर्जूमा गरिएको छ ।

## २. विगतमा भएका प्रयास

नेपालमा वन श्रोतको संरक्षण र उपयोगका लागि एकीकरण पूर्वदेखि प्रयास हुँदै आएको हो । एकीकरण पश्चात २००७ सालसम्मको अवधिमा वन जंगललाई आदिवासी जनजातिहरुले किपट, गुठी जस्ता सामूहिक सम्पतिको रुपमा एकातिर उपयोग गर्दै आए भने अर्कोतर्फ शासकहरुले सम्भ्रान्त परिवारहरुलाई बिर्ता वा जागिरका रुपमा वन जंगल दर्ता गरी दिने काम भयो । तर २००७ सालको राजनीतिक परिवर्तन पश्चात २०१३ सालमा कानून बनाएरै सामन्तहरुका निजी स्वामित्वमा रहेका वन जंगललाई राष्ट्रियकरण गरियो । त्यसै गरी बिर्ता उन्मुलन र किपट प्रथाको अन्त्य गरी नेपालभित्रको वन जंगलको अधिकांश भागलाई सरकारी सम्पत्तिका रुपमा रुपान्तरण गरियो । वनको संरक्षण गर्न पहिलो ऐनको रुपमा वन ऐन, २०१८ जारी गरी मुलुकको वन श्रोतलाई वन विभागको नियन्त्रणमा ल्याइयो । तर यस प्रक्रियाबाट वन जंगलमा जनताको अपनत्व कम भयो भने वन विनासको दर बढ्दै गयो । त्यसै गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी गरी वन्यजन्तु र पारिस्थिकीय महत्वका स्थानहरुलाई संरक्षण गर्ने प्रयास गरियो । यी अभ्यासगत वा कानूनी प्रयासहरु भए पनि नीति दस्तावेजका रुपमा भने पहिलो पटक २०३३ मा राष्ट्रिय वन योजना जारी भएको हो ।

राष्ट्रिय वन योजना, २०३३ मार्फत वनको संरक्षण र व्यवस्थापनमा जनसहभागिता जुटाउने नीति अवलम्बन गरियो । नयाँ वृहत् वन नीतिका रुपमा वन विकास गुरु योजना २०४७ जारी गरियो । यस गुरु योजनाले क) सामुदायिक तथा निजी वन, ख) राष्ट्रिय तथा कबुलियती वन, ग) काठमा आधारित उद्योग, घ) जडिबुटी तथा सुगन्धित वनस्पति तथा अन्य गैरकाष्ठ वन पैदावारको विकास, ङ) पारिस्थिकीय प्रणाली तथा आनुवंशिक श्रोतको संरक्षण र च) भू संरक्षण तथा जलाधार व्यवस्थापन गरी ६ वटा प्रमुख कार्यक्रमहरुको विस्तृत योजना तयार गरी तिनको लागि ६ वटा टेवामूलक कार्यक्रमहरु समेत पहिचान गऱ्यो । गुरु योजनाको उपलब्धि स्वरुप वन, जलाधार र संरक्षित क्षेत्र व्यवस्थापनमा जनसहभागिताको अनुकूल वातावरण श्रृजना भई देशव्यापी रुपमा हजारौंका संख्यामा उपभोक्ता समूहहरु गठन भई क्रियाशील रहे । २०५७ मा परिमार्जित वन नीति जारी गरियो जसमा

खासगरी तराईका ठूला चक्ला वनहरुको व्यवस्थापनका साथै वनमा आधारित उद्योगका सवालहरुलाई सम्बोधन गर्ने प्रयास गरियो ।

वन विकास गुरु योजनाको २१ वर्षे अवधिको समाप्ति पश्चात वन नीति, २०७१ जारी गरियो जसमा दिगो वन व्यवस्थापन, वातावरणीय सेवाबाट प्राप्त लाभको न्यायोचित वितरण, जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, समुदायद्वारा व्यवस्थित वन, हरित रोजगारीको श्रृजना, जलवायु परिवर्तन र सुशासन गरी ७ वटा प्रमुख नीतिगत क्षेत्र र तिनका रणनीति र कार्यनीति समेत पहिचान गरियो । वन नीति, २०७१ लागु भएको चार वर्ष पूरा भएको सन्दर्भमा नेपालको संविधान जारी भए पश्चात राज्यको निर्देशक सिद्धान्त र नीतिमा वनका नयाँ विषयहरु समावेश भएको, मुलुक संघीय संरचनामा रुपान्तरण भएको र संघको अधिकारको सूचीमा राष्ट्रिय वन नीति समेत परेको हुँदा नयाँ राष्ट्रिय वन नीति तर्जूमा गरिएको हो ।

## ३. हालसम्मको उपलब्धी

दिगो विकास लक्ष्य हासिल गर्न वन क्षेत्रको योगदान उल्लेखनीय रहेको छ । स्थानीय समुदाय र राज्य संरचनाको निरन्तर प्रयासबाट हाल वन क्षेत्र नेपालको कूल भूभागको ४४.७४ प्रतिशत पुगेको छ । यसबाट स्थानीय बासिन्दाको वन पैदावारको दैनिक आवश्यकतालाई परिपूर्ति गर्नुका साथै वातावरणीय सन्तुलनमा अहम् भूमिका निर्वाह गरेको छ । राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा ठूलो योगदान पुऱ्याएको छ । नेपालको सामुदायिक वन अन्तर्राष्ट्रिय जगतमा नै उदाहरणीय बन्न पुगेको छ । करीव २२ हजार सामुदायिक वन उपभोक्ता समूहहरुबाट करीव २२ लाख हेक्टर वन क्षेत्रको संरक्षण र व्यवस्थापन भईरहेको छ । गरिवीको रेखामुनी रहेका समुदायलाई हस्तान्तरण गरिएको कवुलियती वनबाट उक्त समुदायको जीवनस्तर उकास्न मद्दत पुगेको छ । हालसम्म १ लाख १३ हजार १८५ हेक्टर वन क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन पद्धति लागु गरी वन व्यवस्थापन गरिएको छ । यसले वन पैदावारको आपूर्ति र हरित उद्यम सञ्चालनमा मद्दत पुगेको छ । जैविक विविधता तथा जलाधारको हिसाबले महत्वपूर्ण क्षेत्रहरुको पहिचान गरी हालसम्म १० वटा संरक्षित वनको रुपमा घोषणा गरी जनसहभागितामा संरक्षणमुखी कार्यक्रमहरु सञ्चालन गरिएको छ । करीव १ लाखभन्दा बढी स्थानीय मानिसहरुले वनमा पूर्णकालिन रोजगारीको अवसर प्राप्त गरेका छन् । रुद्राक्ष, खयर, सतिसाल, विजयसाल लगायतको विभिन्न महत्वपूर्ण वनस्पति प्रजातिहरुको वन बीउ बगैंचाहरु व्यवस्थापन भई रहेको छ । साथै विजयसाल जस्ता लोपोन्मुख वनस्पति प्रजातिहरुको संरक्षण कार्ययोजना तयार भई अगाडि बढाइएको छ । नेपाल विभिन्न बहुमूल्य जडिबुटीहरुको भण्डारको रुपमा रहेको छ । यस्ता महत्वपूर्ण वानस्पतिक श्रोत तथा जडिबुटीहरुको अध्ययन, अनुसन्धान, अभिलेखीकरण र गुण पहिचान गर्दै प्रविधि विकास गरी खेती विस्तारका कार्यहरु सञ्चालन गरिएको छ । एकातर्फ आर्थिक महत्वका जडिबुटीहरुको खेती विस्तार, व्यावसायीकरण र मूल्य अभिवृद्धि सहित अन्तर्राष्ट्रिय बजारसम्म निकासी प्रवर्द्धन गर्ने कार्य भई रहेको छ भने अर्कोतर्फ लोपोन्मुख जडिबुटी प्रजातिहरुको दिगो संरक्षण र उपयोगका कार्यक्रमहरु कार्यान्वयनमा रहेको छ । नेपालको भौगोलिक बनावट भू क्षय, बाढी पहिरो, माटोको थिग्रीकरण लगायतका जलाधारीय जोखिममा रहेको अवस्थामा नदी प्रणालीमा आधारित वृहत जलाधार व्यवस्थापनका कार्यहरुलाई एकीकृत रुपमा अगाडि बढाइएको छ । भौगोलिक हिसावले अत्यन्त सम्वेदनशील अवस्थामा रहेको चुरे क्षेत्रको संरक्षणको लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास कार्यक्रम सञ्चालनमा रहेको छ । चुरे र भावर तथा तराई क्षेत्रको अन्योन्याश्रित सम्बन्धलाई मध्यनजर गरी तल्लो तटीय र माथिल्लो तटीय सम्बन्धको आधारमा संरक्षण र व्यवस्थापनका कार्यहरु भईरहेको छ । नेपालको कूल भूभाग मध्ये २३.३९ प्रतिशत क्षेत्रफल

संरक्षित क्षेत्रले ओगटेको छ । यी संरक्षित क्षेत्रहरुबाट जैविक विविधता संरक्षणमा अत्यन्त ठूलो योगदान पुगेको छ । नेपालमा रहेका ११८ पारिस्थितिक प्रणालीहरुमध्ये ८० वटा यीनै संरक्षित क्षेत्रभित्र पर्दछन् । यी संरक्षित क्षेत्रहरुमा विश्वमा नै दूर्लभ मानिएका बाघ, गैंडा, हात्ती, हिउँचितुवा लगायतका महत्वपूर्ण एवं Flagship प्रजातिहरुको संरक्षण योजना तयार भई कार्यान्वयनमा रहेका छन् जसले यस्ता वन्यजन्तुहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ । लोपोन्मुख र संकटापन्न वन्यजन्तु एवं वनस्पति प्रजातिको प्राणी उद्यान, चिडियाखाना, वनस्पति उद्यान लगायतका संरक्षण पद्धतिहरुबाट स्वस्थानीय र परस्थानीय संरक्षणका कार्यहरु भईरहेका छन् । नेपालमा भित्रिने विदेशी पर्यटकहरु मध्ये ६० प्रतिशत भन्दा बढी पर्यटक संरक्षित क्षेत्रमा आउने गरेको पाईएको छ । यसरी संरक्षण मार्फत पर्यापर्यटनमा अभिवृद्धि भई देशको अर्थतन्त्रमा टेवा पुगेको छ । जैविक विविधता, जलवायु परिवर्तन जस्ता संरक्षण क्षेत्रका विभिन्न अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरुमा सहभागी भई अन्तर्राष्ट्रिय सहकार्य बढाउँदै आइएको छ । तराईका १३ जिल्लाको लागि Emission Reduction Program Document (ERPD) तयार भई कार्यान्वयनको चरणमा रहेको छ । यसले निकट भविष्यमा नेपालले उत्सर्जन कटौतिबाट अन्तर्राष्ट्रिय भुक्तानीको दावी गर्ने अवस्था रहेको छ ।

## ४. चुनौति तथा अवसर

### *चुनौति*

उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु प्रमुख चुनौति हो । वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यलाई तीन तहका सरकार, वन समूह र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु एवं वन, मानव वन्यजन्तु लगायत जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापनका कार्य र मुलुकको भौतिक एवं सामाजिक-आर्थिक विकासबीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रको थप चुनौतिहरु हुन् । वन क्षेत्रबाट उत्पादित बस्तु तथा सेवाहरुको विस्तार र तिनबाट प्राप्त लाभको वर्गीय, लैंगिक तथा सामाजिक रुपमा समन्यायिक बाँडफाँड गर्नु समेत चुनौतिको रुपमा रहेको छ ।

### *अवसर*

नेपालको प्राकृतिक श्रोतहरुमध्ये वन, जैविक विविधता तथा जलाधार क्षेत्र प्रत्यक्ष जनताको जीविकोपार्जनसंग जोडिएको महत्वपूर्ण विषय हुनाले यसको र भूपरिधीस्तर सुधार समेत गर्दै दिगो व्यवस्थापन मार्फत मुलुकको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना रहेको छ । संघीय संरचना अनुसार तीन तहका सरकार कार्यान्वयन अवस्थामा रहेको हुँदा वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापनमा श्रोत, साधनको उपलब्धतामा सहज हुनका साथै अपनत्वमा समेत बृद्धि हुने सम्भावना रहेको छ । सामुदायिक वन लगायतका समुदायमा आधारित तीस हजार भन्दा बढी वन समूहहरु मार्फत वनको व्यवस्थापन, वनमा आधारित उद्योग र पर्या-पर्यटन प्रवर्द्धन गर्न सकिने अवसर रहेको छ । वनको संरक्षण र विकासबाट वातावरणीय अवस्थामा सुधार गर्दै कार्बन संरक्षण र सञ्चितिबाट अन्तर्राष्ट्रिय भुक्तानीमा पहुँच पुऱ्याउन सकिने पनि अवसर रहेको छ । जैविक विविधता र प्राकृतिक रमणीयताका कारण संरक्षित क्षेत्रहरु र अधिकांश समुदायद्वारा व्यवस्थित वनहरुमा व्यापक रुपमा प्रकृतिमा आधारित पर्यटन विकास र विस्तार गर्न सकिने सम्भावना रहेको छ । नेपालमा पाईने वन्यजन्तु र वनस्पतिको व्यवस्थापनबाट देशलाई विश्वमा चिनाउन सकिने अवसर रहेको छ । नेपालका बहुमूल्य जडिबुटीहरुको देशभित्रै प्रशोधन तथा मूल्य अभिवृद्धिका चरणहरु पूरा गरी नेपाल बनाउँ (Make in Nepal) अभियानका साथ उत्पादनहरुको व्यवसायीकरण गर्न सक्ने सम्भावना रहेको छ ।

## ५. दूरदृष्टि

यस नीतिको दूरदृष्टि "व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरण मार्फत नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा योगदान" रहनेछ ।

## ६. लक्ष्य र उद्देश्यहरु

*६.१ लक्ष्यः* यस नीतिको लक्ष्य वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गर्नु रहेको छ ।

*६.२ उद्देश्यहरुः यो नीतिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :*

१. वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिबृद्धि गर्ने ।

२. वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने ।

३. संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने ।

४. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने ।

५. वन क्षेत्रको संरक्षण र सो को बहुआयामिक उपयोग गर्ने ।

६. फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रुपमा विकास गर्ने ।

७. हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुर्नस्थापना गर्ने ।

८. जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने ।

९. कार्बन उत्सर्जन न्युनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुऱ्याउने ।

१०. वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।

११. वन क्षेत्रको अध्ययन, अनुसन्धान, शैक्षिक गुणस्तर तथा क्षमता अभिबृद्धि गर्ने ।

## ७. नीतिको क्षेत्राधिकार

१. यो नीति वन क्षेत्रको मूल नीतिको रुपमा रहनेछ र वन क्षेत्रसँग सम्बन्धित सबै तहका नीति र रणनीति तथा वन क्षेत्रसँग सम्बन्धित कानूनहरु यसै नीतिद्वारा निर्देशित हुनेछन् ।

२. राष्ट्रिय वन र संरक्षित क्षेत्रका व्यवस्थापन पद्धतिहरु यसै नीतिबाट निर्देशित हुनेछन् ।

### १. वनको भू स्वामित्व

*नीति*

१. राष्ट्रिय वन र संरक्षित क्षेत्रको भू-स्वामित्व संघीय सरकारमा निहित रहनेछ ।

२. विभिन्न वन व्यवस्थापन पद्धति अन्तर्गत प्राप्त वन पैदावार माथिको स्वामित्व सम्बन्धीत वन व्यवस्थापक निकाय, समुदाय वा संस्थामा निहित रहने छ ।

३. निजी वनको भू स्वामित्व सम्बन्धीत जग्गाधनीमा निहित रहनेछ ।

*रणनीति तथा कार्यनीति*

१. वनलाई वनकै रुपमा व्यवस्थापन गर्ने गरी कानून, निर्देशिका तथा कार्यविधी बनाई कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. राष्ट्रिय प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन गर्न वन प्रयोग गर्नुको विकल्प नभएमा संघले कानून, निर्देशिका तथा कार्यविधिका आधारमा वन क्षेत्र प्रयोग गर्ने व्यवस्था गर्नेछ र वन क्षेत्र प्रयोग गर्दा घटेको वनको क्षेत्रफललाई परिपूर्ति हुने गरी संघले प्रदेश तथा स्थानीय तहसंग समेत समन्वय गरी वृक्षारोपण तथा वनको पुर्नस्थापना गर्नेछ ।

२. वन श्रोतको दिगो, सहभागितामूलक र उत्तरदायी व्यवस्थापन

*नीति*

१. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्न वन श्रोतको दिगो व्यवस्थापन गरिनेछ ।

२. सबै प्रकारका वन व्यवस्थापन पद्धति र पारिस्थिकीय प्रणालीको व्यवस्थापन गर्दा दिगो व्यवस्थापनका सिद्धान्तका आधारमा गरिने छ ।

*रणनीति तथा कार्यनीति*

१. सामुदायिक वन, साझेदारी वन, कबुलियती वन (गरिबमुखी) लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुको प्रवर्द्धन र विकास गरिने छ ।

२. वन पैदावार संकलनमा दिगोपना र प्रभावकारीताका लागि विज्ञान र प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरी यस्ता प्रविधिहरुको थप विकास र विस्तार गर्दै लगिनेछ ।

३. सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्न दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डबाट वन प्रमाणीकरण गर्दै लगिने छ ।

### ३. हरित उद्यम विकास र राष्ट्रिय समृद्धिमा योगदान

*नीति*

१. वन क्षेत्रको विकास, विस्तार तथा जडिबुटी लगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिनेछ ।

२. वन क्षेत्रबाट रोजगारीका अवसरहरु गुणात्मक रुपमा वृद्धि गरिनेछ ।

३. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षित वन, सिमसार क्षेत्र, प्राणी उद्यान, वनस्पति उद्यान लगायत सबै संरक्षित क्षेत्रहरुलाई पर्यापर्यटनको आधारको रुपमा प्रवर्द्धन र विकास गरिनेछ ।

४. संरक्षित क्षेत्र बाहिर रहेका सामुदायिक वन, साझेदारी वन, संरक्षित वन, धार्मिक वनहरुलाई उपलब्ध श्रोत र साधनको उपयोग गर्दै पर्यापर्यटन समेतको लागि विकसित गर्दै लगिनेछ ।

५. जडिबुटी एवं गैरकाष्ठ वन पैदावारको संरक्षण, खेती विस्तार, संकलन, प्रशोधन, प्रमाणीकरण, व्यवसायीकरण र निर्यात प्रवर्द्धन गरिने छ ।

६. कार्वन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाइनेछ ।

*रणनीति तथा कार्यनीति*

१. हरित उद्योग प्रवर्द्धन र विकासका लागि निजी, सामुदायिक र सहकारी क्षेत्रको लगानी प्रोत्साहन गरिने छ ।

२. हरित उद्यम विकासका लागि वन उपभोक्ता समूहहरुको सहकारी निर्माण गरिनेछ ।

३. हरित उद्यमका लागि वन विज्ञान तथा प्रविधिका शैक्षिक तथा प्रशिक्षण केन्द्रहरु, उपभोक्ता समूहका सहकारी, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाहरुलाई प्रत्यक्ष रुपमा सहकार्य गर्ने वातावरण निर्माण गरिनेछ ।

४. वनमा आधारित सार्वजनिक संस्थानहरु मार्फत समेत हरित उद्योग सञ्चालन तथा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।

५. हरित उद्योगहरुमा सार्वजनिक, सामुदायिक, सहकारी तथा नीजि क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरिनेछ ।

६. काठ तथा गैरकाष्ठ वनपैदावारको उत्पादनका लागि प्राकृतिक वितरण, उपलब्धता र विकासको सम्भाब्यता समेतको आधारमा उपयुक्त क्षेत्र छनौट (Zoning) र प्रजाति छनौट गरिने छ ।

७. वन पैदावारको मूल्य निर्धारणलाई पारदर्शी बनाउँदै सर्वसाधारणले सुलभ मूल्यमा काठ लगायतका वन पैदावार प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गरिनेछ ।

८. वन पैदावारको उत्पादन क्षेत्र र उत्पादन बढाउन सरकारी स्वामित्वका सार्वजानिक संस्थाहरुलाई सहुलियतपूर्ण वित्तीय लगानीको व्यवस्था गरिनेछ ।

## ४. जैविक विविधता संरक्षण

*नीति*

१. दुर्लभ, लोपोन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गरिने छ ।

२. राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र जस्ता अन्तर्राष्ट्रिय पहिचानका संरक्षित क्षेत्र व्यवस्थापन बाहेक कुनै स्थानीय समुदायद्वारा परम्परादेखि संरक्षित हुँदै आएका वन क्षेत्रहरुलाई सामुदायिक संरक्षित क्षेत्र (Community Conserved Area) को रुपमा मान्यता दिइनेछ ।

३. मानव-वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि भू-परिधी स्तरमा संरक्षित क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्गहरुको एकीकृत र समुचित ब्यवस्थापन गरिनेछ ।

*रणनीति तथा कार्यनीति*

१. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रहरुको दिगो व्यवस्थापनका लागि सहभागितामूलक ढंगबाट एकीकृत व्यवस्थापन योजना तर्जूमा गरी कार्यान्वयन गरिने छ ।

२. वन्यजन्तु र वनस्पतिको परस्थानीय संरक्षण प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय तहका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र सञ्चालन गरिने छ ।

३. जैविक विविधता र जलाधार संरक्षणका लागि अन्तरदेशीय सहयोग र सहकार्य समेत गरिनेछ ।

## ५ जलाधार, वातावरणीय सेवा र रेड प्लस

*नीति*

१. जल तथा भूमिको एकीकृत संरक्षण र व्यवस्थापन मार्फत स्वस्थ जलाधार कायम गरी जमीनको उत्पादकत्व वृद्धि गरिनेछ ।

२. उपल्लो र तल्लो तटीय सम्बन्धका आधारमा चुरे क्षेत्रका जलाधारहरुको संरक्षण र व्यवस्थापन गरिनेछ ।

३. सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरिने छ ।

*रणनीति तथा कार्यनीति*

१. जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापनबाट पारिस्थिकीय सन्तुलन कायम गरी वातावरणीय सेवाको प्रवर्द्धन र उपयोग बढाइनेछ ।

२. वातावरणीय सेवाको मूल्यांकन गर्ने पद्धतिको विकास गरिनेछ ।

३. वन क्षेत्रबाट कार्वन उत्सर्जन न्यूनीकरणमा पुऱ्याइने योगदान वापत अन्तर्राष्ट्रिय संयन्त्रहरुबाट भुक्तानी पाउने अवसरको उपयोग गरिने छ ।

## ६. राष्ट्रिय वन बाहिरका वन

*नीति*

१. राष्ट्रिय वन बाहिरका निजी वन, सार्वजनिक जग्गाका वन, संस्थागत जग्गाका वन, शहरी वन र कृषि वन र पारिवारिक वनको विस्तार, विकास र प्रवर्द्धनका लागि सहुलियत दरका ऋण उपलब्ध गराई प्रोत्साहन गरिने छ ।

२. निजी वन, सार्वजनिक जग्गाका वन, संस्थागत जग्गाका वन, शहरी वन र कृषि वन र पारिवारिक वनको विस्तार का लागि प्रचार प्रसार, प्रविधि हस्तान्तरण र वन धनीको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

*रणनीति तथा कार्यनीति*

१. निजी जग्गामा उत्पादित वन पैदावारलाई जग्गा धनीले कटान, प्रशोधन, विक्री वितरण, ओसार पसार र प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ ।

२. निजी जग्गामा निजी वन, कृषि वन तथा तिनमा आधारित हरित उद्योगहरुलाई प्रवर्द्धन र विस्तार गर्न नवीनतम प्रविधिहरु हस्तान्तरण गरिनेछ ।

## ७. अनुसन्धान र क्षमता विकास

*नीति*

१. वन क्षेत्रको अध्ययन, अनुसन्धान र प्रचार प्रसारलाई प्रभावकारी वनाई प्राप्त सिकाई र नतिजालाई वन क्षेत्रका विषयगत नीति निर्माण, योजना तर्जूमा र व्यवस्थापन कार्यमा उपयोग गरिनेछ ।

२. वन प्राविधिक पेशालाई व्यवसायिक, दक्ष, मर्यादित, गुणस्तरीय र सेवामूलक वनाइनेछ ।

३. वन पैदावार र वनजन्य बस्तुको निर्यातका लागि प्रयोगशाला परीक्षण र प्रमाणीकरणलाई सहज बनाईनेछ ।

*रणनीति तथा कार्यनीति*

१. सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिइनेछ ।

२. वनसंग सम्बन्धीत प्राविधिक सेवालाई प्रभावकारी बनाउन अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गरिनेछ ।

३. स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसंग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ ।

## ८. सामाजिक सुरक्षा, समावेशीकरण र सुशासन

*नीति*

१. सबै प्रकारका वन व्यवस्थापन प्रणालीहरुबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड र प्रभावकारी सदुपयोगको सुनिश्चितता गरिनेछ ।

२. जैविक विविधता र त्यससंग जोडिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, अभ्यास, सामाजिक-सांस्कृतिक पद्धति, कला, बौद्धिक सम्पत्ति आदिको अभिलेखीकरण, पञ्जीकरण र सुरक्षण गर्दै लगिनेछ ।

३. वन क्षेत्रका सबै सरकारी, सामुदायिक, सहकारी र निजी संस्थाहरुमा लैंगिक विभेदको अन्त्य गरिनेछ ।

४. वन क्षेत्रका सबै निकायहरुमा पारदर्शिता, जवाफदेहीता र निष्पक्षता कायम गर्दै प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

*रणनीति तथा कार्यनीति*

१. वन श्रोतको व्यवस्थापन गर्दा वनका श्रमिक, व्यवस्थापक समुदाय, महिला, आदिवासी जनजाति, दलित, मधेसी, थारु, मुस्लिम अल्पसंख्यक, फरक क्षमता भएका, विपन्न र पछाडि पारिएको समुदायको अधिकार सुनिश्चित गर्दै लाभमा उनीहरुको पहुँच बृद्धि गरिनेछ ।

२. वन क्षेत्रका संस्था, नीति, कार्यक्रम, बजेट तर्जूमा गर्दा लैगिंक तथा सामाजिक समावेशीकरणका सिद्धान्तका आधारमा [illegible]रिनेछ ।

३. वन क्षेत्रमा आयोजनाहरु सञ्चालन गर्दा प्रभावित समुदायको स्वतन्त्र पूर्व सु-सूचित सहमति लिने व्यवस्था गरिनेछ ।

४. वन क्षेत्रका सबै संस्थाहरुमा निर्णायक जिम्मेवारी सहित पचास प्रतिशत महिलाको सहभागिता हुने गरी रणनीति, कानून, बजेट, कार्यक्रम र अभ्यासको अवलम्बन गरिनेछ ।

५. नेपाल पक्ष राष्ट्र भएका वन तथा वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि, आवश्यक कानूनी र संरचनागत व्यवस्था गरिने छ ।

## ९. नीति कार्यान्वयन विधि (Approaches)

*नीति कार्यान्वयनका लागि निम्न विधिहरु अवलम्बन गरिने छ :*

१. जनसहभागितामूलक र बहुसरोकारवाला ।

२. पारिस्थिकीय एवं भू-परिधिस्तरीय ।

३. जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापन ।

४. लैगिंक तथा सामाजिक समावेशीकरण ।

५. अद्यावधिक तथ्यांक र सूचनाको प्रवाहीकरण ।

६. उद्यममैत्री वन व्यवस्थापन प्रणाली ।

७. वन सम्बर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन ।

८. राष्ट्रिय वनबाट टाढा बसोवास गर्ने बासिन्दाको वन श्रोत माथिको अधिकार ।

९. सबै तहका सरकार, सहकारी, समुदाय र निजी क्षेत्र बीचको समन्वय, साझेदारी र सहकार्य ।

## १०. कानूनी, संस्थागत तथा संरचनात्मक खाका

१. वन क्षेत्रका नीतिगत व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि संघीय, प्रदेश र स्थानीय तहमा आवश्यक कानून र रणनीति, कार्यनीति, निर्देशिका, कार्यविधि, मार्गदर्शन र योजनाहरु तर्जूमा गरी लागु गरिने छ ।

२. सबै तहका सरकारहरुबाट वन क्षेत्रसंग सम्बन्धी नीति तथा कानून तर्जूमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गर्दा सम्बन्धित सरोकारवालाहरुलाई सहभागि गराईने छ ।

३. नीतिहरुको प्रभावकारी कार्यान्वयन गरी यस नीतिको दूरदृष्टि र लक्ष्य प्राप्तिको निमित्त उपयुक्त संस्थागत एवं संरचनागत व्यवस्थाहरु गरिनेछ ।

## ११. राष्ट्रिय वन नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

१. वन क्षेत्रका कार्यक्रमहरु कार्यान्वयन गर्दा संघ, प्रदेश तथा स्थानीय तहको समन्वयबाट गरिनेछ ।

२. संघले वन क्षेत्रको लागि राष्ट्रियस्तरको नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमनका विषयहरु निर्धारण गर्नेछ ।

३. संघले विभिन्न तहका सरकारहरुबीच वन व्यवस्थापन पद्धति कार्यान्वयनका लागि नीतिगत सामन्जयस्ताका लागि आवश्यक सहजीकरण गर्नेछ ।

४. संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका कार्यक्रम तथा परियोजनाहरु तर्जूमा गरी तहगत रुपमा कार्यान्वयनको प्रारुप तयार गर्नेछ ।

५. प्रदेशले संघ तथा स्थानीय तहसँग समन्वय गरी आफ्नो प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापनका लागि भूमिका निर्वाह गर्नेछन् ।

६. स्थानीय तहले संघ तथा प्रदेशसंग समन्वय गरी आफ्नो सीमाभित्रका समुदायमा आधारित वन, नीजि वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु सञ्चालन तथा व्यवस्थापनका लागि भूमिका निर्वाह गर्नेछन् ।

## १२. आर्थिक पक्ष

१. यो नीतिमा उल्लेखित सम्बन्धीत तहका अधिकार क्षेत्रभित्र पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारबाट आवश्यक बजेटको व्यवस्था गर्नेछन् ।

२. नीति कार्यान्वयनको लागि सम्बन्धीत समुदाय, निजी क्षेत्र र सहकारीको योगदानर लगानी प्रोत्साहित गरिने छ ।

३. वन क्षेत्रको संरक्षण र सम्वर्द्धन एवं अन्य प्रवर्द्धनात्मक कार्यका लागि नेपालसरकारको अनिवार्य दायित्व नरहने गरी वन विकास कोषको स्थापना गरिनेछ ।

४. नीति कार्यान्वयनको लागि विकास साझेदारहरुसंग सहकार्य गर्न सकिने छ ।

## १३. अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

१. नीति कार्यान्चियन अवस्थाको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । यसरी अनुगमन गर्दा सरोकारवालाको सहभागिता गराइने छ ।

२. नीति कार्यान्वयनको अवस्था बारे वन क्षेत्रका स्थानीय कार्यालयहरुले स्थानीय सरकार मार्फत प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले संघीय सरकारको वन तथा वातावरण मन्त्रालय समक्ष पृष्ठपोषण सहित आर्थिक वर्षको अन्त्यमा प्रतिवेदन पेश गर्नेछन् र संघीय मन्त्रालयले एकीकृत गरी राष्ट्रिय प्रतिवेदन तयार पार्नेछ ।

३. नीतिको पुनरावलोकन प्रत्येक पाँच/पाँच वर्षमा गरिने छ ।

## १४. खारेजी र बचाउ

वन नीति, २०७१ खारेज गरिएको छ ।

# साझेदारी वनको दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठी

साझेदारी वनको ३ दिने दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठी २०७४ चैत्र १३ देखि १५ सम्म जनकपुरमा सम्पन्न भयो ।

- करिव २१० जना सहभागी भएको, प्रदेश नं. २ का माननीय मुख्यमन्त्री, ३ जना मन्त्री र १ जना प्रदेश सभा सदस्यज्यूहरुको सहभागिता रहेको ।
- २१ बुँदे जनकपुर घोषणा पत्र सर्वसम्मत तरिकाले पारित ।

## घोषणापत्र

### १. संस्थागत विकास तथा सुशासन

१.१ साविक स्थानीय निकायको सिमाना र संख्यामा हाल आएर परिवर्तन भैसकेको सन्दर्भमा पुर्नसंरचना बमोजिम साझेदारी वन उपभोक्ता समूहको प्रतिनिधित्व एवम् निर्वाचन सम्बन्धमा विद्यमान ऐन तथा निर्देशिकामा स्पष्ट व्यवस्थान भएकोले हाललाई स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न र समितिको पदावधि अर्को व्यवस्थान हुँदा सम्म यथावत संचालन गर्न अपरिहार्य भएकोले सोही बमोजिम व्यवस्था गर्ने ।

१.२ साझेदारी वन उपभोक्ता समूहको गठन तथा पुर्नगठन प्रक्रियालाई समय सापेक्ष रुपमा रुपान्तरित गर्न परम्परागत उपभोक्ता, महिला, दलित, जनजाति, आदिवासी तथा अल्पसंख्यकको पहुँच र नियन्त्रणलाई सुनिश्चित गर्ने ।

१.३ साझेदारी वन व्यवस्थापन प्रणालीको संस्थागत विकासलाई अझ बढि शसक्त र प्रभावकारी बनाउन संविधानमा भएको ब्यवस्था अनुसार नीति, ऐन, नियमहरु अविलम्व तयारी तथा परिमार्जन गर्ने ।

१.४ वन पैदावारको विक्री वितरण लाई थप पारदर्शी, आवश्यकतामा आधारित र सहज बनाउदै उत्पादित पैदावारलाई प्रशोधन र विविधिकरण गरी गरिव निमुखा र परम्परागत उपभोक्ताले न्यायोचित रुपमा उपयोग गर्न सक्ने ब्यवस्था गर्ने । यसका लागि आवश्यक्तानुसार स्थानीय स्तरमा डिपो वा उपयुक्त संयन्त्रको व्यवस्था गर्ने ।

१.५ साझेदारी वनमा नयाँ तथा पुराना वन अतिक्रमणलाई समूह, स्थानीय सरकार र प्रदेश सरकार बीचको समन्वय र सहकार्यबाट पूर्ण रुपमा नियन्त्रण गर्ने ।

१.६ साझेदारी वन व्यवस्थापनमा संलग्न वनकर्मी (Forestworkers) को दक्षता, उत्प्रेरणा एवम् मनोबल अभिवृद्धि, पेशागत स्वास्थ्य, सुरक्षा र विमालाई उच्च प्राथमिकतामा राखी तत्काल कार्यान्वयनमा ल्याउने ।

### २. बैज्ञानिक वन व्यवस्थापन

२.१ सबै साझेदारी वनहरुमा वन सम्बर्धन प्रणालीमा आधारित ब्यवस्थापन पद्धति अनिवार्य रुपमा लागु गर्ने ।

२.२ वन व्यवस्थापनका उद्देश्य निर्धारण र व्यवस्थापन योजना तयार गर्दा परम्परागत उपभोक्ताहरुको आवश्यकता तथा बजारको माग समेतलाई ख्याल गरी उद्देश्य र क्रियाकलाप निर्धारण गर्ने ।

२.३ साझेदारी वनको व्यवस्थापन गर्दा काठ दाउरा उत्पादनमा मात्र केन्द्रित नगरी गैरकाष्ठ लगायत विविध पारिस्थितिकीय सेवाहरु समेत प्रर्वद्धन हुने गरी संरक्षण एवं व्यवस्थापन गर्ने । एकिकृत जलाधार व्यवस्थापन अवधारणालाई अंगीकार गरी नदी प्रणालीको आधारमा भू तथा जलाधार संरक्षण गर्ने ।

२.४ साझेदारी वनको ब्यवस्थापनमा मौजुदा प्रजातिको बाहुल्यता तथा भू-बनोट एवम् भौगोलिक अवस्था अनुसारको प्राथमिक प्रजाति र सोको कटान चक्र निर्धारण गर्न थप अनुसन्धानका आधारमा प्राथमिक प्रजातिहरु र कटान चक्र अवधि निर्धारण गर्ने ।

२.५ वन व्यवस्थापन योजना तयारी गर्दा वन क्षेत्र बाहेक उपभोक्ता बसोबास गर्ने सम्पूर्ण क्षेत्र समेटिएको साझेदारी भू-परिधीस्तरमा नीजि तथा सार्वजनिक जग्गामा बृहत्तर वन विस्तारलाई प्रबर्धन गर्दै आपूर्ति, रोजगारी, आम्दानी र जीविकोपार्जनमा बढावा दिने गरी एकीकृत योजना तयारी र कार्यान्वयन गर्ने ।

२.६ वन व्यवस्थापन योजनाको स्वीकृतिर कार्यान्वयन प्रक्रियालाई छोटो र सरलिकृत गर्न विद्यमान नीति, नियम र अभ्यासलाई समयानुकूल परिमार्जन गर्ने ।

२.७ दिगो वन व्यवस्थापनबाट सम्भाव्य अतिरिक्त लाभ प्राप्तिको लागि रेडप्लसलाई उपयोग गर्ने रणनीति बमोजिम वनको पुनरुत्पादन अभिबृद्धिको लागि यस माध्यमलाई समेत लगानीको श्रोत बनाउने ।

## ३. प्रविधिको उपयोग

३.१ वन व्यवस्थापन (जस्तैः वन सर्भेक्षण तथा मापन, उत्पादन अभिवृद्धि, कटानी, ढुवानी, आगलागी नियन्त्रण एवम् सुरक्षा आदि) मा आधुनिक प्रविधिको प्रयोगमा बढावा दिने ।

३.२ काठ सदुपयोग प्रविधी (wood utilization technology) लाई प्रवर्द्धन गरी नरम काठ प्रजाति समेतको प्रयोगमा नीजि क्षेत्र समेतको संलग्नतामा उत्पादन विविधिकरण एवम् गुणस्तर अभिवृद्धि मार्फत उपयोगितालाई प्रवर्धन गरी विदेशबाट भैरहेको काठ आयातलाई प्रतिस्थापन गर्ने ।

## ४. लगानी र लाभाँश बाँडफाड

४.१ साझेदारी भूपरिधिस्तरको कार्ययोजनाको पूर्ण कार्यान्वयनका लागि आवश्यक लागत समूह, स्थानीय, प्रदेश र संघीय सरकारबाट व्यवस्थापन गर्ने ।

४.२ उपभोक्ता समूहको मागको तुलनामा उत्पादनको अवस्था कम रहेको सन्दर्भमा उत्पादित वस्तु, सेवा र मूल्यको अधिकतम फाइदा समूह भित्र हुने गरी समूह र संघीय सरकारहरुमा लाभांशको न्यायोचित वितरणको व्यवस्था मिलाउने ।

४.३ समुदायमा आधारित सबै प्रकारका वन व्यवस्थापन पद्धतिहरु बीच आपसी समन्वय, सहकार्य र समझदारी विकसित गर्ने ।

## ५. विविध

५.१ घोषणापत्र कार्यान्वयनका लागि सरोकारवालाहरु सम्मिलित विज्ञहरु समेत रहेको कार्यदल गठन गरिनेछ ।

५.२ घोषणापत्र कार्यान्वयनको मध्यावधी मूल्यङ्कन स्वतन्त्र, निष्पक्ष तरिकाले गरिनेछ ।

५.३ साझेदारी वनको अर्को राष्ट्रिय गोष्ठी ३ (तीन) वर्षमा गरिनेछ ।

१५ चैत्र, २०७४

जनकपुरधाम, धनुषा

# भू तथा जलाधार व्यवस्थापनलाई व्यवसायी, जवाफदेही र परिणाममुखी वनाउने कार्ययोजना, २०७१

नेपाल सरकार

## भू तथा जलाधार संरक्षण विभाग

ववरमहल, काठमाडौं

## १. पृष्ठभूमि

भूमि र जलस्रोत नेपालका अति महत्वपूर्ण जलाधारीय प्राकृति स्रोतहरु हुन । यी प्राकृति स्रोतहरु जनताको जीविकोपार्जन, दीगो विकास र देशको समृद्धिको लागि अपरिहार्य आधार हुन । तर यी जलाधारीय स्रोतहरुको क्षयीकरण (Watershed resources degradation) का कारण जनताको जीविकोपार्जन र जीवनस्तरमा सुधार ल्याउने विकासका कृयाकलापहरुमा बाधा एवं समस्याहरु थपिने गरेका छन । नेपालमा जनसंख्याको बृद्धि तथा अनियन्त्रित बसोबास एवं शहरीकरणले अनुपयुक्त भू उपयोग बढदै जाँदा भूमिको क्षयीकरण (Land degradation) पनि बढ्दो क्रममा छ । मुख्यतया बर्षायाममा अतिवृष्टिका कारण क्षयीकरण हुने जलाधारको उपल्लो तटीय क्षेत्र (माथिल्लो भाग) मा तीव्र भू क्षय हुने, गल्छी निर्माण हुने र पहिरो जाने गर्दछ भने तल्लो तटीय क्षेत्रमा नदी किनार कटान हुने तथा नदी छेउछाउका बस्ती लगायतको भूमि बाढीले डुवानमा पर्नुका साथै गेगरान थुप्रिई बगरमा परिणत हुने गर्दछ । भिराला पाखाहरुमा भू संरक्षणका उपायहरु नअपनाई कुनै ठाउमा खनीखोस्री कृषिबाली लगाइन्छ भने कृषि योग्य भूमि गैरकृषि प्रयोजनमा उपयोग भइरहेको छ । त्यसैगरी वन क्षेत्र समेत अत्यधिक अतिक्रमणमा परिरहेको अवस्था छ । उपयुक्त वानस्पतिक आवरण नभएको र संरक्षणका उपायहरु नअपनाइएको भिरालो भूमिबाट तीव्र भू क्षय हुने गर्दछ । यसरी तीव्र भू क्षय, पहिरो, खोला एवं नदी किनार कटान र बाढीको फल स्वरुप हुने धनजनको क्षति र भू उत्पादकत्वमा आएको ह्रासले आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रमा नकारात्मक प्रभाव पारिरहेको छ । विश्वब्यापी जलवायु परिवर्तनको असरका कारण नेपालमा जलाधार क्षेत्रको एक प्रमुख प्राकृतिक स्रोत पानीको उपलब्धतामा नकारात्मक असर परिरहेको छ । पानीका स्थानीय स्रोतहरु सुक्ने वा पानीको मात्रा घट्दै जाने र पानीको गुणस्तरमा ह्रास आउने कम जारी छ । यसरी प्राकृतिक अवस्था तथा प्रकृया, मानवीय कृयाकलाप र जलवायु परिवर्तनको असरको फलस्वरुप जलाधारीय स्रोतहरुको क्षयीकरण (Watershed resources degradation) वाट बर्षेनी ठूलो क्षति हुने गर्दछ ।

यस्तो क्षति हुनबाट जोगाउन र भूमि र जलस्रोत संरक्षण गरी भू उत्पादकत्व बढाउन एकीकृत जलाधार ब्यवस्थापन गरिनु पर्दछ । जिल्ला भू संरक्षण अधिकृतहरुको मुख्य जिम्मेवारी भू तथा जलाधारको एकिकृत संरक्षण र व्यवस्थापन गर्ने स्वीकृत कार्यक्रम, योजना र परियोजनाहरुको दक्षता र प्रभावकारी कार्यान्वयन गरी आसातीत लक्ष्य हासिल गर्नु रहेको छ । जिल्ला भू संरक्षण कार्यालयहरुले उल्लेखित कार्यक्रम संचालन गर्दा थप जवाफदेहीता र परिणाममुखी गर्नु आवश्यक देखिएको छ । यसका लागि भू तथा जलाधार व्यवस्थापनलाई व्यवसायी, जवाफदेही र परिणाममुखी बनाउने कार्ययोजना, २०७१ नामक अवधारणा-पत्र तयार गरिएको छ ।

## २. कार्ययोजनाको आवश्यकता र उद्देश्य :

भू तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्दै जमिनको उत्पादकत्व वृद्धि गरी जनताको जीवीकोपार्जनमा टेवा पुऱ्याउन वृहत लक्ष्य बोकेको भू तथा जलाधार व्यवस्थापन प्रशासनलाई अझ वढी व्यवशायी, जवाफदेही र परिणाममुखी बनाउन आवश्यक देखिएको छ । उक्त दिशामा अघि बढ्न भू तथा जलाधार संरक्षण विभागले तत्कालीन र दीर्घकालीन सुधारको कायीजना (Reform plan), २०७० तर्जुमा गरी सोही मार्ग दर्शनको रुपमा विभागका क्रियाकलापहरु अघि बढेको छन् । उल्लेखित सुधारको कार्ययोजनामा भू तथा जलाधार व्यवस्थापनलाई व्यवसायी, जवाफदेही र परिणाममुखी वनाउने समेत विषय (Agenda) रहेकोमा आर्थिक वर्ष ०७०।७१ देखि राष्ट्रपति चुरे तराई - मधेश संरक्षण कार्यक्रम लागु भएका जिल्लाहरुलाई कार्यक्रमको प्रभावकारी र पारदर्शी रुपमा कार्यान्वयन गर्ने गरी कार्य विवरण तयार गरी लागु भएको र तीनै आधार र सूचकाङ्कहरुलाई आधारमानी अनुगमन

तथा मूल्यांकनको मार्ग निर्देशिका तयार गरी स्थलगत अनुगमन गर्ने थालीएको छ । उल्लेखित पहल (Initiative) वाट कार्यक्रम कार्यान्वयनमा जवाफदेहीता, पारदर्शीता र प्रभावकारीतामा वृद्धि भएकोमा आगामी दिनहरुमा भू तथा जलाधार संरक्षण र व्यवस्थापन प्रशासनलाई अझ व्यवसायीक, पारदर्शी, जवाफदेही र परिणाममुखी (Result-oriented) बनाउन उद्देश्यका साथ जिल्ला भू संरक्षण कार्यालयहरु र विभाग वीच कार्य सम्पादन करार गर्न वान्छनीय देखिएकोले यो कार्ययोजना तर्जुमा गरिएको हो ।

## ३. कार्य सम्पादन करार (Performance Contract)

- जिम्मेवार पदाधिकारी संग व्यवस्थापनले अपेक्षित लक्ष्य निर्धारण गर्ने लक्ष्य प्राप्तीको संझौता गर्ने र सोही आधार मा पदाधिकारीको मूल्याङ्कन गर्ने पद्धति परिणाम र जवाफदेहीमुखी व्यवस्थापनको पछिल्लो रणनीति हो ।
- निजामती सेवा ऐन, २०४९ को दफा १५ (२) एवं निजामती सेवा नियमावली, २०५० को नियम ३४ (ख) मा व्यवस्थापन र जिम्मेवार पदाधिकारी वीच कार्य सम्पादन सम्झौता गर्न सकिने व्यवस्था छ ।
- यसै पृष्टभूमीलाई मध्यनजर राखी भू तथा जलाधार व्यवस्थापनलाई परिणाम मुखी र जवाफदेही बनाउन पहिलो चरणमा राष्ट्रपति चुरे, तराई मधेस कार्यक्रम लागु भएका जिल्ला भू संरक्षण अधिकृतहरुसंग भू तथा जलाधार संरक्षण विभागले संझौता करार गर्ने छ । यो व्यवस्था, क्रमिकरुपमा अन्य जिल्लामा पनि लागु गर्दै लगिने छ । यस्तो करारलाई देहाय वमोजिम व्यवस्थित गरिन्छ ।

*३.१ संझौता करारको सूचकाङ्कहरु :*

(क) कार्यक्रमको लक्ष्य र लागत अनुसार परिणाम र गुणस्तर कायम गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको लागि निर्माण सामग्री खरिद प्रक्रियामा मौजुदा आर्थिक ऐन, नियम, कार्यविधी र विभागीय नीतिहरुको पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

(ग) भू तथा जलाधार संरक्षणका क्रियाकलाप कार्यान्वयन प्रक्रियामा प्रयाप्त जनसहभागीता जुटाई गर्ने ।

(घ) कार्यक्रमको लागत इष्टिमेट र खर्चको वारेमा सार्वजनिक Audit गर्ने ।

(ङ) छुट्टाछुट्टै कार्यक्रमको फरक नदी प्रणालीमा कार्यान्वयन गर्ने र तोकिएको नदी प्रणाली र जलाधारमा कार्यक्रम संचालन गर्दा upstream र downstream बीच समन्वय र सन्तुलीत हुने गरी गर्ने ।

(च) कार्यालय व्यवस्थापन र कर्मचारी वीचको सु-सम्वन्ध कायम गर्ने प्रणालीको विकास गरी सामुहिक जवाफदेही अभिवृद्ध गर्ने ।

(छ) आवश्यक परिणाममा गुणस्तरीय विरुवाहरु उत्पादन र खरिद गरी उपभोक्ताहरुलाई वितरण गर्नुका साथै आवश्यकता अनुसार रोपण गर्ने ।

(ज) प्रचलित ऐन नियम बमोजिम कार्यक्रमको लागत इष्टिमेटमा कन्टिनजेन्सी वापत छुट्याइएको रकम तोकिएको कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा मात्र उपयोग गर्ने ।

(झ) कार्यक्रम कार्यान्वयनको सकारात्मक परिणाम र प्रभाव देखिने गरी पार्श्वचित्र सहितको प्रगति प्रतिवेदन (Activity profile) तयार गर्ने ।

(ञ) नविनतम काम (Innovative Initiatives) गर्ने

यसमा भू तथा जलाधार संरक्षण संग सम्बन्धीत नविनतम काम गर्ने विभिन्न कार्यहरु पर्दछन ।

३.२. माथि उल्लेखित १० वटा सूचकाङ्कहरुलाई कार्य सम्पादनका मुख्य आधारको रुपमा लिइनेछ । वार्षिक स्वीकृत कार्यक्रमको आधारमा अनुसूची १ को ढांचामा लक्ष्य निर्धारण गरिनेछ ।

३.३. कुनै जिल्ला भू संरक्षण अधिकृतले लक्ष्य भन्दा वढीको लक्ष्य निर्धारण गर्न चाहेमा यसलाई विशेष रुपमा अभिलेख गरी सम्फौता गर्न सकिनेछ ।

३.४. जिल्ला भू संरक्षण अधिकृतले आफूले गरेको करारको आधारमा मातहतका कर्मचारीसंग संफौता गर्न सक्नेछ ।

३.५. जिल्ला भू संरक्षण अधिकृतसंग विभागले यस्तो संफौता प्रत्येक वर्षको आश्विन महिना भित्रमा वा सरुवा /पदस्थापनाका बखत गरिनेछ ।

३.६. संफौता गर्न नचाहने वा नसक्ने जिल्ला भू संरक्षण अधिकृतलाई जिल्ला भू संरक्षण अधिकृतको जिम्मेवारी दिइने छैन ।

## ४. उपलब्धि मूल्याङ्कन :

प्रकरण (३) को आधारमा अनुसूची १ को ढांचामा गरिएको करारको मूल्याङ्कन पहिलो पटक चार महिना र दोस्रोपटक आर्थिक वर्ष भित्र वा सामाप्त भएपछि क्षेत्रीय वन निर्देशनालय भू तथा जलाधार संरक्षण विभाग तथा वन तथा भू संरक्षण मन्त्रालयले गर्ने छ । मूल्याङ्कन प्रयोजनका लागि जिल्ला भू संरक्षण अधिकृतहरुले प्रत्येक महिनाको १५ गते भित्र सम्फौता अनुसार संपन्न गरेका कामहरु उल्लेख गरिएको विवरण निर्देशनालय, विभाग र मन्त्रालयमा पठाउनु पर्नेछ ।

माघमा प्राप्त प्रतिवेदनको आधारमा गरिने मूल्याङ्कन कार्य प्रगतिको सामान्य Tracking र अर्ध वार्षिक मूल्याङ्कन प्रयोजनको लागि तथा आर्थिक वर्षको अन्त्यमा प्राप्त प्रतिवेदनलाई वार्षिक कार्य सम्पादन मूल्याङ्कन पाराममा अंक दिने प्रयोजनका लागि उपयोग गरिनेछ ।

क) करार सम्फौता अनुसारको काम गरी तोकिएको लक्षको ९५ प्रतिशत भन्दा बढी उपलब्धि हासिल गरेकोमा पूर्णाङ्क १०० प्रतिशत ।

ख) तोकिएको करार संफौता र लक्ष्यको ९० देखि ९५ प्रतिशतसम्म उपलब्धी हासिल गरेकोमा पूर्णाङ्कको ९५ प्रतिशत ।

ग) ताकिएको करार सम्फौता र लक्ष्यको ८० देखि ८९ प्रतिशतसम्म उपलब्धी हासिल गरेकोमा पूर्णाङ्कको ९० प्रतिशत ।

## ५. मूल्याङ्कनको उपयोगिता :

जिल्ला भू संरक्षण अधिकृतले सम्फौता अनुसार गरेको उपलब्धीको आधारमा प्रकरण (४) अनुसार उपलब्धी मूल्याङ्कन गरिसकेपछि सो मूल्याङ्कनको नतिजालाई देहाय वमोजिम पुरस्कार र दण्डको लागि प्रयोग गरिनेछ ।

क) तोकिएको लक्ष्य वा सो भन्दा वढी उपलब्धी हासिल गर्ने जिल्ला भू संरक्षण अधिकृतलाइ निजामती सेवा पुरस्कार, वैदेशिक भ्रमण अध्ययन र जिल्ला भू संरक्षण अधिकृत पदमा नै निरन्तरता दिन सकिनेछ ।

ख) तोकिएको लक्ष्यको ९० प्रतिशतभन्दा माथि उपलब्धी हासिल गर्ने जिल्ला भू संरक्षण अधिकृतलाई सोही पदमा निरन्तरता दिन सकिनेछ ।

ग) तोकिएको लक्ष्यको ९० प्रतिशत भन्दा कम उपलब्धी हासिल गर्ने जिल्ला भू संरक्षण अधिकृतलाई सो जिम्मेवारीबाट हटाउन सकिनेछ ।

## ६. अनुगमन तथा मूल्यांङ्कन :

कार्यसम्पादन करारको प्रभावकारिता अध्ययनको कार्य प्रत्येक वर्षको श्रावण महिनाभित्र सम्पन्न गरिने छ । अध्ययनपछि प्राप्त हुने सिफारिसहरुको आधारमा कार्यसम्पादन करारमा आवश्यक संशोधन गरिनेछ । कार्य संपादन करारको अनुगमन र गुणस्तर नियन्त्रणको लागि महानिर्देशकको नेतृत्वमा निम्न बमोजिमको समिति गठन हुनेछ ।

सयोजक: महानिर्देशक , भू तथा जलाधार संरक्षण विभाग

सदस्यः प्रमुख, योजना शाखा, भू तथा जलाधार संरक्षण विभाग

सदस्य सचिव : प्रमुख, अनुगमन शाखा, भू तथा जलाधार संरक्षण विभाग

उल्लेखित समितिलाई सहयोग गर्न विभागले आवश्यकता अनुसारको थप टोली गठन गर्न सक्नेछ ।

अनुसूची १

## जिल्ला भू संरक्षण अधिकृतसंग गरिने कार्यसंभौताको ढाँचा

जिल्ला भू संरक्षण अधिकृतसंग प्रकरण ३.१ मा उल्लेखित सूचकाङ्कहरुलाई आधारमानी स्वीकृत मुख्य वार्षिक कार्यक्रमको लक्ष्य उल्लेख गरी निम्न ढांचामा कार्यसम्पादन सभौता गरिने छ । वार्षिक कार्यक्रम परियोजना र जिल्ला विशेष भएमा सो अनुसार उल्लेख गरी सोही ढांचामा कार्यसम्पादन संभौता गरिने छ ।

| सि.नं. | वार्षिक कार्यक्रमको कार्यविवरण | वार्षिक लक्ष्य | उपलब्धी | भार प्रतिशत | भारित प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नदी किनारा व्यवस्थापन (चेक ड्याम, स्पर, वनस्पति उपचार) गरी नदी उकास जग्गा संरक्षण र व्यवस्थापन<br>१.१ नदी किनारा व्यवस्थापन<br>१.२ नदी उकास जग्गा व्यवस्थापन र सदुपयोग | .........कि.मि<br>...........हे. | .........कि.मि<br>...........हे. | | | |
| २. | पानी स्रोत व्यववस्थापन<br>२.१ संरक्षण पोखरी निर्माण<br>२.२ रनअफ हार्भेस्टिङ<br>२.३ सिचाइ कूलो निर्माण<br>२.४ सव सर्फेस वाटर हार्भेस्टिङ<br>२.५ पानी मुहान संरक्षण र व्यवस्थापन | ...... वटा | ...... वटा | | | |
| ३. | भू संकलन, गल्छी पहिरो, रोकथाप तथा व्यवस्थापन | ...... वटा | ...... वटा | | | |
| ४ | जिल्लामा भू तथा जलाधार संरक्षण क्षेत्रमा नविनतम काम (Innovative Initiatives) | | | | | |

म .............................. जिल्लाको जिल्ला भू संरक्षण अधिकृत .............................. ले जिल्लामा उपलब्ध श्रोत साधनको उपयोग गरी माथि उल्लेख भए बमोजिमको लक्ष्य प्राप्त गर्ने छु भनि यो कार्य सम्पादन सम्भौता गरेको छु । सम्भौता अनुसार लक्ष्य हासिल भएमा वा हुन नसकेमा देहाय बमोजिम मेरो कार्य सम्पादन प्रभावित हुन्छ भने कुरा संग म राम्ररी परिचित छु ।

### १. कार्य सम्पादन मूल्याकंन

क. तोकीएको लक्ष्यको ९५ प्रतिशत भन्दा बढी उपलब्धी हासिल गरेकोमा पूर्णाङ्कको १०० प्रतिशत

ख. तोकीएको लक्ष्यको ९० देखि ९५ प्रतिशत भन्दा बढी उपलब्धी हासिल गरेकोमा पूर्णाङ्को ९५ प्रतिशत

ग. तोकीएको लक्ष्यको ८० देखि ८९ प्रतिशत भन्दा बढी उपलब्धी हासिल गरेकोमा पूर्णाङ्को ९० प्रतिशत

## २. पुरस्कार र दण्डको व्यवस्था

क. तोकीएको लक्ष्य वा सो भन्दा बढी उपलब्धी हासिल गर्ने जिल्ला भू संरक्षण अधिकृतलाई निजामती सेवा पुरस्कार, वैदेशिक भम्रण वा अध्ययन र जिल्ला भू संरक्षण अधिकृत पदमा नै निरन्तरता दिइनेछ ।

ख. तोकीएको लक्ष्यको ९० प्रतिशत भन्दा माथि उपलब्धी हासिल गर्ने जिल्ला भू संरक्षण अधिकृतलाई सोही पदमा नै निरन्तरता दिइनेछ ।

ग. तोकीएको लक्ष्यको ९० प्रतिशत भन्दा कम उपलब्धी हासिल गर्ने जिल्ला भू संरक्षण अधिकृतलाई सो जिम्मेवारीबाट हटाइने छ ।

.................................... ..................................

जिल्ला भू संरक्षण अधिकृत
जिल्ला भू संरक्षण कार्यालय ..............
मितिः

महानिर्देशक
भू तथा जलाधार संरक्षण विभाग
मितिः

नेपाल सरकार
बन तथा भू संरक्षण मन्त्रालय
भू तथा जलाधार संरक्षण विभाग

# ग्यावियनतार (Gabion Wire) वितरण तथा व्यवस्थापन मार्गदर्शन, २०७०

प्रस्तावना : भू-क्षयसंग सम्बन्धीत प्रकोपबाट प्रभावित वा प्रभावित हुनसक्ने समूह समुदाय वा क्षेत्रमा तत्काल भू संरक्षण सम्वन्धी समस्याहरु सम्वोधन गर्न हाल जापान सरकारको Forest Preservation Project अर्न्तगत सन् २०१३ मा बस्तुगत सहायता अन्तरगत प्राप्त हुन आएको ग्यावियन तार तथा भविष्यमा अन्य निकायहरुबाट प्राप्त हुने तार वा नेपाल सरकारको आर्थिक सहयोगबाट खरिद हुने तारलाई प्रभावकारी रुपमा वितरण गर्न यो मार्गदशन तयार गरिएको छ ।

## १ संक्षिप्त नाम र प्रारम्भ

(क) यस मार्गदशनको नाम "ग्यावियन तार वितरण तथा व्यवस्थापन मार्गदर्शन २०७०" रहनेछ ।
(ख) यो मार्गदर्शन वन तथा भू संरक्षण मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

## २. प्रयोग गर्न सकिने क्षेत्रहरु

(क) पहिरो/गल्छी नियन्त्रण एवं तत्काल संरक्षण गर्नु पर्ने महत्वपूर्ण क्षेत्रहरु,
(ख) घर-वस्ती तथा कृषि भूमि जोगाउन खोला किनार संरक्षण गर्नु पर्ने क्षेत्र,
(ग) सरकारी/सार्वजनिक पूर्वाधारहरु संरक्षण गर्नु पर्ने क्षेत्रहरु,
(घ) आकस्मिक भू क्षयको जोखिमपूर्ण क्षेत्र र संवेदनशिल स्थानहरु ।

## ३. ग्यावियन तार वितरण तथा व्यवस्थापन समिति

विभिन्न श्रोतबाट प्राप्त ग्यावियन तारको प्रभावकारी वितरणका लागि भू तथा जलाधार संरक्षण विभागका महानिर्देशकको अध्यक्षतामा विभागको तपसील बमोजिम उपमहानिर्देशक र शाखा प्रमुखहरु सदस्य रहने गरी ग्यावियन तार वितरण तथा व्यवस्थापन समिति रहने छ । उक्त समितिको कार्य निम्नानुसार हुनेछः-

### समितिका पदाधिकारीहरु

अध्यक्षः महानिर्देशक
सदस्यः उपमहानिर्देशक
सदस्यः प्रमुख, योजना शाखा
सदस्यः प्रमुख, जलाधार सूचना प्रणाली विकाश शाखा
सदस्यः प्रमुख, प्रविधि विकास शाखा
सदस्यः प्रमुख, जलवायु परिवर्तन व्यवस्थापन शाखा
सदस्यः प्रमुख, कर्मचारी प्रशासन शाखा
सदस्यः प्रमुख, लेखा शाखा
सदस्यः प्रमुख, भू संरक्षण शाखा
सदस्यः सचिव प्रमुख अनुगमन तथा मूल्याङ्कन शाखा

आवश्यकतानुसार अध्यक्षले विभागका अन्य महानुभावहरुलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

*समितिको काम*

१. जिल्ला भू संरक्षण कार्यालयहरुबाट प्राप्त अनुसूचि सहितको मागको विश्लेषण गरी तत्काल जिल्ला भू संरक्षण कार्यालयहरुलाई ग्याबियन तार (Gabion Wire) उपलब्ध गर्ने गराउने ।
२. ग्याबियन तार वितरण सम्वन्धी कार्यक्रम सञ्चालन, रेखदेख, समन्वय, वितरण सम्वन्धी योजना र व्यवस्थापन गर्ने गराउने ।
३. ग्याबियन तार वितरण योजना कार्यान्वयन तथा व्यवस्थापनको लागि सहजीकरण गर्ने गराउने ।
४. ग्याबियन तार वितरणको लागि आवश्यकता अनुसार अन्य सम्वद्ध निकायसंग समन्वय गर्ने गराउने ।
५. ग्याबियन तार वितरण तथा कार्यान्वयनको सिलसिलामा आवश्यकता अनुसार सुझाव तथा निर्देशन दिने ।
६. ग्याबियन तार सदुपयोग वारे आवश्यकता अनुसार अनुगमनको व्यवस्थापन गर्ने गराउने ।
७. कुनै जिल्ला भू संरक्षण कार्यालयले ग्याबियन तार माग नगरेको अवस्थामा वा जिल्ला भू संरक्षण कार्यालयले माग गरेको तार उपयोग गर्न नसक्ने अवस्थामा समितिले अन्य जिल्लालाई थप तार दिन सक्नेछ ।

## ४. वितरण प्रकृया

वितरण तथा व्यवस्थापन तीन (३) चरणमा विभाजन गरिएको छ ।

*(क) माग तथा सूचना संकलन फाराम :*

विभाग अन्तर्गत ५६ जिल्ला भू संरक्षण कार्यालयहरुले ६० वटा जिल्लाहरु भू संरक्षण सेवा दिइएको अवस्थालाई दृष्टिगत गरी सामान्यतया एक जिल्लाले आवश्यकता हेरी ५ देखि १० मेट्रिक टन तार माग गर्न सक्नेछ । माग गर्दा जिल्ला भू संरक्षण कार्यालयहरुले अनूसूची - १ मा उल्लेख भए बमोजिमको विवरण भरी लागत इष्टिमेट र खर्च व्यहोरिने श्रोत समावेश गरी विभागमा पठाउनु पर्नेछ ।

*(ख) वितरण प्रकृयाः*

समितिले जिल्ला भू संरक्षण कार्यालयहरुबाट माग तथा अनुरोध भै आएका सूचनाहरुको आधारलाई विश्लेषण गरी अनुसुची - २ मा उल्लेख भए वमोजिमको Matrix बनाई बहु हितलाई ध्यानमा राखी वितरण गरिने छ । जिल्ला भू संरक्षण कार्यालयबाट प्राप्त मागहरुलाई सदस्य सचिव र भू संरक्षण शाखा प्रमुखले एकीकृत रुपमा संयोजन गरी समिति समक्ष बैठकमा पेश गर्नेछ । समितिको निर्णय पश्चात् विभागको स्टोर शाखालाई जानकारी गराए पश्चात् जिल्लालाई तार हस्तान्तरण गरिने छ ।

*(ग) प्रतिवेदन पेश गर्ने :*

विभागबाट तार प्राप्त गरेपछि सो सम्वन्धी कार्य प्रगति हरेक २-२ महिनामा विभागमा पठाउनु पर्नेछ ।
सम्वन्धित जिल्ला भू संरक्षण कार्यालयहरुले कार्य सम्पन्न गरेपछि प्रतिवेदन अनिवार्य रुपमा अनुसूची ३ बमोजिम ढाँचामा कार्य सम्पन्न भएको एक हप्ता भित्र विभागमा पेश गर्नु पर्नेछ ।

## ५. जिल्ला भू संरक्षण कार्यालयको काम :

- माग गरिएको तार प्रयोगको खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गर्ने,
- कार्यसम्पादन र गुणस्तर प्रत्याभूति गर्ने,
- निर्माण कार्यको गुणस्तर निरीक्षण गर्ने,
- उपभोक्ता समिति।समुदाय। कार्यालयले प्राप्त गरेको तार तथा रकम दुरुपयोग हुन नदिने,
- जिल्ला स्तरमा मौजुदा तारको उचित व्यवस्थापन, समुदायले प्राप्त गरेको तारजाली दुरुपयोग हुन नदिने

सुनिश्चितता गर्ने र दुरुपयोग भएको पाइएमा सम्बन्धीत जिल्ला भू संरक्षण अधिकृतले तुरुन्त छानविन गरी सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७ (१३) अनुसार खरिद मूल्य बराबर रकम असुल उपरको लागि कार्वाही अगाडि वढाउने ।

- जिल्लामा कार्य सम्पन्न भए पश्चात् कार्य सम्पादन प्रतिवेदन एक हप्ता भित्र विभागमा पेस गर्ने,
- स्थानीय स्तरमा सहकार्य, समन्वय, नियन्त्रण र नियमनको व्यवस्था मिलाउने ।

## ६ . वितरण गर्दा ध्यान दिने कुराहरु

(क) सम्वन्धित जिल्लाले स्पष्टसाथ अनुसूची - १ अनुसार माग, लागत इष्टिमेट र खर्च व्यहोरिने श्रोत पेश गरेको हुनुपर्ने छ ।

(ख) अन्य कार्यक्रमको वजेटसंग दोहोरोपना भएको हुनु हुदैन ।

(ग) तारको मात्रा कम माग गरेका जिल्ला भू संरक्षण कार्यालयहरुको हकमा एउटै रुटबाट ढुवानी गर्न मिल्ने नजिकको जिल्ला भू संरक्षण कार्यालयहरुले ढुवानीको लागि एक आपसमा समन्वय गरी लैजान सक्ने छन् ।

(घ) जिल्ला भू संरक्षण कार्यालयहरुको आफ्नै स्वीकृत वार्षिक कार्यक्रमबाट अथवा जिल्ला स्थित सरोकार वालाहरुबाट जिल्ला भू संरक्षण कार्यालयसंग समन्वय गरी ढुवानी, तारवुन्ने र जाली भर्ने खर्चको सुनिश्चितता भएको हुनु पर्नेछ ।

(ङ) ग्यावियन तारको माग सम्बन्धीत जिल्ला भू संरक्षण कार्यालय मार्फत गर्नु पर्नेछ ।

(च) समुदायलाई अधिकतम फाइदा हुने क्षेत्रलाई ध्यान दिइनेछ ।

(छ) ग्याविन तार वितरण गर्दा सवै जिल्लाको माग सम्वोधन हुने गरी आवश्यकता र समानताको आधारमा गरिनेछ ।

## ७. कार्य सम्पन्न प्रतिवेदन

जिल्लाले ग्यावियन तार प्राप्त गरी सकेपछि कार्यक्रम कार्यान्वयन गरी सो को प्रगति विवरण विभागमा पठाउनु पर्नेछ । यसका साथै अनुसूची - ३ मा उल्लेख भए बमोजिमका व्यहोरा विभागमा लेखी पठाउनु पर्ने छ ।

## ८. अनुगमन तथा मूल्याङ्कन

समय समयमा भू तथा जलाधार संरक्षण विभाग तथा क्षेत्रीय वन निर्देशनालयहरुबाट अनुगमन तथा मूल्याङ्कन हुनेछ ।

## ९. समितिको वैठक सामान्यता प्रत्येक २ महिनामा एक पटक वस्नेछ र आवश्यकता अनुसार अन्य समयमा पनि वस्न सक्नेछ ।

## १०. मार्गदर्शन परिमार्जन : यो मार्गदर्शन कार्यान्वयन गर्ने सिलसिलामा प्राप्त अनुभव र सुझावहरु समेतलाई आधा मानी मार्गदर्शन परिमार्जन गर्न सकिनेछ ।

## ११. विविधः

अन्य व्यवस्था समितिको निर्णय अनुसार हनेछ ।

अनुसूची - १

## जिल्ला भू संरक्षण कार्यालयहरुले गर्नु पर्ने माग पत्र

### १. कार्यक्रमको सामान्य जानकारी

कार्यालयको नाम :

संचालन गरिने कार्यक्रमको नाम :

कार्यक्रमको संक्षिप्त विवरण :

(क्षति विवरण, अपेक्षित फाइदा, गर्नु पर्ने आवश्यकताको पुष्ट्याई) कार्यक्रम सञ्चालन गरिने स्थान)

| कार्यक्रम | कार्यक्रम सञ्चालन हुने स्थान | आवश्यक पर्ने तार (के.जी.मा) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

माग गरेको तारको जम्मा परिमाण (के.जी) :

### २. कार्यक्रम संचालन गरिने स्थानको क्षति विवरण :

| कार्यक्रम | गा.वि.स./ वार्ड नं./ टोल/गाउँ | क्षतिको विवरण | | | | जिल्लास्तबाट विनियोजित वा उपलब्ध हुने सुनिश्चित बजेट रु. | साईट इन्जार्चको नाम |
|---|---|---|---|---|---|---|---|
| | | मानवीय क्षति | | अन्य क्षति | | | |
| | | मृतक संख्या | असर/ प्रभावित पर्न सक्ने जनसंख्या | जग्गाको क्षति किसिम (हे.) | सार्वजनिक पूर्वाधार किसिम/एकाई | | |
| | | | | | | | |
| | | | | | | | |

### ३. साझेदारी वजेटको व्यवस्थापन

विभागबाट ˙थावियन तारलाई सम्बन्धीत जिल्लामा पुऱ्याउन लाग्ने ढुवानी, खर्च कार्यक्रम कार्यान्वयनको लागि लाग्ने खर्च लगायत अन्य वित्तिय खर्च सम्वन्धित जिल्लाबाट नै व्यहोर्नु पर्नेछ ।

साझेदारी वजेटको रकम :

खर्च व्योहोरिने स्वीकृत कार्यक्रमको नाम :

अन्य श्रोत (भएमा खुलाउने) :

कार्यक्रमको कूल लागत रु.

वस्तुगतः ........ नगदः ...................... जनसहभागिताः ..............

### ४. कार्यक्रम स्थलको नक्शा : (Sketch Map)

गाविसः वार्ड :

टोल /गाउँः

### ५. अन्य विवरण :

साइट इन्चार्ज

१.

२.

जिल्ला भू संरक्षण अधिकृत

नामः

दस्तखतः

मिति :

अनुसूची - २

## ग्याबियन तार वितरण, विश्लेषण तालिका

### १. निर्णय प्रकृया

समितिको वैठकले देहाय बमोजिमको आंकलन तालिकाको आधारमा प्राप्त तथ्यांकको विश्लेषण गरी निर्णय गर्ने छ ।

| जिल्ला | साइट | क्षतिको विवरण | | | | वजेटको सुनिस्चितता भएको/ नभएको श्रोत पनि खुलाउने | मागगरिएको तारको परिमाण (के.जी). | सन्चालन हुने कार्यक्रम | उपलब्ध गराउन उपयुक्त हुने तारको परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मानवीय क्षति | | जग्गाको किसिम क्षति (हे.) | सार्वजनिक पूर्वाधार किसिम/ एकाई | | | | | |
| | | क्षति संख्या | प्रभावित जनसंख्या | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

### २. तार हस्तान्तरण गरेको परिमाण (के.जी.)

क्वायल संख्या :

ट्याग नम्वरहरुः

### ३. तार बुझ्ने व्यक्तिको नाम र पद :

अनुसूची ३

## कार्य सम्पादन प्रतिवेदन फाराम

१. कार्यसम्पादन प्रतिवेदनसाथ सम्बन्धीत जिल्लामा स्टोर दाखिला भएको प्रमाण पेश गर्नु पर्ने छ ।

२. मूलभूत रुपमा कार्य सम्पदान प्रतिवेदनमा समावेश गर्नु पर्ने कुराहरु निम्नानुसार छन् ।

२.१ संक्षिप्त विवरण

(सामान्यतया कति परिमाणको तार खर्च भयो, कति मौज्दात रह्यो ? कुन कुन श्रोतबाट साझेदारी बजेट खर्च भयो, कूल लागत कति लाग्यो, लाभान्वीत भएको विवरण, लाभ पुग्ने जनसंख्या, संरक्षित हुने जग्गाको क्षेत्रफल वा अन्य कुनै नतिजामूलक विवरण भए पनि उल्लेख गर्ने)

२.३. कार्यक्रमको प्रगति विवरण पार्श्वचित्र (Activity Profile) को ढांचामा हुनु पर्नेछ ।

| जिल्ला | लाभान्वित जनसंख्या | सुरक्षित हुने जग्गा (हे.) | सुरक्षित हुने भौतिक पूर्वाधार किसिम/एकाई | अन्य फाइदा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| साइट इन्चार्ज | स्टोर इन्चार्ज | जि.भू सं.अ. |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| सही : | सही : | सही : |

# विनासकारी भूकम्पले जमीन/जलाधारमा पारेको प्रभाव र यसबाट हुने पहिरो र बाढीको सम्भावना

## १. पृष्ठभूमि

वि.सं. २०७२ बैशाख १२ को महाभूकम्प र त्यस पछिका पराकम्पनले जन, धन, पशु, घर र वस्तीमा पारेको प्रभाव अकल्पनीय छ । महाभूकम्पको प्रभाव तत्कालिन र दीर्घकालिन रुपमा वहुआयामिक (Multiplier Impact) खालको रहेको सर्वविदितै छ । उल्लेखित विषयहरुका अतिरिक्त अर्को सवैभन्दा ठूलो असर (Effect) जमीन र जलाधारमा पारेको छ ।

## २. जमीन र जलाधारमा भूकम्पको प्रभाव

महाभुकम्पबाट प्रभावित क्षेत्रमा जमीन फुटेको, पहाड चर्केको, भिरालाले जमीन धान्न नसक्दा (stope failure) शुख्खा पहिरो गएको छ र उपल्लो तटका जलाधारहरू धुजा धुजा पर्दा तल्लो तटमा रहेका संरचना र वस्ती जोखीममा पर्न गएको छ । जेठ १०,२०७२ मा म्याग्दीको राम्चेको पहाडबाट खुख्खा पहिरो गई काली गण्डकी थुनिन गएको भुकम्पको प्रभावको प्रतिनिधिमूलक उदाहरण हो । आगामी मनसुनमा चर्केका जमीन भित्र पानी पस्न गई थप पहिरो जाने प्रवल सम्भावना बढेको छ ।

## ३. पहिरो / वाढीबाट पर्ने प्रभाव न्यूनीकरणका उपाय /रणनीति

- महाभूकम्पको जमीन र जलाधारमा पारेको प्रभावको Intensity र Scale ज्यादै ठूलो छ । यस्को व्यापक अध्ययन र सूचना संकलन विभिन्न तह तप्का र संस्थाहरुबाट भईरहेको छ । प्रारम्भिक सूचनाले भूकम्प पिडीत क्षेत्रका दर्जनौ वस्तीहरु जोखीममा छन र तीनीहरुलाई तत्काल अन्यत्र सार्न पर्ने अवस्था सिर्जना भएको छ ।
- जमीन, माटो र पानी आधारभूत प्राकृतिक स्रोत भएको हुंदा तीनीहरुको दिगो व्यवस्थापन गर्ने नीति र रणनीति बिना भूकम्प पिडीतलाई पुनर्स्थापना गरी उनीहरुको जीवीकोपार्जनलाई सुनिश्चित गर्न कठीनाइ छ ।
- प्राकृतिक प्रकोप खासगरी पहिरो, वाढी र जमीनको व्यवस्थापन गर्ने विषय वहुआयामीक (Multidisciplinary/ cross cutting) भएकोले यस संग सम्बन्धीत सरोकारवालाहरुसंग समेत सहकार्य गर्न पर्ने अवस्था छ ।
- प्रस्तुत पृष्ठभूमिमा भुकम्पले निम्त्याएको पहिरो र वाढीको कारणले हुने सम्भावित क्षतिको न्यूनिकरण र व्यवस्थापनका लागि तत्कालिन, मध्यकालीन र दीर्घकालीन रणनीति अपनाउनु पर्ने हुँदा भू तथा जलाधार संरक्षण विभागले सोही बाटोमा काम शुरु गरिसकेको छ ।

### ३.१ तत्कालीन रणनीति

क) स्थानीय प्रशासन, सूरक्षा निकाय, जिल्ला दैवि प्रकोप उद्धार समिति र विभिन्न तहका सरोकारवालाहरुको समन्वय र सहकार्यमा पहिरो र संभावित वाढीबाट जोखिममा परेका घर, वस्ती र गाउंहरुको पहिचान गरी त्यस्ता वस्तीहरुलाई तत्काल स्थानान्तरण गर्ने व्यवस्था मिलाउने ।

म्याग्दीको राम्चेमा पहिरो जानु अघी २६ घर-धूरीका १२३ जनसंख्यालाई एकदिन पहिला स्थानान्तरण गर्दा मानवीय क्षति हुन पाएन ।

- यही उदाहरणबाट पाठसिक्दै व्यवस्थापन गर्न नसकिने जोखीम युक्त क्षेत्रबाट वस्तीहरु हटाउने । यसको निर्णय जिल्ला दैविक प्रकोप उद्धार समितिले गर्ने ।

ख) तत्काल सामान्य पहिरोको उपचारबाट घर, वस्ती, खेत जग्गा, माटो र पानीका मुहानहरु संरक्षण गर्न सकिने अवस्थामा जिल्ला भू संरक्षण कार्यालयलाई साधन स्रोत उपलब्ध गराउने गरी कार्ययोजना तयार गरी कार्यान्यवन गर्ने ।

- Gabion तार, जुट ब्याग, वाँस तथा अन्य सामाग्री खरिद गरी पहिरो /बाढी आउनु भन्दा अगाडीको पुन तयारी गर्ने गरी योजना बनी वजेट र कार्यक्रम स्वीकृत हुने अवस्थामा रहेको ।
- उल्लेखित कार्यक्रम र वजेटको कार्यान्वयनबाट भूकम्प पिडीत जनतालाई आय आर्जन सिर्जन हुने गरी कार्यान्वयन योजना तयार भइरहेको ।

## *३.२ मध्यकालीन र दीर्घकालीन ।*

### *३.२.१ मध्यकालीन*

- भूकम्प प्रभावित जिल्लामा जमीन, जलाधार पानी, जीवीकोपार्जन आदीको वारेमा सूचना संकलन गर्दै गर्न पर्ने कामको प्राथमिकरण गर्ने ।
- प्राथमिकताका आधारमा सम्वोधन गर्ने गरी वार्षिक कार्यक्रम र वजेट तर्जुमा गर्ने ।
- आवश्यकता अनुसार आयोजना र परियोजना तर्जुमा गर्ने ।

### ३.२.२. दीर्घकालीन

- उल्लेखित अध्ययन र प्राथमिकताका आधारमा एकिकृत जलाधार व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन ।
- थप आयोजना परियोजनाको Design र कार्यन्वयन
- नीतिगत/संस्थागत सुधार
- जमीनको उपयोग नीतिका आधारमा कृषि प्रणाली, घरबस्ती र विकासका क्रियाकलाप गर्ने ।
- उपल्लो र तल्लो तटको एकिकृत जलाधार व्यवस्थान गर्ने ।

## ४. अन्त्यमा

- नेपाल पहाडी मुलुक भएको , उत्तरबाट थुप्रै नदीनालाहरु दक्षिण तर्फ वग्ने, जमीनको उपयोग अवैज्ञानिक र जथाभावी गरिने विकास निर्माणले गर्दा नेपाल आफैमा जोखीम मुलुक हो ।
- भूकम्पको कारणले जमीनको कसिलोपनामा समस्या गर्न गएकोले पहिरो, बाढी र अन्य प्राकृतिक प्रकोपको संभावना बढेको छ ।
- आगामी वर्षायामबाट पहिरो र बाढीको कारणले हुने सम्भावित थप जन/धनको क्षतिबाट रोक्न उल्लेखित सुझावहरु समय मै कार्यान्वयन भएमा पहिरो/बाढीको प्रकोप न्यूतिकरण र व्यवस्थापन गर्न सकिन्छ ।

# नदी उकास जग्गा उपयोग तथा दर्ता सहमति निर्देशिका, २०६५

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय

## भू तथा जलाधार संरक्षण विभाग

बबरमहल, काठमाडौं

# नदी उकास जग्गा उपयोग तथा दर्ता सहमति निर्देशिका, २०६५

## प्रस्तावना :

प्रकृतिको अनुपम उपहारको रुपमा प्राप्त जमिन र जलको संरक्षण वातावरणमैत्री तरिकाले हुन सकेमा दिगो विकासलाई सघाउ पुग्दछ । हाम्रो देशको धरातलिय स्वरुपलाई दृष्टिगत गर्दा भू क्षय, बाढी, पहिरो, नदी कटान जस्ता घटना कम गर्न र जमिनको समुचित संरक्षणका लागि बैज्ञानिक ढंगको जलाधार व्यवस्थापन गर्नु अपरिहार्य छ । उत्पादनको प्रमुख स्रोत जमिनलाई बढाउन नसकिने भएता पनि यसको विवेकपूर्ण उपयोग गरी प्रकृति अनुकूलका कृयाकलाप सञ्चालन गर्नु मानवीय साझा कर्तव्य बन्न गएको छ ।

नदीहरुको वहाव क्षेत्र प्रकारान्तरमा परिवर्तन हुंदा जमिन कटान हुने र नदी उकास हुने गर्दछ । यस्तो प्रकिया प्राकृतिक र मानवीय कृयाकलापका कारण हुने गर्दछ । जनसंख्या वृद्धि संगै जमिन र नदीको प्रयोगमा मानवीय कृयाकलापले विविधता अपनाउदा नदी कटान र नदी उकासमा पनि प्रभाव पर्ने गरेको छ । नदी उकास भई उपलव्ध भएको जमिनको उपयोग गरी संरक्षण कार्यलाई व्यवस्थित गर्ने दिशामा उपयुक्त विधि अवलम्वन र सचेतता अभिवृद्धिका लागि तथा नदी उकास जग्गा दर्ता प्रकृयामा जलाधार व्यवस्थापनका दृष्टिले मालपोत कार्यालयलाई प्रदान गर्नु पर्ने सहमतिका (प्राविधिक प्रतिवेदन) स्पष्ट आधार निश्चित गरी नदी उकास जग्गा दर्ता सहमति कार्यमा एकरुपता कायम गर्न टेवा पुग्न जाने अपेक्षा गर्दै यो नदी उकास जग्गा उपयोग तथा दर्ता सहमति निर्देशिका, २०६५ जारी गरिएको छ ।

## १ संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम "नदी उकास जग्गा उपयोग तथा दर्ता सहमति निर्देशिका, २०६५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "नदी उकास जग्गा" भन्नाले नदीले वहाव क्षेत्र परिवर्तन गरी पहिले जमिन भएको क्षेत्रमा बगी पछि सो वहाव क्षेत्र छोडेको कारण सृजना भएको जग्गालाई बुझाउने छ ।

(ख) "नदी उकास जग्गा उपयोग" भन्नाले सार्वजनिक वा पर्ति स्वामित्वका नदी उकास भएका जग्गाको संरक्षण कार्यलाई बुझाउने छ ।

(ग) "नदी उकास जग्गा दर्ता सहमति" भन्नाले मालपोत नियमावली, २०३६ को नियम ४ क को उपनियम (४) मा भएको प्रावधान बमोजिम जिल्ला भू संरक्षण कार्यालयले प्रदान गरिने यस निर्देशिकाको दफा ५ बमोजिमको राय प्रतिक्रिया सहितको प्रतिवेदनलाई बुझाउने छ ।

**३. उद्देश्य :** यस निर्देशिकाका उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :

३.१ नेपालका नदीहरुबाट उकास भएका सार्वजनिक जग्गाको उपयोगमा स्थानीय समुदायले वा निकायले माग गरे वमोजिमका संरक्षण कार्यको सैद्धान्तिक तथा प्राविधिक उपायहरुको जानकारी प्रदान गर्ने प्रणालीलाई संस्थागत वनाउने ।

३.२ मालपोत नियमावली, २०३६ को नियम ४ क को उपनियम (४) मा भएको व्यवस्था बमोजिम जिल्ला भू संरक्षण कार्यालयले प्रदान गर्ने नदी उकास जग्गाको दर्ता सहमति सम्वन्धी प्राविधिक विश्लेषणको आधारहरु स्पष्ट गरी सहमति कार्यमा सरलीकरण र एकरुपता कायम गर्ने ।

## ४. नदी उकास जग्गा उपयोग सम्बन्धी नीति :

४.१. नदी उकास जग्गा उपयोगमा जिम्मेवार स्थानीय निकाय वा समुदायलाई सम्वन्धित जिल्ला भू संरक्षण कार्यालयबाट संरक्षण सम्वन्धी उपायको जानकारी प्रदान गर्ने छ ।

४.२. स्थानीयस्तरमा परम्परागत रुपबाट खोलानाला र नदीका जग्गा संरक्षण सम्बन्धी स्थलगत तथ्याङ्क सहभागितामूलक लेखाजोखा प्रणाली (PRA) को माध्यमबाट संकलन गरी आवश्यकतानुसार अभिलेख खडा गरिने छ ।

४.३ सर्वसाधारणलाई नदी उकास जग्गाको संरक्षणका उपाय सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

४.४ नदी खोला किनाराका जग्गामा जग्गाको प्रकृति अनुसार उपयुक्त किसिमका घांस रुख वुट्यानहरुको वारेमा (वीउ संकलन गर्ने उमार्ने, वृक्षारोपण र उपयोग गर्ने) तथ्याङ्क संकलन, विश्लेषण गरी वृक्षारोपणको लागि सिफारिस गरिने छ ।

४.५. नदी एवं खोला किनारामा परम्परागत रुपमा वसोवास गर्ने जनजातिको वसोवास र तिनको छुट्टै उपयोग एवं संरक्षणका तरिकाहरुका वारेमा तथ्याङ्क संकलन गरी सूचना अद्यावधिक गरी राखिने छ ।

४.६. संरक्षणको लागि घाँस प्रजातिलाई प्रमुख स्थान दिई तत् पश्चात किनारा संरक्षणको लागि उपयुक्त बोट विरुवा, बैंस, डालेघाँस, र वांसलाई प्राथमिकताका साथ लगाउन प्रोत्साहित गरिने छ ।

४.७. उपयुक्त संरक्षण संरचना र वनस्पतिजन्य संरक्षणका विविध उपायहरुको वारेमा महिला, गरिव र पिछडिएको वर्गका व्यक्तिहरुलाई तालिम दिने र संरक्षण कार्यमा सहभागी गराउन सहयोग गरिने छ ।

४.८. स्थानीय जातका घांस, वोटविरुवा र अन्य प्रविधिहरु समेत प्रयोग गरी नदी किनारा संरक्षण प्रविधि विकास तथा जोखिमपूर्ण अवस्था र त्यसबाट बच्ने तरिकाका लागि जानकारीमूलक सामग्री तयार गरी प्रचार प्रसार गर्ने, गराइनेछ ।

४.९. स्थानीय समुदायको नदी उकास व्यवस्थापन सम्वन्धी परम्परागत ज्ञान, सीप र अभ्यास पहिचान गरी ती जग्गाको संरक्षण एवं दिगो उपयोगको लागि बढावा दिइनेछ ।

४.१०.जलाधारको अवस्था, नदीको वहाव, भू क्षय न्यूनिकरण सम्वन्धी वैज्ञानिक प्रविधि र ज्ञानका आधारमा आवश्यकतानुसार नदी उकास भएका जग्गाको संरक्षण एवं व्यवस्थापनमा सचेतता अभिवृद्धि गरिनेछ ।

४.११.नदी उकास भएका जग्गाको संरक्षण सम्वर्द्धन गर्ने कार्यमा महिला, गरिव र पिछडिएको जनजातिका व्यक्तिहरुको सहभागिता अभिवृद्धि गरिनेछ ।

४.१२.नदी उकास जग्गा उपभोगमा अनुसूची १ को आधारमा उपयुक्त उपाय अवलम्वन गर्न सकिनेछ ।

## ५. नदी उकास जग्गा दर्ता सहमति प्रकृया:

५.१ नदी उकास जग्गा दर्ता सहमति माग गर्नु पर्दा मालपोत कार्यालयले अनुसूचि २ बमोजिमको फाराम सहित सहमति माग गर्नु पर्नेछ ।

५.२. नदी उकास जग्गाबाट निकटतम दूरीमा रहेको जलवायु तथा मौसम विज्ञान केन्द्रबाट प्राप्त वर्षात सम्वन्धी तथ्याङ्कको आधारमा अधिकतम बहाव (Peak discharge) निकाली नदीको हाल विद्यमान Cross section र Peak discharge को आधारमा पानीको बहाव क्षेत्र निर्धारण गरी बहाव क्षेत्र वाहिरको जग्गा पर्ने नपर्ने विश्लेषण अनुसूचि ३ को आधारमा गर्नु पर्ने छ । नदीको अधिकतम बहाव क्षेत्र वाहिर जग्गा पर्ने भएमा मात्र

दर्ता योग्य मान्नु पर्नेछ ।

५.३. सम्बन्धीत जिल्ला भू संरक्षण कार्यालयले स्थलगत निरीक्षण गर्दा अनुसूची ४ बमोजिम सूचना संकलन गर्नु पर्नेछ ।

५.४.नदीको बहाव, बाढीको सतह, स्थानान्तरण अवस्था जस्ता विवरण र तिनिहरुको ऐतिहासिक पृष्ठभूमि सम्बन्धमा स्थानीय जनताबाट जानकारी लिई सहमति माग गर्ने मालपोत कार्यालयले उपलब्ध गराएको नक्सा तथा विवरणको आधारमा स्थलगत सूचना संकलन गर्नु पर्नेछ । संभव भए सम्म सम्बन्धीत मालपोत कार्यालयले उक्त क्षेत्रको Topographic maps, Aerial photographs उपलब्ध गराउनु पर्नेछ । सहमति माग भएको नदी उकास जग्गाको चारकिल्ला र क्षेत्रफल जग्गा दर्ता माग गर्ने निवेदक र स्थानीय जनप्रतिनिधिको रोहवरमा सहमति माग गर्ने मालपोत कार्यालयले एकिन गरिदिएको आधारमा स्थलगत निरीक्षण गर्नु पर्नेछ ।

५.५ नदी उकास जग्गा दर्ता सहमति अनुसूचि ५ बमोजिमको ढाँचामा प्रदान गर्नु पर्नेछ ।

## ६. विविध

६.१. नदि उकास जग्गा दर्ता सहमति माग गर्दा सम्बन्धीत मालपोत कार्यालय रहेको जिल्ला भू संरक्षण कार्यालयमा माग गर्नु पर्नेछ ।

६.२. सम्बन्धीत नदी उकास जग्गा दर्ता सहमति माग भएको जिल्लामा जिल्ला भू संरक्षण कार्यालय नभएमा भू तथा जलाधार संरक्षण विभागमा सहमति माग गर्नु पर्नेछ र भू तथा जलाधार संरक्षण विभागले सहमति माग भएको नदी उकास जग्गा नजिकको जिल्ला भू संरक्षण कार्यालयलाई उक्त कार्यको लागि तोक्न सक्ने छ वा आफैले सहमति सम्वन्धी कार्य गर्न सक्नेछ ।

६.३. सहमति माग गर्दा र सहमति प्रदान गर्दा सम्बन्धीत मालपोत कार्यालय र जिल्ला भू संरक्षण कार्यालयले भू तथा जलाधार संरक्षण विभागलाई समेत अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

६.४. नदी उकास जग्गा उपयोग संग सम्बन्धीत विषयमा परामर्श वा जानकारी लिन जिल्ला भू संरक्षण कार्यालय नरहेको जिल्लाका जग्गा भए भू तथा जलाधार संरक्षण विभागमा सम्पर्क गर्न सकिने छ ।

६.५. नदी उकास जग्गा दर्ता गर्ने, नगर्ने सम्वन्धी निर्णय अधिकार प्रचलित मालपोत नियमावलीमा भएको व्यवस्था अनुसार सम्वन्धित मालपोत कार्यालयमा निहित रहने छ ।

अनुसूची १

(दफा ४ संग सम्वन्धित)

## Land Capability Classification

| Slope % / Soil depth (cm) | <12 | 12 - 29 | 30 - 49 | 50 - 60 | > 60 |
|---|---|---|---|---|---|
| **> 90 cm** | C1 | C2 | C3 | FT | F |
| **90 - 50** | C1 | C2 | C3 | FT \F | F |
| **49 - 20** | C1 | C2 \ p | P | F | F |
| **< 20** | C1\P | P | P | F | F |

C1= Cultivable Land, mechanization possible

C2= Cultivable Land with intensive soil conservation measures, mechanization possible

C3= Cultivable Land with intensive soil conservation measures constructed by hand tools.

FT= Fruit trees with orchard terraces

P = Pasture

F = Forest cover

Special cases: Land subject to water logging or frequent flooding: P

Stony land < 50% Slope: P

> 50 % Slope: F

अनुसूची २
(दफा ५.१ संग सम्बन्धित)

## नदी उकास जग्गा दर्ताको लागि सहमति माग गर्दा मालपोत कार्यालयले भर्नु पर्ने फाराम

१. मालपोत कार्यालयको नाम :

२. निवेदकको विवरण
 (क) निवेदकको नाम, थरः-
 (ख) बाबु/आमा/पति/पत्नीको नाम थर :-
 (ग) बाजे/ससूरा :-
 (घ) वतन :- जिल्ला ........ न.पा./गा.वि.स. ........ वडा नं. ........

३. जग्गाको विवरणः-
 (क) हालको :-
 जिल्ला ........ न.पा./गा.वि.स. ........ वडा नं........ सिट नं. ........ विरह ........
 कि.नं. ........ क्षेत्रफल ........ मध्ये ........ तर्फ ........ ....
 (ख) साविक विवरणः- ........
 (ग) अन्य विवरण भए सो उल्लेख गर्ने :- ........

४. कार्यालयको राय :- ........

कार्यालय प्रमुखको
नाम थर :
श्रेणी । तह :
दस्तखत :
मिति :

नोट :- फाराम साथ फुल साईजको सर्भे नक्सा प्रिन्ट साथै पठाउनु पर्नेछ । सो नक्सामा सहमति माग गरिएका जग्गाको क्षेत्र रातो मसिले छुट्याई दिनु पर्नेछ । साथै जिल्ला भू संरक्षण कार्यालयले माग गरेको अवस्थामा सम्बन्धीत मालपोत कार्यालयले नापी संबन्धी प्राविधिक खटाइ स्थलगत रुपमा क्षेत्र यकिन गरिदिनेछ ।

अनुसूची- ३
(दफा ५.२ संग सम्वन्धित)

## विश्लेषण आधार-पत्र

### १. अधिकतम बहाव (Peak Discharge) निकाल्ने

१.१ नदी उकास जग्गाको मध्य भागबाट नदीखोलासंग लम्व हुने गरि खिचिएको सिधा रेखामा पर्ने खोलाको मध्य विन्दुलाई आधारमानी जलाधार क्षेत्र पहिचान तथा नदी खोलाको Cross Section पत्ता लगाउने । (चित्र नं. १ को सहयोग लिन सकिने छ)

१.२ जलाधार क्षेत्रको क्षेत्रफल तथा उपलब्ध वर्षात (Rainfall) डाटाहरुको आधारमा अधिकतम बहाव (Peak Discharge) निकाल्ने ।

### २. अधिकतम बहाव क्षेत्र पत्ता लगाउदा (Identification of high flood level area)

अधिकतम बहावलाई आवश्यक पर्ने क्षेत्र निर्धारण गरि सो क्षेत्र भन्दा वाहिर परेको जग्गालाई खतरामुक्त मान्न सकिने छ ।




(चित्र नं. १)

अनुसूची - ४

(दफा ५.३ संग सम्बन्धित)

## स्थलगत विवरण

१. सहमति माग गरिएको जग्गाको वर्षभरीको भू उपयोग अवस्था :

२. सहमति माग गरिएको जग्गाको वरिपरीको क्षेत्रको भू उपयोग अवस्था :

३. सहमति माग गरिएको जग्गाको नजिक रहेको नदी । खोलाको नाम :

४. नदी । खोलाको Cross Section Area नक्सा र सो बमोजिमको क्षेत्रफल (वर्ग मिटर) :

५. हालको नदी किनारबाट अधिकतम वाढीले ओगटेको क्षेत्रको दूरी

५.१ दाया (मिटर) :

५.२ बायां (मिटर) :

६. अधिकतम बाढीले ओगटेको क्षेत्रबाट सहमति माग गरेको जग्गाको दूरी (मिटर)

७. सहमति माग गरिएको जग्गाको भिरालोपना (डिग्री) :

८. सहमति माग भएको जग्गा र नजिक खोलाको खेस्रा नक्सा (Sketch map) :

- हालको किनारा
- अधिकतम बहावको क्षेत्र
- भू उपयोग
- सहमति माग भएको नदीउकास जग्गा निकटका महत्वपूर्ण संरचनाहरु लगायत अन्य विवरणहरु

९ नदीको वहाव किसिमः-

नागवेली ☐ अन्य : ☐

१०. सम्बन्धीत जग्गामा प्राकृतिक रुपवाट उम्रेका घाँस, वोट विरुवा प्रजातिहरु भए तीनको नाम, उपयोग र संरक्षणमा त्यस्को योगदान वारे विवरण :

११. नदी किनारा संरक्षणको लागि संरक्षण सम्वर्द्धन गरेका भए तत् सम्वन्धी विवरण :

१२. नदीको सतहको माटोको किसिम र विवरण :

१३. सम्वन्धित जग्गाको माटोको किसिम र विवरण :

*नोटः जग्गाको स्थलगत विवरण तयार गर्दा उक्त क्षेत्र नजिक वसोवास गर्दै आइरहेका पाका, रैथाने तथा अन्य जानकारहरुसंग अन्तरक्रिया, छलफल, गरी जानकारी लिन सकिनेछ ।*

अनुसूची - ५
(दफा ५.५ संग संबन्धित)

## भू संरक्षण कार्यालयबाट प्रदान गरिने सहमति पत्रको नमूना

१. सहमति प्रदान गर्ने कार्यालयको नाम :

२. सहमति माग गर्ने मालपोत कार्यालय ..............................

३. प.सं. ............ च.नं.................... मिति .......

४. निवेदकको नाम, थर ..............................
बाबु/आमा/पति/पत्नी ........................................ वाजे/ससुरा..............
जिल्ला .......... न.पा./गा.वि.स. ........... वडा नं.... सिट नं. ...... विरह .
कि.नं. .......... क्षेत्रफल .................... मध्ये ...... तर्फ ....... ।

५. बाढीको दृष्टिकोणबाट :-
(क) बाढी क्षेत्रभित्र पर्ने ........................................
(ख) बाढी क्षेत्र भित्र नपर्ने ........................................

६. भू क्षयको दृष्टिकोणबाट :–
(क) भू क्षयको दृष्टिकोणबाट संवेदनशील रहेको :-
(ख) भू क्षयको दृष्टिकोणबाट संवेदनशील नरहेको :-

७. हाल नदी वगेको क्षेत्र र जग्गाको दूरी ............................ मिटर

कार्यालय प्रमुखको

नाम, थर : श्रेणी /तह :

दस्तखतः मिति :

*नोटः- बाढी क्षेत्रमा परेको र भू क्षयको दृष्टिकोणले संवेदनशील देखिएको जग्गा दर्ताका लागि अनुपयुक्त हुनेछ ।*

# आकस्मिक भू संरक्षण कार्य सञ्चालन निर्देशिका, २०६६

**प्रस्तावना :-**

भू क्षयसंग सम्बन्धीत प्रकोप रोकथाम तथा न्यूनीकरण गरी प्रभावित वा प्रभावित हुनसक्ने व्यक्ति, समूह, समुदाय वा क्षेत्रमा तत्काल भू संरक्षण सम्वन्धी सेवा पुऱ्याउने कार्यलाई समुचित व्यवस्थापन गर्न र आकस्मिक भू-क्षय न्यूनीकरण तथा पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी वनाउन यो निर्देशिका तयार गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कोषको नाम "आकस्मिक भू संरक्षण कार्य संचालन निर्देशिका" रहनेछ ।

(ख) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेपछि प्रारम्भ हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा -

(क) "आकस्मिक वाढी र पहिरो" भन्नाले आकस्मिक रुपमा जमिनको ठूलो भाग पहिरोको रुपमा गई वा वाढीको कारणले उत्पन्न भू क्षय सम्वन्धी प्रकोपलाई सम्झनु पर्दछ ।

(ख) "विभाग" भन्नाले भू तथा जलाधार संरक्षण विभाग सम्झनु पर्दछ ।

(ग) "महानिर्देशक" भन्नाले भू तथा जलाधार संरक्षण विभागका महानिर्देशकलाई सम्झनु पर्दछ । सो शव्दले निमित्त महानिर्देशकलाई समेत जनाउदछ ।

(घ) "लेखा प्रमुख" भन्नाले भू तथा जलाधार संरक्षण विभागका लेखा अधिकृतलाई सम्झनु पर्दछ ।

## ३. सूचना संकलन :

भू-क्षय घटनाको जानकारी देहाय बमोजिमका स्रोत, माध्यम र प्रक्रियालाई लिइने छ ।

**स्रोतः** - व्यक्ति, पीडित पक्ष,गाउँ विकास समिति, जिल्ला विकास समिति, सम्बन्धीत संघ-संस्था, जिल्ला भू संरक्षण कार्यालय, दैवी प्रकोप उद्धार समितिहरु, सञ्चार माध्यमहरु

**माध्यमः**- पीडित वा सम्बन्धीत पक्षको निवेदन, फोन, सूचना, प्राविधिक प्रतिवेदन, अनुरोध पत्र, अनुसन्धान, अनुगमन प्रतिवेदन

**प्रक्रियाः**- स्थलगत निरीक्षण

१. जिल्ला भू संरक्षण कार्यालयका प्राविधिक कर्मचारीको स्थलगत निरीक्षण ।

२. जिल्ला दैविक प्रकोप उद्धार समितिको सिफारिस ।

३. जिल्ला स्थित अन्य विभिन्न संघ-संस्थाको सूचना तथा सिफारिस ।

४. अन्य निकायबाट हुन सक्ने सहयोग

५. अन्य

## ४. भू क्षयजन्य क्षतिको लेखाजोखा :-

प्रभावित क्षेत्रको सूचना प्राप्त भएपछि सम्बन्धीत जिल्ला भू संरक्षण कार्यालयले क्षतिग्रस्त क्षेत्रको क्षति, त्यसको असर, प्रभावको विवरण साथै न्यूनीकरण,रोकथामको अनुमानित लागत इत्यादि सहितको विस्तृत विवरण तयारपारी विभागमा प्रस्ताव पेश गर्नु पर्नेछ । यसरी प्रस्ताव पेश गर्दा क्षतिको प्राविधिक मूल्यांकन, क्षतिको संवेदनशीलता, जिल्ला दैवी प्रकोप उद्धार समितिको प्राथमिकता आदि आधारहरु समेत समावेश गर्नु पर्नेछ ।

## ५. कार्यक्रम छनौट समिति :-

कार्यक्रम छनौट गर्न विभागमा देहाय वमोजिमको समिति रहने छ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | महानिर्देशक |
| सदस्य | : | प्रमुख, योजना शाखा |
| सदस्य सचिव | : | प्रमुख, भू संरक्षण शाखा |

आवश्यकतानुसार अध्यक्षले विभागका अन्य सदस्यहरुलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ६. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

१. आकस्मिक रुपमा हुने भू क्षय र प्रभाव न्यूनीकरण सम्वन्धी कार्यक्रम सञ्चालन, रेखदेख र समन्वय गर्ने ।
२. भू क्षय र त्यसको प्रभाव न्यूनीकरण सम्बन्धी योजना तर्जुमा र व्यवस्थापन गर्ने ।
३. भू क्षय र त्यसको प्रभाव न्यूनीकरण सम्बन्धी योजना कार्यान्वयनका लागी पर्याप्त रकमको व्यवस्था गर्न सालवसाली रुपमा पहल गर्ने ।
४. आकस्मिक रुपमा हुने भू क्षय र प्रभाव न्यूनीकरण स्थल छनौट गरी वजेट विनियोजन गर्ने ।
५. आकस्मिक रुपमा हुने भू क्षय र प्रभाव न्यूनीकरणका लागी अन्य सम्वद्ध निकायसंग समन्वय गर्ने ।
६. आकस्मिक रुपमा हुने भू क्षय र प्रभाव न्यूनीकरणका लागी प्राविधिक रणनीति तयार गर्ने ।

## ७. कोषको स्थापना :-

१. आकस्मिक रुपमा हुने भू-क्षय र प्रभाव न्यूनीकरण सम्बन्धी कार्यक्रम संचालन गर्न विभागमा केन्द्रिय स्तरको कोषको व्यवस्था रहने र यस कोषको मुख्य अख्तियारी महानिर्देशकमा रहने छ । विभागको महानिर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता संचालन हुनेछ ।

२. कोषमा देहाय अनुसारका रकमहरु जम्मा गरिनेछ :

(क) आकस्मिक भू क्षय नियन्त्रणका लागी नेपाल सरकारबाट विनियोजित रकम
(ख) आकस्मिक भू क्षय नियन्त्रणका लागी अन्य संघ-संस्थाबाट प्राप्त रकम
(ग) स्थानीय निकायहरु (जिल्ला विकास समिति / गाउँ विकास समिति) आदि
(घ) वैदेशिक सहयोग (नेपाल सरकारको पूर्व स्वीकृत लिई) बाट प्राप्त सहयोग, तर वैदेशिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## ८. आकस्मिक भू-क्षय नियन्त्रण कार्यक्रम छनौट देहायका आधारहरु बमोजिम हुनेछ :-

(क) प्रकोपको संवेदनशीलता, राष्ट्रिय महत्व, पूर्वाधारहरुमा क्षति भएको वा नभएको, व्यक्ति वा समुदायलाई हुने फाइदा,

(ख) उपलब्ध रकमबाट क्षति न्यूनीकरण वा व्यवस्थापन गर्न सकिने र नसकिने,

(ग) अन्य निकायबाट पनि Matching Fund उपलब्ध हुन सक्ने/नसक्ने, जनसहभागिता हुने/ नहुने, आदि ।

## ९. बजेट निकासा :-

कार्यक्रम छनौट समितिले भू क्षय प्रभावित क्षेत्र नियन्त्रण र व्यवस्थापनका लागि छनौट गरिसकेपछि सम्वन्धीत जिल्लालाई छिटो साधनबाट निकासा पठाइने व्यवस्था मिलाईने छ ।

## १०. कार्य क्षेत्रहरु :-

आकस्मिक भू क्षय नियन्त्रणको रकम देहायका क्षेत्रमा खर्च गरिने छ :

(क) पहिरोबाट उत्पन्न भएका क्षतिको तत्काल रोकथाम, व्यवस्थापन गर्न,

(ख) भविष्यमा हुन सक्ने क्षतिको रोकथाम गर्न

(ग) आकस्मिक भू क्षय नियन्त्रण सम्वन्धी अध्ययन अनुसन्धान गर्न

(घ) कार्यक्रम छनौट समितिबाट निर्दिष्ट भएका अन्य कार्यहरु गर्न

## ११. कार्य संचालन प्रक्रिया:-

आकस्मिक भू क्षय नियन्त्रणका कार्यक्रमहरु सम्भव भएसम्म जनसहभागिताद्वारा गरिने छ । तत्कालिन आवश्यकता अनुसार अमानत, वार्ता वा वोलपत्रको माध्यमबाट पनि त्यस्ता कार्यक्रम गर्न सकिनेछ ।

## १२. अनुगमन, मूल्यांकन समिति :-

आकस्मिक भू-क्षय नियन्त्रण कार्यक्रमको अनुगमन तथा मूल्यांकनका लागी केन्द्रीयस्तर र जिल्लास्तरमा दुई समितिहरु रहने छन् । ती समितिहरुको गठन देहाय वमोजिम हुनेछ ।

**केन्द्रीयस्तर :**

| | |
|---|---|
| राष्ट्रिय योजना आयोग सदस्य (वन क्षेत्र हेर्ने) | संयोजक |
| सचिव, वन तथा भू संरक्षण मन्त्रालय | सदस्य |
| महानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग | सदस्य |
| प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |
| प्रतिनिधि, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | सदस्य |

**जिल्लास्तर :**

| | |
|---|---|
| जिल्ला विकास समितिको सभापति | संयोजक |
| स्थानीय विकास अधिकारी | सदस्य |
| जिल्ला भू संरक्षण अधिकृत | सदस्य |
| सम्बन्धीत गाउँ विकास समिति वा नगरपालिकाका एक जना प्रतिनिधि | सदस्य |
| उपभोक्ताहरु मध्येबाट एकजना प्रतिनिधि | सदस्य |

## १३. प्रगति समिक्षा :-

आकस्मिक भू क्षय नियन्त्रण कार्यक्रमको वार्षिक रुपमा जिल्ला, क्षेत्रीय र राष्ट्रिय स्तरमा प्रगति समिक्षा गरि नियमित प्रगति विवरणमा समेत समावेश गरिने छ ।

## १४. आकस्मिक भू-क्षय नियन्त्रणको लागि विनियोजित रकम देहाय अनुसार खर्च गरिने छ :-

| | |
|---|---|
| प्रभावित क्षेत्रको संरक्षण व्यवस्थापनमा | - ८० |
| अध्ययन, अनुसन्धान । प्रकाशन | - १० |
| अनुगमन, मूल्याकन | - १० |

## १५. लेखा परीक्षण :-

(क) आकस्मिक भू क्षय नियन्त्रण कार्यक्रममा खर्च भएको रकमको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धीत जिल्ला भू संरक्षण कार्यालयमा हुनेछ ।

(ख) आर्थिक वर्षको अन्तमा कोषमा बाँकी भएको रकम फ्रिज हुनेछैन ।

(ग) खर्च नभै जिल्लामा बांकी रहन गएको रकम सम्वन्धित जिल्ला भू संरक्षण कार्यालयले विभागको खातामा फिर्ता पठाउनु पर्नेछ ।

# वन तथा भू संरक्षण विभागको नागरिक वडापत्र

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू संरक्षण विभाग

## नागरीक वडापत्र

| क्र.सं. | प्रदान गरिने सेवा (कार्य विवरण) | सेवा प्रदान गर्ने शाखा तथा महाशाखाहरु |
|---|---|---|
| १ | वातावरणिय प्रभाव मूल्यांकन सम्बन्धी कारवाही | साइटिस शाखा |
| २ | वन पैदावारको विक्री वितरण सम्बन्धी नीति नियम तर्जुमा | वन व्यवस्थापन शाखा |
| ३ | वन पैदावारको हानि नोक्सानी तथा वन अतिक्रमण सम्बन्धी कारवाही | वन संरक्षण शाखा |
| ४ | वन पैदावारको संरक्षण सम्बर्धन तथा विकास र सदुपयोग सम्बन्धी कार्य | वन व्यवस्थापन शाखा |
| ५ | कवुलियति वन सम्बन्धी कारवाही | सामाजिक वन शाखा |
| ६ | वन संरक्षण/व्यवस्थापन/सदुपयोग तथा वृक्षारोपण सम्बन्धी कार्यक्रमको तर्जुमा | वन सम्बर्द्धन शाखा |
| ७ | निजि वन विकासको लागि सुचना प्रवाह गरि प्रविधि उपलब्ध गराउने | निजी तथा सार्वजनिक वन शाखा |
| ८ | कृषि वन वालि विकास तथा विस्तार गर्न प्रचारप्रसार गरि सर्वसाधरण जनतामा उत्प्रेरणा जगाउने | निजी तथा सार्वजनिक वन शाखा |
| ९ | सामुदायिक वन सम्बन्धी नीति नियम बारे जानकारी गराउने तथा उपभोक्ता संघसंग समन्वय गर्ने | सामाजिक वन शाखा |
| १० | वन विभाग अर्न्तगत संचालन हुने कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्यांकन | प्रमाणिकरण शाखा |
| ११ | वन संरक्षण तथा विकास बारे जन चेतना अभिवृद्धि गर्न प्रचार प्रसार गर्ने | सामाजिक वन शाखा |
| १२ | गरिवीका रेखामुनिका लागि कबुलियति वन कार्यक्रम | सामाजिक वन शाखा |
| १३ | सिमसार क्षेत्रको संरक्षण | सिमसार शाखा/वन्यजन्तु शाखा |
| १४ | योजना तर्जुमा तथा जलाधार सूचना प्रवाह गर्ने | योजना तथा जलाधार सूचना प्रणाली शाखा |

| क्र.सं. | प्रदान गरिने सेवा (कार्य विवरण) | सेवा प्रदान गर्ने शाखा तथा महाशाखाहरु |
|---|---|---|
| १५ | भू-उपयोगको विकास गर्ने तथा विपत व्यवस्थापनको न्यूनिकरण गर्ने | भू-उपयोग विकास तथा विपत न्यूनिकरण शाखा |
| १६ | संरक्षण प्रविधिको विस्तार गर्ने | संरक्षण प्रविधि विकास शाखा |
| १७ | पहिरोको व्यवस्थापन गर्ने कार्य | पहिरो व्यवस्थापन शाखा |
| १८ | संवेदनशिल जलाधार क्षेत्रको व्यवस्थापन गर्ने कार्य | संवेदनशिल जलाधार व्यवस्थापन शाखा |

# प्राकृतिक प्रकोप व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७१

(नेपाल सरकार सचिवस्तरबाट स्वीकृत मिति: २०७१/०५/२४)

## भू तथा जलाधार संरक्षण विभाग

बबरमहल, काठमाडौं

## प्रस्तावना

भौगोलिक बनावट र मानवीय क्रियाकलापहरुकले गर्दा नेपालमा बाढी, पहिरोजन्य समस्याहरु दिन प्रति दिन वृद्वि हुंदै जाँदा मानवीय, भौतिक पूर्वाधार र अन्य सम्पत्तिहरुको निकै ठूलो क्षति व्यहोर्नु परेको अवस्था छ । यस्ता घटना कहाँ र कति बेला घटन सक्दछ भन्ने आुकल गर्न निकै कठिनाई हुन्छ । आकस्मिक रुपमा घट्ने प्राकृतिक प्रकोपलाई तत्काल संबोधन गर्न नसकिए क्षतिको मात्रा बढ्दै जान सक्दछ । भू क्षयसंग सम्बन्धीत प्रकोप रोकथाम तथा न्यूनिकरण गरी प्रभावित वा प्रभावित हुन सक्ने व्यत्ति, समूह, समुदाय वा क्षेत्रमा भू संरक्षण व्यस्थापन गर्न यो निर्देशिका तयार गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम " प्राकृतिक प्रकोप व्यस्थापन कार्य सञ्चालन निर्देशिका २०७१" रहुनेछ ।

ख) यो निर्देशिका वन तथा भू संरक्षण मन्त्रालयले स्वीकृत गरेपछि प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को नलागेमा

क) "प्राकृतिक प्रकोप" भन्नाले आकस्मिक रुपमा जाने बाढी तथा पहिरो जन्य समस्या तथा जलाधार क्षेत्र भित्र परेको पानी, माटो, जैविक विविधता तथा अन्य वातावरणीय समस्याहरुलाई सम्फनु पर्दछ ।

ख) " विभाग" भन्नाले भू तथा जलाधार संरक्षण विभागलाई सम्फनु पर्दछ ।

ग) "महानिर्देशक" भन्नाले भू तथा जलाधार संरक्षण विभागका महानिर्देशक लाई सम्फनु पर्दछ ।

घ) "समिति" भन्नाले कार्यक्रम छनौट समिति सम्फनु पर्दछ ।

## ३. प्राकृतिक प्रकोपको सूचना संकलन

क) विगत र चालु आर्थिक वर्षमा घटेको प्रकोपहरुको संवेदनशीलताको आधारमा समितिले Rapid Disaster Assessment गरी सूचना संकलन गर्न वा गराउन सक्नेछ । यस प्रयोजनको लागि अनुसूचि-१ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरिनेछ ।

ख) प्रकरण "क" अनुसार सूचना संकलन गर्दा व्यक्ति, पीडित पक्ष, गाउँ विकास समिति , जिल्ला विकास समिति, अन्य संघ संस्था प्राकृतिक प्रकोप उद्वार समिति तथा अन्य निकायहरु वा जिल्ला भू संरक्षण कार्यालयमा दिएको वा विभागमा प्राप्त सूचना समेतलाई आधार बनाइने छ ।

## ४. कार्यक्रम छनौट समिति

Rapid Disaster Assessment प्रतिवेदनको आधारमा कार्यक्रम छनौट गर्न विभागमा देहाय बमोजिमको समिति र हुनेछ ।

अध्यक्ष : महानिर्देशक

सदस्य : शाखा प्रमुख, योजना शाखा

सदस्य :शाखा प्रमुख, अनुगमन तथा मूल्याङ्कन शाखा

सदस्य : शाखा प्रमुख, लेखा शाखा

सदस्य सचिव : शाखा प्रमुख, भू संरक्षण शाखा

आवश्यकता अनुसार अध्यक्षले विभागका उपमहानिर्देशक तथा अन्य विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ५. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) Rapid Disaster Assessment र उपलब्ध साधन स्रोतको आधारमा कार्यक्रम छनौट गरी कार्यान्वयनको व्यबस्था मिलाउने ।

ख) संचालित कार्यक्रमको नियमित रुपमा अनुगमन र मूल्याङ्कन गर्ने ।

समितिले कार्यक्रम छनौट देहाय बमोजिमका आधारमा गर्नेछ ।

- प्रकोपको संबेदनशीलता :स्थानीयस्तर, क्षेत्रीयस्तर तथा राष्ट्रियस्तर ।
- व्यक्ति, समुदाय वा राष्ट्रियस्तरका महत्व बोकेको क्षेत्रहरु ।
- उपलब्ध रकमबाट क्षति न्यूनिकरण वा व्यवस्थापन गर्न सकिने ।
- अन्य संघ संस्थाहरुबाट समेत सहकार्यको सम्भावना रहेको ।
- व्यक्तिगत वा सार्वजनिक सम्पत्तिमा परेको असर ।
- जनसहभागिता जुट्न सक्ने ।
- जैविक प्रविधिको समेत प्रयोग गरी समस्या समाधान हुन सक्ने ।
- स्पष्ट विस्तृत इष्टिमेट पेश गरे नगरेको ।
- कार्यक्रम सम्पन्न गरे पश्चात विगतका वर्षहरुमा प्रतिवेदन पेश गरेको वा नगरेको ।

## ६. स्रोत साधनको बाँडफाँड

कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिम स्रोत साधन बाँडफाँड गरीनेछ ।

- कार्यक्रममा कम्तिमा ८५ प्रतिशत
- Rapid Disaster Assessment र सूचना संकलनमा बढीमा ५ प्रतिशत
- अनुगमन तथा मूल्यांकन बढीमा १० प्रतिशत

## ७. बजेट निकासा

क) कार्यक्रम छनौट समितिले छनौट गरेको कार्यक्रम महानिर्देशकले प्रचलित ऐन नियम बमोजिम सम्बन्धीत जिल्ला भू संरक्षण कार्यालयलाई अख्तियारी पठाउनु पर्नेछ ।

ख) प्राप्त अख्तियारी बमोजिम जिल्ला भू संरक्षण कार्यालयले जनसहभागिता समेत जुटाई पारदर्शी रुपमा कार्यक्रम कार्यान्वयन गरी गराई त्यसको प्रतिवेदन नियमित रुपमा विभागमा पठाउनु पर्नेछ ।

## ८. कार्यान्वयन विधि

स्वीकृत भएका सबै कार्यक्रमहरु प्रभावित क्षेत्रका उपभोक्ता समूह मार्फत कार्यान्वयन गरिने छ । यस प्रयोजनको लागि जिल्ला भू संरक्षण कार्यालयले देहाय बमोजिमका कार्यहरु सम्पादन गर्नेछ ।

क) प्रभावित जनसंख्या मध्येबाट उपभोक्ताको पहिचान गरी उपभोक्ता समूह बनाउन सहयोग पुऱ्याउने ।

ख) माथि प्रकरण (क) अनुसार बनेको समूहलाई कार्यक्रमको लागि केन्द्रबाट प्राप्त रकमको जानकारी दिई उपभोक्ताबाट अपेक्षित योगदान, कार्यक्रम कार्यान्वयनको समय सिमा र जिल्लाबाट प्राप्त हुने रकमको किस्ताबन्दि र प्राविधिक रेखदेख लगायतका विषयहरु खुलाई कार्यालय र उपभोक्ता समूह बिच सम्झौता गर्ने ।

तर, यसरी सम्झौता गर्दा कार्यक्रम कार्यान्वयन अवधि चार महिना भन्दा बढी समय राखी सम्झौता गरिने छैन ।

ग) सम्झौता अनुसार कार्यालयको तर्फबाट सम्पादन गर्नुपर्ने कार्य गर्ने ।

घ) कार्यक्रम कार्यान्वयनको लागि नियमित प्राविधिक सहयोग उपलब्ध गराउने र अनुगमन गर्ने ।

ङ) कार्यक्रम कार्यान्वयनमा समस्या देखा परेमा विभागसंग समेत समन्वय गरी समस्या समाधान गर्ने ।

च) कार्यक्रम कार्यान्वयन भएपछि स्थानीय स्तरमा सार्वजनिक सुनुवाई गरी कामको लेखाजोखा गर्ने र कार्यसम्पन्न प्रतिवेदन तयार गरी एक प्रति उपभोक्ता समूहलाई दिने ।

छ) जिल्लामा सञ्चालन भएका कार्यक्रम कार्यान्वयन भएको प्रमाण सहितको एकमुष्ट विवरण तयार गरी विभागमा पठाउने ।

## ९. अनुगमन र मूल्यांकन

विभागले जिल्लास्तरमा संचालित कार्यक्रमहरुको नियमित रुपमा अनुगमनको कार्य गर्ने छ । यस प्रयोजनको लागि विभागले देहाय बमोजिमको कार्य गर्ने छ ।

क) कार्यक्रम स्वीकृत भएपछि कार्य तालिका बनाएर कार्यान्वयनको अनुगमन गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या तत्काल समाधान गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनमा लापरवाही गर्ने वा तोकिएको प्रक्रिया अवलम्बन नगर्ने कर्मचारीलाई आवश्यकता अनुसार विभागीय कारवाही गर्ने ।

घ) अनुगमन प्रतिवेदन नियमित रुपमा वेव साइटमा राख्ने र मन्त्रालयलाई उपलब्ध गराउने ।

ङ) कार्यक्रम कार्यान्वयनको क्रममा आउने गुनासोहरु तत्काल सम्बोधन गर्ने ।

च) वर्षको अन्त्यमा कार्यक्रम कार्यान्वयनका प्रमाण समेत खुल्ने प्रतिवेदन तयार गरी वेव साइटमा राख्ने र मन्त्रालयमा पठाउने ।

छ) वार्षिक प्रतिवेदनको आधारमा कार्यक्रम कार्यान्वयनको मूल्यांकन गरी आवश्यक सिफारिसहरु गर्ने र आगामी वर्षको लागि व्यवस्थापन परिमार्जन गर्ने ।

## १०. पारदर्शिता

कार्यक्रमको पारदर्शिताको लागि विभाग र कार्यालयले देहाय बमोजिमको कार्य गर्ने छन् ।

क) स्वीकृत कार्यक्रम र सो को लागि विनियोजन गरिएको रकम विवरण विभागले सार्वजनिक गरी वेव साइटमा राख्ने ।

ख) कार्यालयले उपभोक्ता समूहसंग भएको सम्झौताको मुख्य मुख्य विवरण (कार्यक्रम स्थल, कुल लगत, कार्यालयबाट उपलब्ध हुने रकम, अवधि र उपभोक्ता समूहको संयोजकको नाम) भएकै सूची सम्झौता भए पछि सार्वजनिक गर्ने ।

ग) विभागबाट नियमित रुपमा गरिने अनुगमनको प्रतिवेदन सार्वजनिक गरी वेव साइटमा राख्ने ।

घ) कार्यालयसंग सम्झौता बमोजिम कार्यसम्पादन भएपछि कार्य सम्पन्न भएको विवरण सार्वजनिक गर्ने ।

ङ) विभागले वार्षिक प्रतिवेदन तयार गर्ने र वेव साइटमा राख्ने ।

अनुसूची १

## Rapid Disaster Assessment

**१. स्थान**

जिल्ला : गा.वि.स.: वार्ड नं :

टोल :

**२. घटना विवरण :**

२.१ संक्षिप्त विवरण : (बढीमा १० हरफ)

२.२ प्रभाव परेको

व्यक्ति : जग्गा : पूर्वाधार :

अन्य :

२.३ प्रभाव पार्न सक्ने

व्यक्ति : जग्गा : पूर्वाधार :

अन्य :

**३. संघ संस्थाको परिचालन र सहयोग क्षेत्र**

**४. स्थानीय सरोकारवालाको राय सुझाव**

**५. लागत अनुमान**

५.१ गर्नु पर्ने कामको संक्षिप्त विवरण

५.२ लागत अनुमान र सम्भाव्यता

५.३ जनसहभागिताको सम्भाव्यता

..................................... .....................................

तयार पार्ने प्रमाणित गर्ने